सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ भदौ २०८०, बिहीबार (31 Aug 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १४० ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

६० र साढे नौ केजी सुन तस्करीलाई एकै ठाउँमा राखेर अनुसन्धान हुँदै

दुवै तस्करीमा संलग्न चिनियाँ नागरिकबीच आपसी सम्बन्ध भेटिएपछि अनुसन्धानको अर्को चरणमा सिआइबी



टेकराज थामी/नयाँ पत्रिका

सात महिनाको बीचमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भएका ६० केजी र साढे नौ केजी सुन तस्करी घटनालाई प्रहरीले एकै ठाउँमा राखेर अनुसन्धान सुरु गरेको छ। दुवै घटनामा संलग्न अभियुक्त चिनियाँ नागरिक नै भएको र उनीहरूबीच आपसी सम्बन्ध पनि रहेको भेटिएपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले एकै ठाउँमा समेटेर अनुसन्धान थालेको हो।

- राहुल महरा पक्राउ
- ६० किलो सुन तस्करीमा संलग्नमध्येका मुख्य अभियुक्त दिल्लीमा पक्राउ
- सिआइबीको टोली भारत पनि जाने

■ सिआइबी प्रमुख एआइजी किरण बज्राचार्य भन्छिन्-



सिआइबी अहिले ६० केजी सुन तस्करीलाई लिएर अनुसन्धानरत छ। यसमा केही चिनियाँ नागरिक पक्राउ परेका छन्। यसअघि भएको साढे नौ केजी सुन तस्करीमा पनि चिनियाँ नै पक्राउ परेका थिए। त्यसैले दुवै घटनालाई हामीले एउटै फ्रेममा राखेर हेरिरहेका छौं। अहिले टेक्निकल पाटो अध्ययन भइरहेको छ। घटना आपसमा अन्तरसम्बन्धित छन् कि भन्ने हाम्रो अनुमान छ।

त्रिभुवन विमानस्थलबाट गत २ साउनमा ६० केजी र गत १० पुसमा साढे नौ केजी सुन तस्करी भएको थियो। ६० केजी सुन मोटरसाइकल र स्कुटरको ब्रेकसुभित्र लुकाएर भित्र्याइएको थियो भने साढे नौ केजी सुन इ-सिगरेट (विद्युतीय चुरोट)मा लुकाएर ल्याइएको थियो। सिआइबी प्रमुख एआइजी किरण बज्राचार्यले ६० केजी र साढे नौ केजी सुन तस्करी घटनालाई एकै ठाउँमा राखेर अनुसन्धान भइरहेको बताइन्।

'सिआइबी अहिले ६० केजी सुन तस्करीलाई लिएर अनुसन्धानरत छ। यसमा केही चिनियाँ नागरिक पक्राउ परेका छन्। यसअघि भएको साढे नौ केजी सुन तस्करीमा पनि चिनियाँ नै पक्राउ परेका थिए। त्यसैले दुवै घटनालाई हामीले एउटै फ्रेममा राखेर हेरिरहेका छौं। अहिले टेक्निकल पाटो अध्ययन भइरहेको छ। घटना आपसमा अन्तरसम्बन्धित छन् कि भन्ने हाम्रो अनुमान छ।'

६० केजी सुन तस्करी घटनाको अनुसन्धान सुरुमा राजस्व अनुसन्धान विभागले गरेकोमा २१ साउनयता अर्थात् २४ दिनदेखि सिआइबीले गरिरहेको छ। यो प्रकरणमा तस्करीमा संलग्न टियान मी, वेन टोङ, डियाङ से फा, ली नेङकाई, याओ पुचेङ र ली वेन सुङलाई सिआइबीले पक्राउ गरिसकेको छ। यसअघि राजस्व अनुसन्धान विभागले

» पृष्ठ ११ मा क्रमशः

■ ऊर्जा विकास मार्गचित्रको प्रस्तावित लक्ष्य

आगामी १२ वर्षमा थप साढे २३ हजार मेगावाट विद्युत् उत्पादन

विद्युत् उत्पादन सुरु गरेको ११२ वर्षमा नेपालले २८ सय ६४ मेगावाट उत्पादन गरिरहेको छ

● ऊर्जासचिव दिनेश घिमिरे भन्छन्-



सन् २०३५ सम्म विद्युत्को आन्तरिक माग १३ हजार मेगावाट हाराहारी पुग्ने अनुमान गरिएको छ। भारतले पनि १० वर्षमा १० हजार मेगावाट विद्युत् किन्ने भनेको छ। साथै, बंगलादेशमा पनि विद्युत् निर्यात गर्ने तयारी छ। त्यसलाई पुग्ने गरी विद्युत् उत्पादनको लक्ष्य राख्छौं। यो भनेको २५ हजार मेगावाटभन्दा माथिको बिन्दुमा पुग्छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

एक सय १२ वर्षमा २८ सय ६४ मेगावाट मात्र विद्युत् उत्पादन गरेको नेपालले अबको १२ वर्षमै साढे २३ हजार उत्पादन थप्ने लक्ष्य लिएको छ। विगतका लक्ष्य सफल हुन नसकिरहेका वेला सरकारले सन् २०३५ सम्म साढे २६ हजार मेगावाट हाराहारीमा विद्युत् उत्पादनको नयाँ लक्ष्य निर्धारण गर्ने तयारी गरेको हो।


» पृष्ठ ११ मा क्रमशः

कति छ उत्पादन, कति थप्नुपर्छ क्षमता ?

● कुल विद्युत्जडित क्षमता (गत असारसम्म) : **२८ सय ६४ मेगावाट** ● लक्ष्य पूरा गर्ने थप्नुपर्ने क्षमता : **२३ हजार ६३६ मेगावाट** ● निर्माणाधीन (विद्युत् प्राधिकरण, निजी क्षेत्र, लगानी बोर्डलगायतबाट) : **४ हजार ४ सय ५२ मेगावाट** ● निर्माणको तयारीमा रहेका आयोजनाहरूको क्षमता : **९ हजार ६३२ मेगावाट** ● नयाँ आयोजना तय गरेर थप्नुपर्ने विद्युत् क्षमता : **९ हजार ५५२ मेगावाट**

■ प्रतिव्यक्ति विद्युत् खपत १५ सय युनिट

सरकारको लक्ष्यअनुसार विद्युत् उत्पादन र खपत भएमा २०३५ सम्म प्रतिव्यक्ति विद्युत् खपत १५ सय मेगावाट पुग्ने अनुमान गरिएको छ। बढ्दो विद्युतीय सवारीसाधन, विद्युतीय चुलोलगायत साधनको प्रयोगले पछिल्लो समय विद्युत् खपत पनि बढ्दै छ। यसलाई हेर्दा अबको १० वर्षमा लक्ष्य भेट्ने सरकारी अनुमान छ। हाल नेपालको प्रतिव्यक्ति खपत ३८० युनिट मात्र छ।



■ आयोजना नै तोकेर लक्ष्य निर्धारण

निर्माणाधीन आयोजनाको प्रगति, सरकार र निजी क्षेत्रले अध्ययन गरेका तथा विदेशी कम्पनीले जिम्मा लिएका आयोजना नै तोकेर लक्ष्य निर्धारण गरिँदै छ। 'यसपालि पहिलाको जस्तो यति मेगावाट विद्युत् उत्पादन गर्ने भनेर मात्रै घोषणा गरिँदैन। यो-यो आयोजनाबाट यति-यति विद्युत् उत्पादन गरिनेछ भनेर लक्ष्य निर्धारण गर्छौं,' ऊर्जासचिव दिनेश घिमिरेले भने, 'कार्यान्वयन गर्न नियमन र अनुगमन पनि गर्छौं।'

यहाँबाट ल्याउन सकिन्छ नयाँ परियोजना

हालसम्म नेपालभर ७१ हजार मेगावाट क्षमताबराबरका ८८० आयोजना पहिचान भएका छन्। त्यसमा विद्युत् विकास विभाग (निजी क्षेत्र)तर्फ ३१ हजार ३९१ मेगावाट हाराहारीका ६३७ आयोजना छन्। सरकारले आफैं पहिचान गरेका १५ हजार २३४ मेगावाटका २२३ आयोजना छन्। त्यस्तै, लगानी बोर्डले ४७६२ मेगावाटका ७ आयोजना अघि बढाएको छ। विदेशी सहयोगमा पहिचान भएका १९ हजार ७८० मेगावाट क्षमताका ३ ठूला जलाशययुक्त आयोजना पनि छन्। यीमध्येबाट सरकारले नयाँ परियोजना बनाउन सक्नेछ। निर्माण भइसकेका वा हुँदै गरेका परियोजना पनि यिनैभित्रबाट हो।

यस्तो छ लगानी जुटाउने योजना

निर्माणाधीन ४ हजार ४५२ मेगावाट हाराहारीका आयोजनाले लगानी जुटाइसकेका छन्। अब निर्माणमा जाने तयारी गरेका ९ हजार ६३२ मेगावाटका आयोजना र तय गर्नुपर्ने ९ हजार ५५२ मेगावाटका आयोजना गरी कुल १९ हजार १८४ मेगावाटका आयोजनालाई भने लगानी आवश्यक पर्छ।

अहिले नेपालमा विद्युत् उत्पादनको लागत प्रतिमेगावाट २० करोड हाराहारी छ। यो हिसाबमा थप आयोजना बनाउन ३८ खर्ब ३७ अर्ब जति लाग्छ। उक्त स्रोत स्वदेश तथा विदेशबाट जुटाउने सरकारको योजना छ। बढ्दो जलवायु परिवर्तनका कारण पछिल्लो समय जलविद्युत्को महत्त्व बढ्दै गएकाले यसै मुद्दामा टेकेर अन्तर्राष्ट्रिय निकायबाट लगानी भित्र्याउने मन्त्रालयको योजना छ।

त्यस्तै, स्वदेशी बैंक, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडजस्ता ठूला वित्तीय कारोबार गर्ने संस्थाबाट लगानी जुटाउने प्रस्ताव पनि गरिएको छ। बिमा कम्पनीलाई समेत जलविद्युत्मा लगानी गर्न प्रोत्साहन गर्ने नीति मन्त्रालयले बनाउन लागेको छ। हाल बिमा कम्पनीहरूले आफूसँग भएको खर्बौं रुपैयाँ मुद्दती निक्षेपमा राख्दै आएका छन्। अब भने तिनीहरूलाई जलविद्युत्मा लगानी गर्ने गरी प्रोत्साहन गरिने मन्त्रालयको तयारी छ।

■ नेपाल र पाकिस्तानबीचको खेल हेर्न दिउँसो २ बजे नै विद्यालय बिदा



जनकपुरधाममा रामचोकमा स्क्रिनबाट नेपाल र पाकिस्तानबीच खेल हेर्दै दर्शक

जनकपुरधाममा **हदिश खुद्दार**

एसिया कपको नेपाल र पाकिस्तानबीचको खेलका लागि धनुषाको जनकपुरधाम उपमहानगरपालिकाले बुधबार दिउँसो २ बजे नै विद्यालयमा बिदा दियो। सामुदायिक विद्यालयका शिक्षक, संस्थागत विद्यालयका संगठनहरू प्याब्सन, एनप्याब्सनसहितको बैठकले यस्तो निर्णय गरेको हो। नेपाली क्रिकेट खेलाडीको हौसला बढाउन तथा खेलप्रति विद्यार्थीको भावना जागृत गराउने उद्देश्यले विद्यालयमा चाँडै बिदा दिइएको मेयर मनोजकुमार साहले बताए। उनले नेपाल पहिलोपटक यति ठूलो अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी हुनु गौरवको विषय रहेको बताए। 'विद्यार्थीमा पनि खेलकुदप्रति रुचि बढोस् भन्ने उद्देश्यले २ बजेपछि विद्यालय बन्द गर्ने निर्णय गरिएको हो,' उनले भने। सामान्यतः विद्यालयमा दिउँसो ४ बजे बिदा हुन्छ। जनकपुरधाम उपमहानगरपालिकामा ५२ सामुदायिक र करिब एक सय संस्थागत विद्यालय छन्। क्रिकेटप्रेमीले जनकपुरधामका विभिन्न चोकमा प्रोजेक्टर राखेर ठूलो स्क्रिनमा नेपाल र पाकिस्तानबीचको म्याचको प्रत्यक्ष प्रसारण हेरेका थिए। गिरिजा सिनेमा हल, रामजानकी सिनेमा हलले पनि खेलको प्रत्यक्ष प्रसारण गरेका थिए।

डेढ वर्ष नबित्दै सप्तरीका चार पालिका प्रमुख भ्रष्टाचार मुद्दामा निलम्बित

बोदेबर्साइन नगरपालिकाले सुरु नै नभएको आयोजनाको स्थलगत अनुगमनदेखि कार्यसम्पन्न प्रतिवेदनसम्मको बिल भुक्तानी गर्‍यो



आतेशकुमार सिंह बोदेबर्साइन नगरपालिका | **जितेन्द्रप्रसाद गुप्ता** शम्भुनाथ नगरपालिका | **भीमराज यादव** राजविराज नगरपालिका | **उमेशप्रसाद यादव** विष्णुपुर गाउँपालिका

काठमाडौंमा **सुवास भट्ट**
सप्तरीमा **सौरभ यादव**

निर्वाचित भएको डेढ वर्ष नपुग्दै सप्तरीका चार नगरपालिकाका मेयर भ्रष्टाचार मुद्दामा मुछिएर निलम्बित भएका छन्। पछिल्लोपटक बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बोदेबर्साइन नगरपालिकाका मेयर आतेशकुमार सिंह, निमित्त प्रमुख प्रशासकीय अधिकृत घनश्याम यादव, पशु विकास अधिकृत (अधिकृत छैटौं) अर्जुनप्रसाद यादव र कृषि समूहका सदस्यसहित आठजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। उनीहरूले सुरु नै नभएको आयोजनाको स्थलगत अनुगमनदेखि कार्यसम्पन्न प्रतिवेदन बनाएर नगरपालिकाबाट झुटा बिलका आधारमा १४ लाख ७२ हजार रुपैयाँ भुक्तानी दिलाएका थिए।

यसअघि नै सप्तरीको शम्भुनाथ नगरपालिकाका मेयर जितेन्द्रप्रसाद गुप्ता, विष्णुपुर गाउँपालिका अध्यक्ष उमेशप्रसाद यादव र राजविराज नगरपालिकाका मेयर भीमराज यादवविरुद्ध अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको थियो। भीमराजलाई त विशेषले दोषी नै ठहर गरिसकेको छ। स्थानीय रंगशाला स्तरोन्नति ठेक्कामा उनले भ्रष्टाचार गरेको विशेषको ठहर छ।

बोदेबर्साइन नगरपालिकाले आर्थिक वर्ष ०७७/७८ मा सञ्चालन गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत वडा नम्बर ६ मा बाख्रा व्यवसायी पकेट कार्यक्रमअन्तर्गत काम गरेको देखाएर अनियमितता गरेको हो। 'फिल्ड'मा कामै नगरी कागजमा कार्यसम्पन्न भएको गलत प्रतिवेदनका आधारमा रकम भुक्तानी भएको देखिएको छ।

अनियमितातामा नगरपालिकाका पशु विकास अधिकृत अर्जुनप्रसादको प्रमुख भूमिका देखिएको छ। कार्यक्रम संयोजकको जिम्मेवारीमा समेत रहेका उनले लागत अनुमान तयार गरी सम्झौता गर्ने काम गरेका थिए। कार्यक्रम नै सञ्चालन नभएको थाहा हुँदाहुँदै स्थलगत अनुगमन र योजनाको स्थिति राम्रो रहेको भनी गलत प्रतिवेदन उनले पेस गरेको देखिएको छ।

कार्यक्रम सम्पन्न भएको भनी टिप्पणी आदेश तयार एवं निर्णयार्थ पेस गरी झुटा बिलभर्पाई बनाएर भुक्तानी दिनेसम्मका कार्य उनले गरेको आरोप अख्तियारको छ। गैरकानुनी तवरले १४ लाख ७१ हजार नौ सय २१ रुपैयाँ भुक्तानी दिएका उनलाई त्यति नै बिगो कायम गरी मुद्दा दायर गरिएको छ।



व्यापारीको ३४ तोला सुन जफत गरेर १८ लाख घुस पनि खाने तत्कालीन डिएसपी ठगबहादुर केसीविरुद्ध मुद्दा दायर

भ्रष्टाचारमा संलग्न भएको आरोपमा अख्तियारले नगरपालिकाका नगर प्रमुख आतेशकुमार सिंह, वडा नम्बर ४ का तत्कालीन वडाध्यक्ष रामानन्द चौधरी, तत्कालीन नगर कार्यपालिका सदस्य श्रीप्रसाद भगतसमेतलाई अख्तियारले प्रतिवादी बनाएको छ। कृषक समूहले सम्झौता गरी कार्यादेशसमेत लिएको बाख्रा व्यवसायी पकेट कार्यक्रमको स्थलगत अनुगमन गरी योजनाको स्थिति राम्रो रहेको भनी गलत प्रतिवेदन पेस गरेको र त्यसैका आधारमा नगरपालिकाले भुक्तानी दिएको थियो। यस कार्यमा संलग्न रहेका उनीहरूविरुद्ध पनि अख्तियारले १४ लाख ७१ हजार नौ सय २१ रुपैयाँ नै बिगो कायम गरेको छ।

नगरपालिकासँग सम्झौता गरी कुनै पनि कार्यक्रम नै नगरेको र गैरकानुनी लाभ पुऱ्याउने बदनियतले झुटा बिलभर्पाई एवं कागजात तयार गरी कार्यक्रम सम्पन्न भएको गलत प्रतिवेदन पेस गरी भुक्तानी लिएको आरोपमा जगदम्बा कृषक समूहका अध्यक्ष राधेश्यामकुमार साह र कोषाध्यक्ष नीलमकुमारी शर्माविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ।

» पृष्ठ ११ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



■ सुरु भयो एमसिसी परियोजना
२९ अगस्ट ०२८
भित्र निर्माण सक्नुपर्ने



अर्थमन्त्री डा. प्रकाशशरण महत र एमसिसीका कम्प्याक्ट सञ्चालनसम्बन्धी उपाध्यक्ष क्यामरोन अल्फोर्डबीच 'एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश'सम्बन्धी पत्र आदान-प्रदान, झन्डै ७० करोड डलरको परियोजनाको 'काउन्टडाउन' सुरु

(विस्तृत पृष्ठ ९)

डेढ वर्षमा सक्नुपर्ने सवा पाँच करोडको मुख्यमन्त्री सभाहल

तीन वर्षमा फलामे पिलर मात्रै निर्माण

साढे ४७ लाख सकियो, हेटौंडा उपमहानगरले जग्गा नदिने भनेपछि थप अन्योल

हेटौंडामा **पोष्टराज अधिकारी**

डेढ वर्षमा सक्ने लक्ष्यसहित पाँच करोड २६ लाखमा ठेक्का लागेको बागमती प्रदेश मुख्यमन्त्री सभाहल तीन वर्षमा पनि पिलर मात्रै ठडिएको छ। हालसम्म ४७ लाख खर्चसमेत भइसकेको उक्त सभाहलका लागि हेटौंडा उपमहानगरपालिकाले अब जग्गा नदिने भनेपछि थप अन्योलमा परेको छ।

१९ वैशाख ०७९ सम्पन्न गर्ने गरी प्रदेशको सहरी विकास तथा भवन कार्यालयले संरक्षण निर्माण सेवा/सेव

» पृष्ठ ११ मा क्रमशः



■ सभाहल बनाउन दिएको जग्गामा हेटौंडा उपमहानगरले अब आफ्नै भवन बनाउने

मुख्यमन्त्री सभाहल निर्माणका लागि दिइएको ११ कट्ठा जग्गामा अब उपमहानगरले आफ्नै भवन बनाउने भएको छ। उपमहानगरको महाशाखाका लागि भवन र पार्किङ निर्माण गरिने उपमहानगरका प्रवक्ता एवं वडा नम्बर १ का वडाध्यक्ष सविन न्यौपानेले बताए। 'सभाहल निर्माणको काम तीन वर्षदेखि अलपत्र छ। यता उपमहानगरको कार्यालयपरिसरमा पार्किङको समस्या हुन थालेको छ। उपमहानगरपालिकाका लागि अन्य भौतिक निर्माण कार्य पनि गर्नुपर्ने देखिएको छ। अब हामी सभाहल निर्माणका लागि जग्गा दिन नसक्ने निर्णयमा पुगेका छौं,' उनले भने।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

वडाध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाउने निर्णय कार्यान्वयन नगर्न सर्वोच्चको आदेश



काठमाडौं / काठमाडौं महानगरले सामुदायिक विद्यालयका तत्कालीन व्यवस्थापन समिति खारेज र वडाध्यक्षलाई समितिको अध्यक्ष बनाउने गरी गरेको निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले आदेश दिएको छ। समितिको अध्यक्षमा वडाध्यक्षलाई राख्ने गरी भएको शिक्षा ऐन संशोधन तत्काल कार्यान्वयन नगर्न बुधबार अदालतले अन्तरिम आदेश जारी गरेको हो।

हितकविर सिंह कंसाकारसमेतले दायर गरेको रिटमाथि संवैधानिक इजलासले यस्तो आदेश जारी गरेको हो। प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ नेतृत्वको इजलासबाट काठमाडौं महानगरसमेतका नाममा यस्तो आदेश भएको हो। बुधबार बसेको संवैधानिक इजलासले विपक्षीका नाममा कारण देखाउ आदेशसमेत जारी गरेको छ। प्रधानन्यायाधीश श्रेष्ठका साथै न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, प्रकाशमान सिंह राउत र सपना प्रधान मल्लको इजलासले ६ भदौमा दायर रिटमाथि अन्तरिम आदेश जारी गर्नुका साथै लिखित जवाफसमेत मागेको छ। रिटमा काठमाडौं महानगरपालिका, महानगरपालिकाको नगरसभा, महानगर नगरकार्यपालिका, महानगर मेयर बालेन्द्र शाह र काठमाडौं महानगर नगरकार्यपालिकाको कार्यालय शिक्षा विभागलाई विपक्षी बनाइएको थियो।

३० असारमा बसेको नगरसभाले महानगरभित्रका ८९ वटा सामुदायिक विद्यालय व्यवस्थापन समिति विघटन गर्ने निर्णय गरेको थियो। वडाध्यक्षहरूले आफूहरूलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाउन माग राखेपछि नगरसभाले उक्त प्रस्तावलाई पारित गरेको थियो। जुन स्थानीय राजपत्रमा समेत प्रकाशित भइसकेको छ। विद्यालय शिक्षा व्यवस्थापन नियमावली, ०७४ को परिच्छेद ५ को दफा २७ मा विद्यालयमा विद्यालय व्यवस्थापन समितिको व्यवस्था छ भने दफा २७ (क)मा विद्यालयका अभिभावक र स्थानीय शिक्षाविद् र शिक्षाप्रेमीमध्येबाट चुनिएका एकजना अध्यक्ष हुने व्यवस्था छ। सम्बन्धित वडाका वडाध्यक्ष वा वडाध्यक्षले तोकेको व्यक्ति व्यवस्थापन समितिको सदस्य हुने कानुनी व्यवस्था थियो। तर, महानगरले काठमाडौं महानगरपालिका शिक्षा ऐन, ०७५ लाई संशोधन गर्न बनेको शिक्षा ऐन, ०८० जारी गर्दै सम्बन्धित वडाध्यक्ष वा निजले तोकेको वडासदस्य अध्यक्ष रहने व्यवस्था गरेको थियो।

शिव शिखर सहकारी ठगीका नाइके केदारनाथ शर्मा जेल चलान

नयाँ पत्रिका

शिव शिखर सहकारीको संगठित ठगीका नाइके केदारनाथ शर्मा जेल चलान भएका छन्। जिल्ला अदालत, काठमाडौंले उनलाई बुधबार पुर्पक्षका लागि कारागार चलान गरेको हो।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सिआइबी)को अनुसन्धानका आधारमा जिल्ला सरकारी वकिल कार्यालयले उनीविरुद्ध संगठित सहकारी ठगीसम्बन्धी मुद्दा दायर गरेको थियो। जसमा उनी थुनामा गएको र पक्राउ परेका अन्य तीनजनालाई धरौटीमा छाड्ने आदेश भएको सिआइबीका प्रवक्ता एसपी नवराज अधिकारीले बताए।

उनीसँगै पक्राउ परेकी कीर्तिपुर शाखाका प्रमुख रसना शाक्यसँग १० लाख तथा लेखा समितिको सदस्य रहेका रमेश खाइजू र शिवप्रसाद पौड्यालसँग सात-सात लाख धरौटी रकम माग भएको छ। उनीहरूमध्ये रसना धरौटी बुझाएर छुटेकी छिन् भने अन्य दुई जेल चलान भएका छन्। उनीहरुलाई अन्य जिल्लामा पनि मुद्दा चलाउने प्रहरी तयारी छ।

काठमाडौं शाखाका सेयर सदस्यको उजुरीका आधारमा उनीहरूविरुद्ध मुद्दा दायर भएको हो। काठमाडौंका विभिन्न शाखामा सो सहकारीमा २१ हजार तीन सय ६९ हजार रुपैयाँ बचत देखिएको थियो। तर, प्रहरीमा एक हजार एक सय ४५ जनाले ७८ करोड १९ लाख ६३ हजार रुपैयाँबराबरको जाहेरी दिएका थिए। ७८ करोडकै बिगोको कायम गरी मुद्दा दायर भएको थियो।

जेलमा रहेकी केदारनाथकी श्रीमती गीता शर्मा, संस्थाका कार्यकारी निर्देशक अमिश राजभण्डारी र शिखर अर्गनाइजेनसका मेनेजर पुष्कर मल्ल यसअघि नै जेल परेका छन्। भक्तपुरको मुद्दामा उनीहरू पक्राउ परेकोमा जेल चलान भएका थिए। काठमाडौंमा पनि उनीहरूलाई प्रतिवादी बनाइएको छ।

१२ जना अझै फरार

१९ जनालाई प्रतिवादी बनाइएकोमा १२ जना फरार छन्। जसमा सुशील बानियाँ, तेजबहादुर तामाङ, राजु शाखकर्मी, दीपकबहादुर ऐर, लीलानाथ गौतम, भोजराज पौडेल, सुदर्शन कपाली, प्रदीप भट्टराई, त्रिचन्द्र सुवेदी, कुमार श्रेष्ठ, शमिना श्रेष्ठ र बालमुकुन्द कपाली छन्। बाँके स्थायी घर भएका शर्माले सहकारीका पैसा निजी कम्पनीमा लगानी गरी सहकारी संस्था डुबाएका हुन्। शर्मालाई सिआइबीले गत १२ असारमा भारतको मुम्बईबाट पक्राउ गरी नेपाल ल्याएको थियो।





केदारनाथ शर्मा

■ भक्तपुरमा २७ हजार, ललितपुरमा ६ हजार पीडित

सहकारीको ललितपुर शाखाका सेयर सदस्य रहेका ६ हजार एक सय २३ सर्वसाधारण ठगिएका छन्। उनीहरूको ४९ करोड तीन लाख ७८ हजार रुपैयाँ संस्थामा बचत छ। काठमाडौंको मुद्दा सकिएपछि अब ललितपुरका सेयर सदस्यहरूको जाहेरी लिई जिल्ला अदालत भक्तपुरमा मुद्दा दायर गर्ने सिआइबीको तयारी छ।

भक्तपुरमा सो सहकारीका २७ हजार दुई सय ५३ सेयर सदस्य थिए। उनीहरूको एक अर्ब ७१ करोड २८ लाख रकम डुबेको छ। देशभरि एक लाख ६८ हजार सात सय २५ सदस्य देखिएको र उनीहरूको नौ अर्ब ४९ करोड ७२ लाख २० हजार पाँच सय ६० रुपैयाँ सहकारीमा बचत देखिएको छ।

शर्माका विभिन्न कम्पनीको नाममा सम्पत्ति रहेको र त्यसलाई रोक्का राखेको सिआइबीले जनाएको छ। उपत्यकाका शाखाको हकमा सिआइबी र उपत्यकाबाहिरको सम्बन्धित जिल्ला प्रहरी कार्यालयले अनुसन्धान गरिरहेको छ।

०७० मा स्थापना भएको सहकारीले अन्य सहकारीभन्दा धेरै ब्याज दिएर निक्षेप संकलन सुरु गरेको थियो। पैसा संकलनसँगै कृषिसम्बन्धी व्यवसायमा लगानी गर्दै गयो। देशभरि शाखा पनि विस्तार गर्दै गयो। मार्टदेखि जग्गा कारोबारसम्म लगानी गरेको पाइएको छ।

शिखरदीप सहकारीलाई समेत मर्ज गरेपछि संस्था अझै ठूलो भयो। जब कोभिड महामारी सुरु भयो, त्यसपछि सहकारीमा समस्या आउन सुरु भएको हो। लगानी गरेको ठाउँबाट ब्याज त आएन नै, साँबा पनि फिर्ता भएन। सहकारीमा एकैपटक पैसा निकाल्ने बढ्न थाले। फिर्ता दिने पैसा नभएपछि सहकारीमै ताला लागेको हो। पूर्वअध्यक्ष शर्मा भारत भागेका थिए।

उपत्यकाको हकमा सिआइबीले अनुसन्धान गरेकोमा अन्य जिल्लामा सम्बन्धित जिल्ला प्रहरी कार्यालयले अनुसन्धान गरिरहेको छ। सो सहकारीले ३६ वटा शाखा कार्यालयबाट करिब १४ अर्ब रुपैयाँ ठगी गरेको सिआइबी निष्कर्ष छ।

बुधबार उपत्यकामा

भक्तपुर : सामाजिक सञ्जाल फेसबुकमा नक्कली आइडी बनाई अश्लील फोटो तथा भिडियो राखी चरित्रहत्या गरेको अभियोगमा भक्तपुर नपा- १४ का २५ वर्षीय सुशन चौगुठीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीका अनुसार उनले फेसबुकमार्फत युवतीसँग प्रेमको नाटक गरी विभिन्न बहानामा खिचिएका अश्लील फोटो तथा भिडियो फेसबुकमार्फत आफन्तलाई पठाउँदै आएका थिए। चौगुठीलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनलाई विद्युतीय कारोबार ऐन, ०६३ बमोजिमको कसुरमा आवश्यक अनुसन्धान एवं कारबाहीका लागि नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्युरो भोटाहिटी पठाइएको छ।

बुढानीलकण्ठ : बुढानीलकण्ठ नपा- ८ रूद्रमती डेरा गरी बस्ने बाँके नेपालगन्ज उमनपा- १३ का २६ वर्षीय विशाल बुढाथोकीलाई अवैध लागुऔषध ब्राउनसुगरसहित प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरी प्रभाग कपनबाट खटिएको प्रहरीले उनलाई अवैध लागुऔषध ब्राउनसुगर एक ग्रामसहित बुढानीलकण्ठ नगरपालिका- १० कपन बालुवाखानी मैनाली पुलनजिकबाट पक्राउ गरेको थियो। थप अनुसन्धानको क्रममा उनको कोठाबाट थप १२ ग्राम पाँच मिलिग्राम लागुऔषध फेला परेको हो।

तारकेश्वर : तारकेश्वर नगरपालिका- २ काभ्रेस्थली बस्ने धादिङ नेत्रावती गापा- ५ घर भएका ४४ वर्षीय लोकबहादुर तामाङको करेन्ट लागेर मृत्यु भएको छ। आफ्नै कोठामा विद्युतीय प्लगमा तार जोड्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको ग्रिनसिटी अस्पताल वसुन्धरामा उपचारको क्रममा मृत्यु भएको हो।

बेरुजु फर्स्यौट गर्न महानगरको निर्देशन

काठमाडौं / काठमाडौं महानगरपालिकाअन्तर्गत लेखा समितिले मातहतका विभाग र वडालाई बेरुजु फर्स्यौट गर्न निर्देशन दिएको छ। अन्तिम लेखापरीक्षण प्रतिवेदनले देखाएको आर्थिक वर्ष ०७३/७४ देखि ०७८/७९ सम्मको बेरुजु फर्स्यौट गर्न समितिले निर्देशन दिएको हो।

पछिल्लो पाँच वर्षमा अन्तिम औंल्याइएको बेरुजुमध्ये चार अर्ब ६ करोड ४२ लाख आठ हजार फर्स्यौट हुन बाँकी छ। समितिका संयोजक गायत्री पुडासैनीको अध्यक्षतामा ६ भदौमा बसेको बैठकले विभाग, एकाइ, सचिवालय, वडा, कर्मचारी तथा बेरुजुसम्बद्ध व्यक्ति तथा संस्थालाई फर्स्यौट गर्न गराउन निर्देशन दिने निर्णय गरेको थियो। 'सबैभन्दा धेरै राजस्वतर्फ बेरुजु छ। यसमध्ये पनि असुलउपर गर्नुपर्ने प्रकृतिको बेरुजु धेरै छ। सम्बन्धित व्यक्ति तथा संस्थाबाट बेरुजु रकम असुलउपर गराउन पत्र पठाएका छौं,' समितिका सदस्यसचिव यादव घिमिरेले भने। करारीय आयतर्फ विभिन्न नौवटा आयोजनाबाट सम्पत्ति कर, सटर तथा भाडा बाँकी, भवनको नक्सापासअनुसारको दस्तुर, सम्झौताअनुसारको रकम असुल गर्नुपर्ने बेरुजु औंल्याएको छ। यो रकम ५९ करोड ८७ लाख ६६ हजार ६ सय ४९ रुपैयाँ छ।

समितिले यो रकम असुलउपर गराउन सार्वजनिक निजी साझेदारी एकाइ र राजस्व विभागलाई निर्देशन दिएको छ। असुल गर्नुपर्ने रकममा ल्होत्से बहुउद्देश्यीय प्रालिको सम्झौताबमोजिम असुल गर्नुपर्ने १० करोड ९६ लाख ९१ हजार एक सय ४८ रुपैयाँ, सम्पत्ति कर सात करोड ७१ लाख २७ हजार एक सय ६६ रुपैयाँ, नक्सापास गर्दा असुल नभएको दुई करोड ७७ लाख ७५ हजार सात सय २५ छ।

बोलपत्र आह्वानको सूचना

नेपाल सरकार

मानसिक अस्पताल, लगनखेल, ललितपुर।

सिलबन्दी बोलपत्र आह्वानको सूचना नं. MH/NCB/Shutter/080/81/01

प्रथम पटक सूचना प्रकाशन मितिः २०८० भाद्र १४ गते

१. **सटर भाडामा लिन** सम्बन्धित निकायमा दर्ता भएका व्यवसायीहरुबाट **२०८०** साल **कार्तिक १ गते** देखि **२०८३** असोज मसान्त सम्म ३ वर्षका लागि **मानसिक अस्पताल** बोलपत्र आहवान गर्दछ।

२. भाडा लाउने सटर एवं भवन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ।

३. बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयबाट संचालित विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np मार्फत मात्रै बोलपत्र सम्बन्धी कागजात डाउनलोड गर्न तथा बोलपत्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्नु पूर्व बोलपत्र सम्बन्धी कागजात खरिद गर्न देहायको बैंक खातामा तोकिएको बोलपत्र सम्बन्धी कागजातको दस्तुर रकम जम्मा गरी सो को भौचर समेत बोलपत्र संगै विद्युतीय खरिद प्रणालीमा अपलोड गर्नुपर्नेछ।

कार्यालयको नाम : मानसिक अस्पताल, लगनखेल, ललितपुर
कार्यालयको कोड नं : ३७०००३४०२
राजस्व शिर्षक नं : १४२२९
खाता नं : ००१०१०००००००१००१००१
बैंकको नाम : नेपाल बैंक लिमिटेड, गाबाहल शाखा, ललितपुर

बोलपत्र सम्बन्धी कागजातको दस्तुर : रु ३००० (अक्षरमा रु तीन हजार मात्र)

४. बोलपत्र पेश गर्नु पूर्व बोलपत्रदाताहरुको बैठक **मिति २०८० भदौ २४ गते १:०० बजे. मानसिक अस्पताल, लगनखेल, ललितपुरमा** राखिएको हुनाले सबै सम्भावित बोलपत्रदाताहरुले उक्त मिति अगावै बोलपत्र सम्बन्धी कागजात खरिद गर्न उपयुक्त हुने कुरा जानकारी गराइन्छ।

५. बोलपत्रको मान्य अवधि बोलपत्र खोलिएको मितिदेखि ९० दिन को हुनेछ।

६. बोलपत्र पेश गर्दा बोलपत्र साथ कवोल अंकको २.५% (साढे दुई प्रतिशत) बराबरको रकमको बोलपत्र सुरक्षण धरौटी पेश गर्नुपर्नेछ। सोको लागि बोलपत्र खोलिने मितिदेखि गणना हुनेगरी कम्तिमा १२० दिन मान्य रहने गरी नेपाल राष्ट्र बैंकबाट "क" वर्गका इजाजत प्राप्त वाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत वा यस कार्यालयको **नेपाल बैंक लिमिटेड, गाबाहल शाखा, ललितपुरमा** रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको एकल धरौटी खाता हि नं. **०१८०१०००००२००३०००००१** मा नगद जम्मा गरेको सक्कल बैंक भौचर बोलपत्रसाथ संलग्न गर्नुपर्ने छ।

७. बोलपत्र पेश गर्ने अन्तिम समयसीमा **मिति २०८० भदौ २९ गते १२:०० बजेसम्म** अनलाईन दाखिला भएका बोलपत्रहरु **मिति २०८० भदौ २९** गते बोलपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा मानसिक अस्पताल, लगनखेलमा अपरान्ह १:०० बजे खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। पूर्व निर्धारित मितिमा कारणवस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतका मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखिनै गरिनेछ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्न अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ। साथै प्रणालीमा समस्या भई सार्वजनिक खरिद अनुगमन कार्यालयबाट बोलपत्र पेश गर्ने म्याद थप भएमा नयाँ कायम गरिएको मितिमै बोलपत्र खोलिनेछ। साथै बोलपत्र जमानताको मान्य अवधि बोलपत्र कागजातमा उल्लेख भए अनुसार नै हुनेछ।

९. बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएमा बोलपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ।

१०. म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

११. एक फर्म, संस्था वा कम्पनीका नाममा खरिद गरिएको बोलपत्र अको फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।

१२. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस **मानसिक अस्पताल** मा सुरक्षित रहनेछ।

१३. सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सञ्चालित विद्युतीय खरिद प्रणाली मार्फत यो बोलपत्र आव्हान हुने भएकोले प्रणाली प्रयोग सम्बन्धी व्यवस्था विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलति ऐन, कानून बमोजिम हुनेछ।

१४. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा बोलपत्र सम्बन्धी कागजात हेर्न सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सञ्चालित विद्युतीय खरिद प्रणालीको पोर्टल www.bolpatra.gov.np मा पनि हेर्न सकिने छ।

■ जनैपूर्णिमा र गाईजात्रा पर्वको पूर्वतयारी



जनैपूर्णिमा र गाईजात्रा पर्वका अवसरमा काठमाडौंको असनमा बिक्रीका लागि राखिएका सामग्री। काठमाडौं उपत्यकामा जनैपूर्णिमा र गाईजात्रालाई विशेष पर्वका रूपमा मनाउने गरिन्छ। तस्बिर : रासस

द्रुत बस सेवा : घोषणा त भयो, तर लेन मार्किङसमेत भएको छैन

नयाँ पत्रिका

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले १ असोजदेखि सञ्चालन गर्न लागेको 'बस र्‍यापिड ट्रान्जिट' (बिआरटी-द्रुत बस) निर्धारित समयमा सञ्चालन हुने सम्भावना कम देखिएको छ। सडक विभाग, यातायात व्यवस्था विभाग र ट्राफिक प्रहरीले हालसम्म द्रुत बस सेवा सञ्चालन गर्ने डेडिकेटेड लेन र अन्य पूर्वाधारमाथि काम सुरु नै नगर्दा समयमै उक्त बस सेवा सञ्चालन नहुने अवस्थामा पुगेको हो।

बस सञ्चालनको २० दिन मात्रै बाँकी रहँदा कुन बसलाई द्रुत सेवामा सञ्चालन गर्ने, लेन मार्किङ, बस स्टप, ट्राफिक लाइट, सञ्चालनको समयसीमा, रुट व्यवस्थापन, समयतालिका, भाडादर निर्धारण, ट्राफिकसँग समन्वय गर्ने, सर्वसाधारणलाई सूचनालगायत काम नै सुरु भएको छैन। ४ साउनमा बसेको भौतिकमन्त्रीस्तरीय बैठकले १ असोजदेखि द्रुत बस सेवा सञ्चालन गर्ने निर्णय गरेको थियो। यसका लागि यातायात व्यवस्था विभाग, सडक विभाग, ट्राफिक प्रहरीलगायतलाई कार्य विभाजन गरिएको थियो। जिम्मेवारीअनुसार विभागले डेडिकेटेड लेनमा मार्किङ गर्ने, ट्राफिक लाइट राख्ने, चिह्नहरू राख्ने, डिभाइडरको व्यवस्था गर्नेलगायत काम बाँकी छन्। पहिलो चरणमा सरकारले भक्तपुरको सूर्यविनायक-रत्नपार्क सडकखण्डमा एक लेनमा यो बस गुड्न सक्ने गरी लेन मार्किङ गर्न सडक विभागलाई जिम्मा दिएको थियो। तर, विभागले हालसम्म करिब आठ किमि सडकखण्डमा लेन मार्किङलगायत पूर्वाधार तयारीसम्बन्धी काम थालनी नै गरेको छैन। द्रुत बस सेवा सञ्चालनका लागि समयसीमा तोक्ने, भाडादर तोक्ने, बस कम्पनीसँग सम्झौता गर्ने, स्टप तोक्नेलगायत कार्य यातायात व्यवस्था विभागको भए पनि विभागको काम पनि शून्य अवस्थामा छ। यस्तै, द्रुत बस सेवाबारे जानकारी दिने मोबाइल एपसमेत निर्माण भएको छैन।

यातायातविज्ञ आशिष गजुरेलका अनुसार १ असोजदेखि सञ्चालनको घोषणा भए पनि तयारी भने भिनो छ। 'यस्तो बस सेवा सञ्चालन चानचुने विषय होइन, यसमा धेरै गृहकार्य चाहिन्छ, तर हामीकहाँ गृहकार्य भएकै छैन,' उनले भने।

बिआरटीअन्तर्गतका बसले ट्राफिक लाइट वा ट्राफिक प्रहरीले रोकेको जाममा रोकिनुपर्दैन। फरक लेनबाट सीमित यात्रु बोकेर बस हुइँकिन्छ। छुट्टै लेन, नियम, टाइम कार्ड, रुटअनुसार चल्ने सुधारिएको बस सेवालाई बिआरटी बस सेवा भनिएको हो। उपत्यकाको ट्राफिक जाम कम गर्न, स्टेसनहरूमा धेरै समय नरोकी यात्रुहरूलाई गन्तव्यमा छिटो पुऱ्याउन र सार्वजनिक यातायातप्रति सर्वसाधारणको आकर्षण बढाउन बिआरटी बस सेवा सञ्चालन गर्न लागिएको भए पनि सञ्चालनका लागि गृहकार्य नगर्दा समयमै यस्तो बस सेवा सञ्चालन नहुने देखिएको छ।

■ जिम्मेवार निकायको बेवास्ता

द्रुत बस सेवा सञ्चालनका लागि यातायात व्यवस्था विभागले कार्ययोजना (एक्सन प्लान) तयार पारी २४ असारमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई बुझाएको थियो। त्यससँगै ४ साउनमा थप छलफल गर्न बसेको बैठकले द्रुत बस सेवा सञ्चालन गर्ने निर्णय गर्दै आवश्यक तयारी गर्न मातहतका निकायलाई कार्य विभाजनसमेत गरेको थियो। तर, मन्त्रीले नै तोकेको कार्य विभाजनमा सम्बन्धित निकायहरू जिम्मेवार देखिँदैनन्। सो बैठकले तत्कालका लागि यो बससेवा अत्यधिक जामको समय बिहान ९ देखि ११ र साँझ ४ देखि ६ बजेसम्म सञ्चालन गरिने निर्णय पनि गरेको थियो। कार्ययोजनाअनुसार सुरुमा सूर्यविनायक-रत्नपार्क रुटमा २५ वटा बस बिआरटीअन्तर्गत सञ्चालन गरिनेबारे मन्त्रीस्तरीय बैठकले निर्णय गरेको थियो। यी बसले बढी भाडा लिन पाउनेछैनन् भने यात्रुहरूले तोकिएका स्टपमा मात्रै बस चढ्न र ओर्लन पाउँछन्। तर, कुन कुन बसलाई यो मापदण्डअनुसार सञ्चालन गर्ने भन्नेबारे निर्क्योल हुन मेत बाँकी नै छ।

यातायात व्यवस्था विभागका सूचना अधिकारी ईश्वरीदत्त पनेरूले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले १ असोजदेखि बिआरटी बस सञ्चालन गर्ने भने पनि तयारी सुरु नभएको स्विकारे। 'हामीले बस कम्पनीहरूलाई बिआरटीको मापदण्डअनुसार सञ्चालन गर्न मौखिक सहमति गरिसकेका छौं, तर सडक विभागले सडक संरचना तयार पारेको छैन,' उनले भने, 'लेन मार्किङ, चिह्न र डेडिकेटेड लेनबारे विभागले काम गरेन।' सडक विभागले यी काम सके १ असोजदेखि बिआरटी बस सञ्चालन गर्न सकिने उनको दाबी छ। तर, सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले वर्षायाम भएकाले लेन मार्किङलगायत काम गर्न कठिन भएको जानकारी दिए। उनले तोकिएको समयमा बिआरटी बस सञ्चालन हुने दाबी गर्दै अझै धेरै समय बाँकी रहेको बताए।

■ संसदीय समितिका प्राथमिकता

गुनासो सुनुवाइ, निगरानीदेखि अत्यावश्यक कानुन निर्माणसम्म

कमलराज भट्ट/नयाँ पत्रिका

संसदीय समितिले पूर्णता पाएसँगै प्राथमिक विषयसहितको कार्ययोजनामा तयारी थालिएको छ। ४ मंसिरको चुनावबाट आएको प्रतिनिधिसभाका दशवटै समितिले सोमबार सभापति पाएपछि गुनासो सुनुवाइ, निगरानीदेखि कानुन निर्माणसम्म केन्द्रित हुने कार्ययोजना बनाएका छन्। सभामुख देवराज घिमिरेको नवनिर्वाचित सभापतिलाई कानुन निर्माणमा जनसरोकारलाई सम्बोधन गर्न सुझाव छ।

प्रतिनिधिसभाको कार्यकाल सकिएपछि अघिल्लो असोजदेखि निष्क्रिय विषयगत समितिले करिब एक वर्षपछि पूर्णता पाएका हुन्। लगत्तै नवनिर्वाचित सभापतिहरूले अब कार्ययोजनासहित काम थाल्ने तयारी गरेका छन्। यद्यपि, १५ असोजमा गठन भए पनि २ जेठदेखि प्रतिनिधिसभाका १० वटा समिति ज्येष्ठ सदस्यको भरमा कामचलाउ रूपमा चलिरहेका थिए।

नयाँ सभापति आएसँगै समितिका सचिवालयले आगामी कार्ययोजनाको मस्यौदा तयार पार्दै गर्दा थाती रहेका विधेयकमाथि दफावार छलफल गरी संशोधनसहितको प्रतिवेदन बुझाउने विषयलाई प्राथमिकता दिएका छन्। सचिवालयका अनुसार प्रतिनिधिसभाका समितिमा १४ वटा विधेयक विचाराधीन छन्। तीमध्ये राष्ट्रिय सभाबाट पारित भएर आएका १० वटा र प्रतिनिधिसभामा उत्पत्ति भएका चार छन्। यसबाहेक अघिल्लो कार्यकालमा थाती रहेका सान्दर्भिक उजुरी हेर्ने, विभिन्न उपसमितिका प्रतिवेदन अगाडि बढाउने कार्य पनि छ। निर्देशन कार्यान्वयन सन्तोषजनक नभएकाले यसमा जोड दिने योजना समितिहरूको छ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले विधायिकी कार्यलाई प्राथमिकता दिएर समितिहरूले कार्ययोजना मस्यौदा तयार पारेको बताए। यसका अलावा समितिहरूले गुनासो तथा उजुरीमाथि कारबाही अगाडि बढाउने र निर्देशन कार्यान्वयनको मूल्यांकन गर्ने गिरी बताउँछन्। 'यसअघिका समितिले दिएका निर्देशन कार्यान्वयनको अवस्था कस्तो छ, त्यसमा भएको प्रगति हेर्नेदेखि लिएर अहिले समय सान्दर्भिक कति छ, अब कसरी अगाडि बढाउने भन्ने नै हो,' उनले भने। अघिल्लो कार्यकालमा संसद् विघटनदेखि सरकार परिवर्तनसम्म राजनीतिक अस्थिरता तथा नेकपा नेतृत्वको बहुमतको सरकारको छायामा समितिहरू परेको र सभापति पनि 'एस म्यान' भएर प्रभावकारी भूमिका खेल्न नसकेको दृष्टान्त चिर्नुपर्ने अहिलेको चुनौती छ। अघिल्लो कार्यकालमा राजनीतिक उतारचढावले बन्न नसकेका संविधान कार्यान्वयनसँग सम्बन्धित अत्यावश्यक कानुन निर्माण गरी कार्यान्वयनको चरणमा पुऱ्याउनुपर्ने दायित्व पनि मिनी संसद्मा छ। साथै, सरकारलाई बढीभन्दा बढी जनउत्तरदायी बनाउने जिम्मेवारी पनि समितिहरूको छ।

■ लेखा समितिको प्राथमिकता

समिति सचिव गिरीले नियमित कामसँगै यसअघि थाती रहेको उजुरी फर्स्योट र निर्देशन कार्यान्वयनको मूल्यांकन हेरिने बताए। यसका लागि उपसमिति गठन गरेर काम थाल्ने तयारी छ। 'लेखा समितिमा अघिल्लो कार्यकालकै सयवटा उजुरी छन्। पछिल्लो चरणमा नौवटा उजुरी प्राप्त भएको छ, प्राप्त हुने क्रम जारी छ। उजुरी प्राथमिकीकरण गरेर कारबाही अगाडि बढाउँछौं,' उनले भने। लेखा समिति कानुन निर्माणमा प्रत्यक्ष संलग्न भने हुँदैन। गिरीका अनुसार लेखा समितिको प्रमुख कार्यभार भने महालेखाप रीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजु र अन्य अनियमितताका विषय छलफल गर्ने छ। तत्काल कामु महालेखापरीक्षक बोलाएर अहिलेको अवस्थाबारे ब्रिफिङ लिने र त्यसपछि मुख्यसचिवसहित सबै सचिव बोलाएर बेरुजु सम्परीक्षणबारे छलफल गरेर आवश्यक निर्देशन दिने समितिको तयारी छ।

समितिमा महालेखापरीक्षकको ४४औं प्रतिवेदनदेखिकै कतिपय बेरुजु बाँकी रहेको भन्दै गिरीले अहिले ६० औं प्रतिवेदन हेर्दै गर्दा पुराना बेरुजुलाई पनि आवश्यकता रहेकाले प्राथमिकताका आधारमा उपसमिति गठन गरेर अघि बढ्ने तयारी रहेको सुनाए। 'समग्रतामा समितिले बेरुजुको प्रक्रिया छलफल गरेर प्रक्रिया अगाडि बढाउँछ। अन्य विषयमा त्यसको मितव्ययिता, औचित्य, प्रभावकारितालगायत विषयवस्तुलाई मध्यनजर गरेर आर्थिक अनियमितता हुनबाट रोक्छ र वित्तीय उत्तरदायित्व कायम राख्न कार्यक्षेत्रभित्र कार्य गर्छ,' उनले भने।

■ राज्य व्यवस्था तथा सुशासन समिति

अघिल्लो कार्यकालमा सबैभन्दा अस्तव्यस्त बनेको समिति हो राज्य व्यवस्था। २२ महिनासम्म नागरिकता विधेयकमा छलफल गर्नेदेखि सभापति मन्त्री बनेपछि नेतृत्व नपाएर बैठक नै बस्न नसक्ने परिस्थितिमा निष्प्रभावी बनेको समितिमा थुप्रै विषय थाती छन्। तत्कालीन समिति सचिव बबिता मिश्रका अनुसार सभापति मन्त्री भएर गएपछि महत्त्वपूर्ण विषय आए पनि समितिले सक्रिय रूपमा काम गर्न सकेन। त्यति मात्रै होइन, उपसमिति र कार्यदलका प्रतिवेदन अगाडि बढ्न सकेन। उजुरी व्यवस्थापन हुन सकेन। समितिले संवैधानिक आयोगसँग सम्बन्धित वार्षिक प्रतिवेदन अध्ययन गर्न तीनवटा उपसमिति बनाएको थियो। जसमा अख्तियारसँग सम्बन्धित, निर्वाचन आयोगसँग सम्बन्धित र लोकसेवा आयोगसँग सम्बन्धित थिए। नयाँ समितिका सचिव सुरजकुमार दुराका अनुसार विचाराधीन चारवटा विधेयकलाई प्रक्रिया अगाडि बढाउने मुख्य कार्यभार छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, भ्रष्टाचार निवारण (पहिलो) संशोधन विधेयक, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, अनुगमन तथा मूल्यांकन विधेयक समितिमा आएका छन्।

■ अर्थ समिति

सचिव रेखा उपाध्याय खनालका अनुसार मुलुकको अर्थतन्त्रमा समस्या भएको विषयमा छलफल चलाउने समितिको कार्ययोजना छ। यसका अलावा अर्थसम्बन्धी नीति निर्माणमा केन्द्रित हुने योजना छ। खासगरी बिमा सम्बन्धित, लगानीसँग सम्बन्धित ऐन निर्माणमा समितिको भूमिका रहनेछ। साथै ब्याजदरको विषय, मौद्रिक नीति, योजना आयोगको नयाँ पञ्चवर्षीय योजनाबारे पनि छलफल गर्ने तयारी छ। यसबाहेक आएका उजुरीमा कारबाही अगाडि बढाउने योजना छ। हाल १२ वटा उजुरी आएका छन्। पुराना केही उजुरी पनि आवश्यकताका आधारमा अगाडि बढाउने समितिको गृहकार्य छ। अघिल्लो कार्यकालमा काम गर्न नपाएका तीनवटा उपसमितिको समीक्षा गरेर छलफल अघि बढाउने योजना पनि छ।



संसदीय समितिका नवनिर्वाचित सभापतिहरूसँग सभामुख देवराज घिमिरेले बुधबार गरेको छलफल।

■ जनसरोकारलाई सम्बोधन गर्न सभामुखको सुझाव

सभामुख देवराज घिमिरेले संसदीय समितिका नवनिर्वाचित सभापतिलाई कानुन निर्माणमा जनसरोकारलाई सम्बोधन गर्न सुझाव दिएका छन्। निर्वाचित सभापतिसँग बुधबार छलफल गर्दै सभामुख घिमिरेले कानुन बनाउँदा सरोकारवालाको कुरा सुन्नुपर्ने बताए। 'सरोकारवाला विभिन्न स्वार्थले आउन सक्छन्, तर हामीले पब्लिकको सरोकारलाई हेर्नुपर्छ। कानुन बनाउँदा सरोकारवालाको कुरा सुन्नुपर्छ,' उनले भने। निष्पक्ष रूपमा साझा नेतृत्व गरेर प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिँदै घिमिरेले समितिको क्रियाशीलताले संसद्को प्रभावकारिता देखिने बताए। 'हामी नीति निर्माणका अगुवा हौं। संसद्को नेतृत्व गर्ने अवसर पाएका छौं, गम्भीरतापूर्वक जिम्मेवारी गर्नुपर्छ। प्रणाली विकास गर्न जरुरी छ। यो दायित्व दलहरूको हो,' उनले भने।

संसद्को क्यालेन्डर बनाउने कुरा उठे पनि दलहरूको व्यवहारका कारण अगाडि बढाउन नसकिएको भन्दै सभामुख घिमिरेले कम्तीमा समितिमा क्यालेन्डर बनाएर चलाउन अनुरोध गरे। त्यसको सिकाइले सदनलाई मद्दत पुग्ने उनको धारणा थियो। उपसभामुख इन्दिरा रानाले पार्टी राजनीतिबाट माथि उठेर राजनीतिक सहमति र सहकार्यमा अगाडि बढ्न सुझाव दिएकी थिइन्। छलफलमा पूर्वाधार समितिका सभापति दीपक थापाले प्रभावकारी कार्यसम्पादन गर्न समितिलाई विज्ञ आवश्यक पर्ने बताए। यसमा सहजीकरण गरिदिन सभामुखलाई अनुरोध गरे। लेखा समिति सभापति ऋषिकेश पोखरेलले आर्थिक संकटका बेला भूमिका प्राप्त गरेको र सकारात्मक परिणाम निकाल्ने गरी काम गर्ने प्रतिबद्धता जनाए।

कृषि समिति सभापति आरजु राणाले सरकारलाई उत्तरदायी बनाउन सभामुखको सहजीकरण महत्त्वपूर्ण हुने बताइन्। 'सभापति भइसकेपछि मैले पूर्वसभापतिसँग छलफल गर्ने। सबैको गुनासो सरकारले 'रेस्पोन्स' गर्दैन भन्ने आयो। सरकारलाई उत्तरदायी बनाउनका लागि सभामुखले एउटा 'फ्रेमवर्क' बनाइदिनुभयो भने सजिलो हुन्छ। साथै, हामीले विज्ञको रोस्टर बनाएर काम गर्नुपर्छ,' उनले भनिन्। राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडाले सामूहिकतामा काम गर्ने बताएका थिए। 'समितिको 'ओभरल्याप' विगतमा हुने गरेको छ। समस्याहरू आउने गरेकोमा सामूहिकतामा ध्यान दिनुपर्छ,' उनले भने। छलफलमा महासचिव भरतराज गौतमले सचिवालयको स्रोत-साधन यसपटक कम रहेको भनेर जानकारी गराएका थिए।

■ कानुन, न्याय तथा मानव अधिकार समिति

सचिव अधिराज राईका अनुसार संक्रमणकालीन न्यायसम्बन्धी कानुनलाई निष्कर्षमा पुऱ्याउने समितिको प्रमुख कार्यभार हो। अघिल्लो कार्यकालमा पर्याप्त छलफल भए पनि प्रतिनिधिसभाकै कार्यकाल सकिँदा निष्कर्षमा पुग्न सकेको थिएन। अहिले उपसमिति बनाएर बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयकमा दफावार छलफल गरी प्रतिवेदन तयार पार्ने चरणमा समिति छ। सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयकमा पनि छलफल प्रारम्भ भएको छ। यसलाई पनि छिटो टुंग्याउनुपर्ने दायित्व समितिलाई छ। कानुन मन्त्रालयबाट ७९ वटा ऐन संशोधन गर्न प्रतिनिधिसभामा पेस भएको केही नेपाल ऐन संशोधन विधेयक पनि दफावार छलफलका लागि यही समितिमा आउँदै छ।



■ अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति

सचिव बबिता मिश्रका अनुसार समितिमा आएको सुरक्षण मुद्रणसम्बन्धी विधेयकलाई अगाडि बढाउने प्रमुख कार्य छ। यसबाहेक परराष्ट्र र पर्यटनसँग सम्बन्धित विषयमा छलफल अगाडि बढाउने गृहकार्य छ। 'निगरानी, फिल्ड भिजिटलगायत काम हुन्छ। हामीले कार्ययोजना तयार गरेका छौं। समितिबाट अनुमोदन भएपछि कार्यान्वयनमा आउँछ,' सचिव मिश्रले भनिन्।

■उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

सचिव रामकुमार पौडेलका अनुसार प्रारम्भमा समिति सार्वजनिक सरोकारका विषयमा केन्द्रित हुने योजनामा छ। अहिले समितिमा विधेयक नभएकाले उजुरी फर्स्योट तथा क्षेत्राधिकारभित्रका विषयमा छलफल थालिनेछ। समितिमा १५ वटा उजुरी आएका छन्। समिति सभापति अब्दुल खान तत्कालै औद्योगिक क्षेत्रमा निरीक्षणमा जाने योजनामा छन्।

■ कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति

समिति सचिव हृदयराम महर्जनका अनुसार समितिमा आएको खाद्य स्वच्छता तथा गुणस्तर विधेयकमा दफावार छलफल अगाडि बढाउने तयारी छ। यसका अलावा कृषि, मल, वन र वातावरणसम्बन्धी मुद्दालाई प्राथमिकताका साथ अगाडि बढाउने योजना छ। समितिमा आएका गुनासोलाई हेर्ने, निर्णय कार्यान्वयनको मूल्यांकन गर्ने पनि तयारी छ। समितिमा पाँचवटा उजुरी आएका छन्।

संक्षेप

स्कार्पियोलाई ढुंगाले थिच्दा तीनको मृत्यु

पाल्पा/ पाल्पाको रिब्दिकोट गाउँपालिका- ३ जोर्तेमा पहिरोसहित आएको ढुंगाले स्कार्पियो थिच्दा तीनजनाको मृत्यु भएको छ भने आठजना घाइते भएका छन्। जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी डिएसपी वीरेन्द्र थापाका अनुसार गुल्मीको तम्घासबाट बुटवलका लागि हिँडेको लु.१ज ४६०० नम्बरको कालो प्लेटको स्कार्पियो गुडिरहेका वेला माथिबाट ढुंगासहितको पहिरो झरेर दुर्घटनामा परेको हो। मृत्यु हुनेमा दुई पुरुष र एक महिला छन्। उनीहरूको पहिचान खुलेको छैन। घाइतेहरूको तानसेनस्थित लुम्बिनी मेडिकल कलेजमा उपचार भइरहेको छ। सो सडक वर्षौंदेखि निर्माणाधीन अवस्थामा छ। साँघुरो र उकालो भएका कारण जोर्तेमा दुर्घटनाको धेरै जोखिम छ।

मोटरसाइकल दुर्घटनामा ज्यान गयो

सुर्खेत/ रोकिराखेको स्कुटरलाई मोटरसाइकलले ठक्कर दिँदा एकजनाको मृत्यु भएको छ। सुर्खेतको वीरेन्द्रनगर नगरपालिका- ११ पिपिराचोकस्थित धुलायाबिटबाट बजारतर्फ आउँदै गरेको भे.७प ७७४६ नम्बरको मोटरसाइकलले पिपिराचोकमा रोकिराखेको क.प्र. ०२०० प ४००४ नम्बरको स्कुटरलाई ठक्कर दिँदा मोटरसाइकलचालकको मृत्यु भएको हो। मोटरसाइकलचालक सुर्खेत वीरेन्द्रनगर नगरपालिका- १२ बस्ने ४१ वर्षीय धर्मराज सापकोटा भएको प्रहरीले जनाएको छ। उनको टाउको र छातीमा चोट लागेको थियो। कर्णाली प्रदेश अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ।

सर्पले डसेकी महिलाको झारफुक गर्दागर्दै मृत्यु

बैतडी/ विषालु सर्पले डस्दा बैतडीमा एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा पञ्चेश्वर गाउँपालिका- १ सेरीकी ५५ वर्षीया पार्वती घटाल रहेको जनाइएको छ। मंगलबार राति भान्सामा खाना बनाइरहेकी घटाललाई सर्पले टोकेको र बुधबार बिहान १ बजेतिर मृत्यु भएको पञ्चेश्वर स्वास्थ्य चौकीका इन्चार्ज सुरेश सार्कीले जानकारी दिए। सर्पको टोकाइबाट गम्भीर घाइते भएकी घटालको झारफुक गर्दागर्दै मृत्यु भएको हो। 'सर्पले टोकेलगत्तै अस्पताल लैजानुको साटो वैद्यलाई बोलाएर झारफुक गर्न लाग्नुभएछ,' स्वास्थ्य चौकी इन्चार्ज सार्कीले भने, 'हामीलाई भर्खर मात्रै थाहा भयो, सर्पले टोकेपछि झारफुकको साटो अस्पताल लगेको भए ती महिलाले अकालमै ज्यान गुमाउनुपर्दैन्थ्यो होला।' जिल्ला अस्पतालमा सर्पदंशको उपचार हुने भए पनि अस्पताल नल्याउँदा सर्पले टोकेकाहरू अकालमै ज्यान गुमाउन बाध्य हुँदै आएका छन्। पञ्चेश्वरमा मात्रै सर्पको टोकाइबाट यस वर्ष तीनजनाको ज्यान गइसकेको छ। यसअघि साउन अन्तिम साता पञ्चेश्वर- ४ फ्याउलीकी १६ वर्षीया अनिता चन्दको र गत वैशाख तेस्रो हप्ता पञ्चेश्वर- २ डाँगा टोलकी २५ वर्षीया निर्मला लुहारको मृत्यु भएको थियो।

नेपाली नागरिकता लिन खोज्ने एक भारतीय पक्राउ

नवलपरासी/ नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा नक्कली बुबा बनाई नेपाली नागरिकता लिन खोज्ने एक भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारत महाराजगन्ज मधवलियाका १९ वर्षीय राहुल कुर्मी रहेको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) का प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेले बताए। पक्राउ परेका कुर्मी हाल नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को प्रतापपुर गाउँपालिका- ९ अठलैयास्थित मामाघरमा बस्दै आएका थिए।

'वडाबाट जन्मदर्ता सिफारिस लिई नागरिकताका लागि प्रहरी सर्जिमिन मुचुल्का लिन आएका कुर्मीलाई शंका लागेर सोधपुछ गर्दा भारतीय नागरिक भएको पुष्टि भएपछि नियन्त्रणमा लिइएको हो,' प्रहरी नायब उपरीक्षक पाण्डेले भने। राहुलले प्रतापपुर- ६ कठहवा बस्ने गौरीशंकर कुर्मीलाई बुबा बनाई नागरिकता लिन लागेका थिए। कुर्मीलाई जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी नागरिकतासम्बन्धी कसुर उद्योगमा अनुसन्धान थालिएको इलाका प्रहरी कार्यालय बेलाटारीले जनाएको छ।

लमजुङका १८ जनाले त्यागे नागरिकता

लमजुङ/ जिल्ला प्रशासन कार्यालय लमजुङबाट नेपाली नागरिकता लिएकामध्ये १८ जनाले त्याग गरेका छन्। लमजुङ स्थायी घर भई जागिरको सिलसिलामा विभिन्न देश पुगेका १८ जनाले नागरिकता त्याग गरेका हुन्। जिल्ला प्रशासन कार्यालय लमजुङका सूचना अधिकारी जगदीश मिश्रका अनुसार ०७४ र ०७८ मा पाँच-पाँचजनाले नागरिकता त्यागेका थिए। यसैगरी, ०७३ मा दुईजना, ०७५ मा एकजना, ०७९ मा दुईजना र ०८० को हालसम्म तीनजनाले नागरिकताको प्रमाणपत्र त्याग गरेको मिश्रको भनाइ छ। लामो समयदेखि वैदेशिक रोजगारीका साथै डिभी र स्थायी अवास सुविधा लिएर विदेश बसेका र विदेशी नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरी बसेकाले नागरिकता त्याग गरेको उनको भनाइ छ।

यस्तै, कार्यालयबाट आर्थिक वर्ष ०७९/८० मा ६ हजार चार सय ४५ जनाले नागरिकताको प्रतिलिपि लिएका छन्। गत वर्ष नै वंशजका आधारमा नयाँ नागरिकता लिनेको संख्या पाँच हजार आठ सय ७४ रहेको सूचना अधिकारी मिश्रले बताए। आर्थिक वर्ष ०७८/७९ मा चार हजार पाँच सय ५४ जनाले नागरिकताको प्रतिलिपि लिएका थिए। सोबाहेक सात हजार पाँच सय ५८ जनाले वंशजका आधारमा नयाँ नागरिकता लिएको र चारजनालाई वैवाहिक अंगीकृत नागरिकता वितरण गरेको जिल्ला प्रशासन कार्यालयको तथ्यांक छ।

इन्जिनियरिङमा बढेको शुल्क फिर्ता

काठमाडौं/ इन्जिनियरिङ अध्ययन संस्थानले गरेको शुल्क वृद्धि फिर्ता लिने सहमति भएको छ। बुधबार इन्जिनियरिङ शिक्षाका विद्यार्थी, विद्यार्थी संगठन, त्रिवि उपकुलपति कार्यालयलगायतबीच शुल्क वृद्धि फिर्ता लिने सहमति भएको हो। यसअघि बालुवाटार, माइतीघर, नयाँ बानेश्वर, पुल्चोकलगायत ठाउँमा प्रदर्शन गर्दै आइरहेका विद्यार्थी संगठनहरूले बुधबार उपकुलपति कार्यालय परिसरमा समेत प्रदर्शन गरेका थिए।

निरन्तर प्रदर्शन र आमरण अनशन थालेपछि उपकुलपति धर्मकान्त बाँस्कोटा, शिक्षाध्यक्ष शिवलाल भुसाल, रजिस्ट्रार पेसल दाहाल, डिन भार्गव धिताल, डिन डिल्लीराज शर्मालगायत विद्यार्थी संगठनका अध्यक्षहरूको बैठकले शुल्क फिर्ता गर्ने सहमति गरेको हो। त्रिविका उपकुलपति धर्मकान्त बाँस्कोटाका अनुसार सहमतिपछि विद्यार्थीले प्रदर्शन र आमरण अनशनका कार्यक्रम फिर्ता लिएका छन्। बैठकले शुल्क फिर्ता लिने, परीक्षा तथा अन्य कार्यक्रममा अवरोध नपुऱ्याउने, आमरण अनशन तथा प्रदर्शनका सबै कार्यक्रम स्थगित गर्नेलगायत पाँचबुँदे सहमति गरेको छ। यसअघि संस्थानको २५ साउन बसेको बैठकले शुल्क बढाउने निर्णय गरेको थियो। सोहीअनुसार ४ भदौमा संस्थानले तीन लाख ३० हजार शुल्क वृद्धि गरी सात लाख ७५ हजार पुऱ्याएको थियो।

ड्युटीमा रहेका प्रहरी हवल्दारको मृत्यु

डोटी/ ड्युटीमा रहेको अवस्थामा एक प्रहरी हवल्दारको मृत्यु भएको छ। इलाका प्रहरी कार्यालय दिपायलमा कार्यरत दिपायल सिलगढी नगरपालिका- १ तिखाका प्रहरी हवल्दार नवराज खड्काको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय डोटीका प्रमुख प्रहरी उपरीक्षक राजेन्द्र धमलाले जानकारी दिएका छन्।

दिपायल विमानस्थलको ड्युटीमा रहेका खड्का बेहोस अवस्थामा भेटिएपछि उपचारका लागि शैलेश्वरी अस्पताल दिपायलमा लगेलगत्तै उनलाई मृत घोषणा गरिएको थियो। लामो समयदेखि डिप्रेसनको औषधि सेवन गर्दै आएका खड्काको मृत्युको कारण भने खुल्न नसकेको प्रहरी उपरीक्षक धमलाले बताए। मृतक खड्का दिपायल सिलगढी नगरप्रमुख विजय खड्काका भाइ हुन्।

डडेल्धुरा मेडिकल कलेज सञ्चालनको प्रक्रिया अघि बढ्यो

अनुमतिको प्रतीक्षामा छौं

● **हेमनाथ जोशी**, डिन, सुदूरपश्चिम विश्वविद्यालय, स्वास्थ्य विज्ञान संकाय



डडेल्धुरा मेडिकल कलेजमार्फत पाँचवटा विषय अध्यापनका लागि चिकित्सा शिक्षा आयोगलाई अनुमति माग गरिएको थियो। कक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार र उपकरण छन्-छैनन् भनेर चिकित्सा शिक्षा आयोगको टोलीले अनुगमन गरिसकेको छ। अनुमति पाए तोकेको मितिमै कक्षा सञ्चालन गर्नेछौं।



डडेल्धुराबाट **नवराज पनेरू**

सरकारले डडेल्धुरा अस्पताललाई मेडिकल कलेज बनाउने घोषणा गरेपछि सञ्चालनको प्रक्रिया अगाडि बढाइएको छ। सुदूरपश्चिम विश्वविद्यालयको आधार संकायका रूपमा सञ्चालन हुने डडेल्धुरा मेडिकल कलेजका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा मन्त्रालय र सुदूरपश्चिम विश्वविद्यालयबीच त्रिपक्षीय सम्झौता भएपछि रणनीतिक योजना बनाएर काम अगाडि बढाइएको हो।

सोही क्रममा केही दिनअघि चिकित्सा शिक्षा आयोगको टोलीले डडेल्धुरा मेडिकल कलेजमा अध्यापन अनुमति प्रदान गर्नका लागि अनुगमन गरेको थियो। सुदूरपश्चिम विश्वविद्यालय, स्वास्थ्य विज्ञान संकायका डिन होमनाथ जोशीका अनुसार डडेल्धुरा मेडिकल कलेजमार्फत पाँचवटा विषय अध्यापनका लागि चिकित्सा शिक्षा आयोगलाई अनुमति माग गरिएको थियो। 'हामीले ब्याचलर इन मेडिकल ल्याब टेक्नोलोजी, पब्लिक हेल्थ, फार्मेसी, फिजोथेरापी र बिएस्सी नर्सिङका कक्षा सञ्चालन गर्नका लागि अनुमति माग गरेका थियौं,' डिन जोशीले भने, 'ती विषयका कक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार र उपकरण छन् वा छैनन् भनेर चिकित्सा शिक्षा आयोगको टोलीले अनुगमन गरेको छ।' डिन जोशीले पाँचवटा विषयका कक्षा सञ्चालनका लागि १७ जना उपप्राध्यापक र सहप्राध्यापक भर्ना गर्न आवेदन पनि खुला गरिएको जानकारी दिए।

चिकित्सा शिक्षा आयोगले पठाएको चार सदस्यीय टोलीले डडेल्धुरा अस्पतालका सम्पूर्ण विभागसँगै अस्पतालमा

> स्वीकृति पाएलगत्तै ब्याचलर इन मेडिकल ल्याब टेक्नोलोजी, पब्लिक हेल्थ, फार्मेसी, फिजोयोथेरापी र बिएस्सी नर्सिङका कक्षा सुरु गर्ने तयारी, अर्को वर्ष एमबिबिए अध्यापन गराइने

निर्माणाधीन भवन, मेडिकल कलेजको नाममा रहेको जग्गालगायतको अनुगमन गरेको हो। टोलीमा आयोगकी शाखा अधिकृत नारायणी जोशीसँगै प्राध्यापक भुवनकुमारी डंगोल, दीपेन्द्र झा र उपप्राध्यापक महेशप्रसाद भुसाल थिए। यस्तै, सो क्रममा सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति डा. अम्मराज जोशी, रजिस्ट्रार यज्ञराज पाठकलगायतको पनि सहभागिता रहेको थियो। सुदूरपश्चिम विश्वविद्यालयको आधार संकायका रूपमा सञ्चालन हुने डडेल्धुरा मेडिकल कलेजले अनुमति पाए माघदेखि कक्षा सञ्चालन हुने उपकुलपति जोशीले बताए। 'हामीले पाँच विषयका लागि अनुमति मागेका थियौं र चिकित्सा शिक्षा आयोगको टोलीले अनुगमन पनि गरिसकेको छ,' उनले भने, 'पाँचवटै विषयको पनि अनुमति पाए हामी आयोगले कक्षा सञ्चालनका लागि तोकेको मितिमै यहाँ पनि कक्षा सञ्चालन गर्न सक्छौं।'

यस वर्षदेखि ब्याचलरका कार्यक्रम सञ्चालन गरेर अर्को वर्षदेखि एमबिबिएसका कक्षा सञ्चालन गर्ने योजना रहेको उपकुलपति जोशीले बताए। 'अहिले डडेल्धुरा अस्पतालमा सय शय्या सञ्चालनमा छ,' उनले भने, 'निर्माणाधीन भवनको काम पनि अन्तिम चरणमा पुगेको छ। भवन अस्पताललाई हस्तान्तरण भए अस्पताल तीन सय शय्यामा सञ्चालन हुनेछ। तीन सय शय्यामा अस्पताल सञ्चालन हुनासाथ हामी एमबिबिएसको अध्यापन पनि सुरु गर्छौं।'

सुदूरपश्चिम विश्वविद्यालयका रजिस्ट्रार पाठकले माघदेखि स्नातकका कक्षा सञ्चालन गर्न डडेल्धुरा मेडिकल कलेजसँग आवश्यक सबै पूर्वाधार रहेको बताए। 'अनुगमन टोलीले चिकित्सा शिक्षा आयोगलाई प्रतिवेदन बुझाएपछि हामीले कक्षा सञ्चालनका लागि अनुमति पाउनेछौं भन्ने विश्वास छ,' उनले भने। डडेल्धुरा अस्पताल विकास समितिका अध्यक्ष करुणाकर ओझाले चिकित्सा शिक्षा आयोगको टोलीबाट सकारात्मक प्रतिक्रिया पाएको बताए। 'चिकित्सा शिक्षा आयोगबाट डडेल्धुरा मेडिकल कलेजले अध्यापन अनुमति पाउनेमा विश्वस्त छौं,' उनले भने, 'केही आधारभूत कुरा पूरा गर्न बाँकी भए पनि हामी तत्काल नै पूरा गर्न तयार छौं। आयोगबाट अनुमति पाए यस वर्ष स्नातक र अर्को वर्षदेखि एमबिबिएसका कक्षा सञ्चालन गर्ने हाम्रो तयारी छ।'

मेडिकल कलेज सञ्चालनका लागि सुदूरपश्चिम विश्वविद्यालयको नाममा डडेल्धुराको तुफानडाँडास्थित ८४ रोपनी जग्गा प्राप्त भइसकेको छ। त्यसैगरी, डडेल्धुरा अस्पतालको नाममा दुई सय ३४ रोपनी जग्गा छ। सुदूरपश्चिम विश्वविद्यालयले डडेल्धुरामा डिनको कार्यालय स्थापना गरिसकेको छ। तर, भौतिक संरचना निर्माणका लागि डिपिआर निमार्णको काम पनि भइरहेको सुदूरपश्चिम विश्वविद्यालयले जनाएको छ।

■ एकीकृत समाजवादीप्रति नरम बन्दै ओली

माधवसँग सम्बन्ध सुधार गर्न बढाए हात !

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एकीकृत समाजवादीको नेतृत्वप्रति अनुदार रहँदै आएका एमाले अध्यक्ष केपी ओलीले सम्बन्ध सुधारका लागि हात बढाएका छन् । पछिल्लो आमनिर्वाचनपछि एकीकृत समाजवादीलाई 'पार्टीको मान्यता' दिए पनि मूल नेतृत्वप्रति आक्रामक ओलीले माधव नेपालसँगको तस्बिर सोसल मिडियामा सेयर गरेर आफूहरू सम्बन्ध सुधारतर्फ लागेको सन्देश दिएका छन् ।

मूल नेतृत्वप्रति अनुदार र आक्रामक भए पनि उसका नेता-कार्यकर्ता प्रवेश गराउने दोहोरो नीति अख्तियार गरिरहेका ओलीले नेपालसँगको फोटो व्यक्तिगत रुचिमै 'सेयर' गरेको दुवै पार्टीका नेताहरूको बुझाइ छ । एमालेलाई सत्ता राजनीतिको मैदानमा निकै कमजोर बनाएको सत्तारूढ दल एकीकृत समाजवादी अहिले चारदलीय समाजवादी मोर्चाको एक घटक पनि हो ।

लामो समयदेखि राजनीतिक सम्बन्ध तिक्त भए पनि जुनसुकै वेला सुधार हुन सक्ने सन्देश दिने उद्देश्यले ओलीले आफ्नै रुचिमा आधिकारिक फेसबुक पेजमार्फत फोटो सेयर गरेको उनको सचिवालयको भनाइ छ । संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सोमबारको बैठकमा एउटै लहरमा नेपालसँगसँगै बसेको दुईजनाको तस्बिर ओलीले आफ्नो निजी पेजमार्फत सार्वजनिक गरेका थिए ।

'राजनीतिक नेताहरूको बीचमा बाहिर चर्चा हुँदै आएजस्तो भेटै नहुने, एकले अर्काको अनुहारै नहेर्ने तहको तिक्त सम्बन्ध हुँदैन र हुनु पनि हुँदैन । सोमबारको संसदीय समितिको बैठकमा उहाँहरू वल्लोपल्लो सिटमा सँगै बस्नुभएको थियो । त्यसैले अध्यक्ष कमरेडले रुचि राखेरै त्यो फोटो पेजबाट सेयर गर्नुभएको हो,' ओलीका प्रेस संयोजक रामशरण बजगाईंले भने, 'उहाँहरूबीच संवाद पनि भयो, एक-अर्काबीच हालखबर सोध्ने शिष्टाचार कुराकानी पनि भएको थियो ।'

बैठकबाट बाहिरिने क्रममा ओलीले नेपालसँग संवाद गरेका थिए । देब्रेतिर रहेका ओलीले दाहिनेतिर बसेका नेपालसँग छोटो समय कानेखुसी संवाद गरेर बाहिरिएको एमाले सांसद सुनिता बरालले बताइन् । 'सम्भवतः अध्यक्षले माधव नेपाललाई हालखबर के कसो छ भनेर शिष्टाचार संवाद गर्नुभयो, त्यसपछि मेरो अर्को कार्यक्रम छ, जानुपर्ने भयो भन्ने औपचारिक जानकारी गराएर बाहिरिनुभएको हो,' बरालले भनिन् ।

नेपाल बैठकको सुरुवातदेखि नै सहभागी थिए । बैठक चलिरहेका वेला ओली पुगेका थिए । समितिका कर्मचारीले 'प्रोटोकल'अनुसार पूर्वप्रधानमन्त्री ओली र नेपाललाई सँगै बस्ने गरी सिट व्यवस्थापन गरेका थिए । ओली नेपालको देब्रेतिरको सिटमा बसे । करिब आधा घन्टा बसेका ओली-नेपालबीच कुनै संवाद भएन । एकले अर्कोसँग अप्ठ्यारो महसुसजस्तो गरेका थिए । बैठकमा सहभागी माओवादी उपमहासचिव वर्षमान पुन, कांग्रेस नेता प्रकाशमान सिंह, राप्रपाका नेता पशुपतिशमशेर राणासहित सबैजसो सांसदको ध्यान पनि ओली-नेपालतिरै केन्द्रित थियो । तिक्त सम्बन्धमा रहेका वेला ओली आफैंले नेपालसँगको तस्बिर सार्वजनिक गरेपछि विभिन्न कोणबाट चर्चा-परिचर्चा भइरहेको छ । एमाले र एकीकृत समाजवादीभित्र कतिपयले यसलाई रणनीतिक र कतिपयले स्वाभाविक घटनाक्रम मानेका छन् ।



■ नेपाललाई नै भित्र्याउने प्रयास

ओलीले नेपाललाई राष्ट्रपतिको उम्मेदवार बन्न र पार्टीलाई एमालेमा समाहित गर्न प्रस्ताव नै गरेका थिए । तर, अन्तिम घडीमा नेपालले प्रस्ताव विश्वसनीय नभएको र परिस्थिति पनि परिपक्व नबनेको भन्दै अस्वीकार गरेपछि ओली उनीसँग बिच्किँदै आएका छन् । त्यसयता उनीहरूबीच आमने-सामने भए पनि औपचारिक संवाद भएको छैन । नेपाललाई राष्ट्रपति बनाएर एमालेसमेत सामेल सत्तागठबन्धन जोगाउन हदैसम्म प्रयत्न गरिए पनि सफल नभएको विषयलाई ओलीले केन्द्रीय कमिटीमा प्रस्तुत राजनीतिक दस्तावेजमै प्रस्ट संकेत गरेका थिए । 'राजनीतिक कोर्स जोगाउन हामी हदैसम्म लचिलो भयौं । तत्कालीन सत्तागठबन्धनभित्रैबाट राष्ट्रपतिको उम्मेदवार बनाऐ भए पनि सहकार्य जोगाउन प्रयत्न गर्‍यौं । तर, आफैं चरम अवसरवादबाट ग्रस्त र विभिन्न शक्तिकेन्द्रको प्रभावमा परेको माओवादीलाई दक्षिणपन्थी अवसरवादी ओरालो यात्राबाट रोक्न सकिएन,' गत ३० वैशाखमा सम्पन्न केन्द्रीय कमिटी बैठकमा प्रस्तुत राजनीतिक प्रतिवेदनमा ओलीले संकेत गर्दै भनेका थिए ।

एमाले स्थायी समिति सदस्य राजन भट्टराईले तस्बिर सेयर सामान्य भए पनि ठूलो विषय बनाइएको बताए । 'पूर्वप्रधानमन्त्री भएकाले सँगै बस्नुभयो । फोटो खिच्नुभयो । समाचार सञ्जालमा सेयर भयो, भएको त्यत्ति नै हो । अन्य केही पनि होइन,' उनले भने । एकीकृत समाजवादीकी सचिव गरिमा शाहले सँगै बसाइ संयोग मात्र रहेको बताइन् । 'केही पनि होइन, संसदीय समितिको बैठक बस्दा सँगै भएको मात्रै हो । भित्री रूपमा केही पनि कुरा भएको छैन, संयोग मात्रै हो,' उनले भनिन् । ४ भदौमा राष्ट्रपति रामचन्द्र पौडेलले बोलाएको सर्वदलीय बैठक ओलीले बहिष्कार गरेका थिए । ओलीको बहिष्कारलाई त्यतिवेला नेपालले आफ्नो छाया पर्ने डरले उनी नआएको सञ्चारमाध्यमसँग कठोर टिप्पणी गरेका थिए । त्यसयता नेपालले ओलीविरुद्ध अभिव्यक्ति दिँदै आएका छन् ।

एकीकृत समाजवादीका नेता-कार्यकर्ता फर्काउँदै एमाले

ओलीले नेपालसँगको तस्बिर सेयर गर्नु उनको अहिलेसम्मको नीतिमा परिमार्जनको बलियो संकेत हो । एमालेले एकीकृत समाजवादीका नेता-कार्यकर्ता घर फर्काउने नीतिसहित उसको नेतृत्वमाथि प्रहार गर्दै आएको छ । पछिल्लो आमनिर्वाचनपछि एकीकृत समाजवादीलाई 'पार्टीको मान्यता' दिए पनि मूल नेतृत्वप्रति निकै अनुदार एमालेले त्यस पार्टीका नेता-कार्यकर्तालाई भने प्राथमिकताका साथ स्वागत गरिरहेको छ ।

गत फागुनबाट सञ्चालन भएको मिसन ग्रासरुट अभियानसँगै एमालेले एकीकृत समाजवादीसँग एकताको सट्टा 'घर फर्क' नीति अंगीकार गरेको छ । गत ३० वैशाखमा सम्पन्न केन्द्रीय कमिटी बैठकबाट विचार मिल्नेलाई पार्टीमा सामेल हुन औपचारिक आह्वान गरेर एमालेले एकीकृत समाजवादीका नेता-कार्यकर्ता भित्र्याउनेतिर नजर लगाइरहेको छ, जसमा उसलाई सफलता पनि हात लागेको छ । पछिल्लो निर्वाचनयता एकीकृत समाजवादीबाट ३५ केन्द्रीय सदस्य, डेढ दर्जन जिल्ला अध्यक्ष, सयभन्दा बढी प्रदेश कमिटी सदस्यसहित जिल्ला, क्षेत्र, पालिका र वडा तहका ठूलो संख्यामा एमाले फर्किएका छन् । त्यसरी फर्किएकालाई एमालेले अभिलेखमा अनुशासनको कारबाहीको कुनै रेकर्ड नराखी पुरानै सदस्यता कायम गर्ने र एक वर्षको नवीकरण शुल्कसमेत छुट गर्ने लचिलो नीति अख्तियार गरेको छ । जब कि पार्टीकै सदस्यहरूबाट भने एमालेले पछिल्ला दुई वर्षको लेबी शुल्क लिइरहेको छ ।

'पछिल्ला दिनमा नेकपा एसबाट ठूलो संख्यामा नेता-कार्यकर्ता प्रवेश गरिरहनुभएको छ, उहाँहरूलाई जिम्मेवारी दिने सवालमा पहिल्यै सर्त राखिएको छैन । तर, कारबाहीको अभिलेख नहुने, पुरानै मितिदेखिकै सदस्यतालाई निरन्तरता दिँदै पछिल्लो दुई वर्षको लेबीमा पनि एक वर्षको छुट गरेर सदस्यता नवीकरण गरिरहेका छौं,' स्थायी समिति सदस्य तथा संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले भने, 'उहाँहरूको इतिहास, योगदान र तुलनात्मक रूपमा क्षमताको मूल्यांकन गरेर जिम्मेवारी दिने गरिएको छ ।'

पछिल्ला दिनमा एमालेमा फर्किने गरी एकीकृत समाजवादीका पदाधिकारी र केन्द्रीय तहका थुप्रै नेता संवादमा रहेको दाबी गर्दै एमाले नेतृत्व उत्साहित छ । तर, उपाध्यक्ष तथा संसदीय दलका उपनेता सुवास नेम्वाङले एमालेले एकीकृत समाजवादी या कुनै पार्टीविशेषलाई लक्षित गरेर पार्टीमा भित्र्याउने अभियान नचलाएको पनि दाबी गरे ।

एकीकृत समाजवादीसँग पार्टी एकता नै गर्ने सवालमा भने एमाले अध्यक्ष ओली र महासचिव शंकर पोखरेलसहित मूल नेतृत्व नै अनुदार देखिएको छ । ओली र पोखरेल दुवैले नेपालबाहेकका लागि ढोका खुला रहेको पटक-पटक अभिव्यक्ति दिँदै आएका छन् । 'माधव नेपाल र पुष्पकमल दाहाल प्रचण्डलाई स्वागत गर्दैनौं, अरू बाँकी सबै नेता-कार्यकर्तालाई एमालेमा ढोका खुला छ,' पोखरेलले अघिल्लो साता दाङमा आयोजित एक कार्यक्रममा भनेका थिए । यद्यपि, एमालेले एकीकृत समाजवादीसँग एकताको नीति नलिएको भने होइन । आमनिर्वाचनमा एकीकृत समाजवादीले मत काट्दा दुई दर्जन सिटमा धक्का पुगेपछि गत फागुनमा वाम नेतृत्वको सरकारलाई निरन्तरता दिने गरी ओलीले अध्यक्ष नेपालसँग तीन चरणसम्म अलगै वार्ता गरेका थिए ।

एमालेले मध्यपहाडी राजमार्गकेन्द्रित अभियान चलाउने



नयाँ पत्रिका

एमालेले आगामी मंसिरमा मध्यपहाडी राजमार्गकेन्द्रित बृहत् पदयात्रा र जनसंवाद अभियान चलाउने भएको छ । सिराहामा बुधबार सम्पन्न केन्द्रीय सचिवालय बैठकले त्यस्तो निर्णय गरेको उपाध्यक्ष युवराज ज्ञवालीले जानकारी दिए ।

उनले अभियानअघि पोलिटब्युरो र केन्द्रीय कमिटी बैठक राख्ने निर्णय भएको जानकारी दिए । तिहारलगत्तै सुरु हुने अभियान दुई साताभन्दा बढी समय चल्नेछ । कञ्चनपुरको झुलाघाटदेखि पूर्वी सिमाना पाँचथरको चिवा भञ्ज्याङसम्म राजमार्गकेन्द्रित अभियान चलाइने ज्ञवालीले बताए ।

सिराहाको धनगढीमाई नगरपालिका- ४ को सर्रे अम्बासमा बुधबारै एमाले अध्यक्ष केपी ओलीले सहिद स्तम्भको शिलान्यास गरेका छन् । जहाँ, तत्कालीन नेकपा मालेको चौथो महाधिवेशन सम्पन्न भएको थियो । महाधिवेशनमा मदन भण्डारी महासचिव निर्वाचित भएका थिए भने जनताको जनवादी व्यवस्थाका लागि बहुदलीय प्रतिस्पर्धाको राजनीतिमा पार्टीलाई अगाडि बढाउने तथा नेकपाका संस्थापक महासचिव पुष्पलालको नीतिअनुसार निरंकुश पञ्चायती व्यवस्था अन्त्यका लागि कांग्रेससँग मिलेर संयुक्त जनआन्दोलन गर्ने निर्णय लिएको थियो । महाधिवेशनको तिनै महत्त्वपूर्ण निर्णयको स्मरण गर्दै बैठकले विशेष प्रस्तावसमेत पारित गरेको छ ।

'चौथो महाधिवेशनले नै जनताको बहुदलीय जनवादको आधार तयार गरेर जनताको जनवादी व्यवस्था बहुदलीय प्रतिस्पर्धाका आधारमा हुनेछ भन्ने नीति तय गरेकाले बैठकले त्यसलाई स्मरण गरेको छ,' ज्ञवालीले नयाँ पत्रिकासँग भने, 'त्यही महाधिवेशनले जननेता मदन भण्डारीलाई महासचिवका रूपमा चयन गऱ्यो र उहाँकै नेतृत्वमा नेकपा एमाले कम्युनिस्ट आन्दोलनको मूल शक्तिका रूपमा स्थापित भएको हो ।'

बैठकले आठबुँदे विशेष प्रस्ताव पारित गरेको छ । 'पछिल्ला समय राष्ट्रिय राजनीतिमा अवसरवाद र अराजकता चुनौती बनेर तेर्सिएका छन् । समाज र राजनीतिमा देखापरेका विकृति, विसंगति, भ्रष्टाचार, राजनीतिको अपराधीकरण र अपराधको राजनीतीकरण एवं अस्थिरताले हाम्रो आन्दोलनमाथि नयाँ चुनौती थपिदिएको छ,' पारित प्रस्तावमा भनिएको छ, 'यतिवेला

सरकार भ्रष्टाचारीलाई जोगाउन लाग्यो : अध्यक्ष ओली

सचिवालय बैठकपछि एमाले अध्यक्ष ओलीले भ्रष्टाचारको छानबिन गरेको हल्ला चलाएर वर्तमान सरकार भ्रष्टाचारीलाई जोगाउन लागेको आरोप लगाए । सुन तस्करीलगायत भ्रष्टाचारका मुद्दामा सरकारले जनतालाई भ्रम छरिरहेको र चिया बगानको फाइल खोल्ने धम्की दिइरहेको भन्दै ओलीले सरकारलाई चुनौती दिए, 'खोल्नुस् न त चिया बगानको फाइल, को-को जेल जान्छन् हेर्छौं । समृद्ध नेपाल, सुखी नेपाली बनाउन हिँडेको एमाले पार्टी डराउँदैन ।' पछिल्लो समयमा साम्प्रदायिक विद्वेष, घृणा फैलाएर समाज भड्काउने खेल सुरु भएको चर्चा गर्दै उनले त्यो देशका लागि हानिकारक रहेको उल्लेख गरे । 'त्यसबाट सजग हुँदै विद्वेष, घृणा त्यागेर अगाडि बढ्नुको विकल्प छैन ।' उनले सामाजिक सद्भाव कायम राख्य राष्ट्रिय एकता आवश्यक रहेको उल्लेख गरे ।

जनताले भोग्नुपरिरहेका कष्टप्रति पार्टी गम्भीर छ र स्थितिमा परिवर्तन ल्याउन पनि गम्भीरताका साथ प्रयत्नशील छ । यस्तो स्थितिमा बसेको केन्द्रीय सचिवालयको यो बैठक चौथो राष्ट्रिय महाधिवेशनका ऐतिहासिक योगदानको उच्च मूल्यांकनसहित स्मरण गर्दछ, महाधिवेशनबाट महासचिवमा निर्वाचित कमरेड मदन भण्डारीका योगदानहरूप्रति गर्व गर्दछ र जनता तथा पार्टीबीचको घनिष्ट सम्बन्धलाई अझ प्रगाढ बनाउने संकल्प गर्दछ ।'

■ सहिद स्तम्भ शिलान्यास

बैठकले चौथो महाधिवेशन स्थललाई पर्यटकीय गन्तव्य बनाउन स्थानीय जनताको चाहनाअनुसार विभिन्न पूर्वाधारका कामलाई अगाडि बढाउने प्रस्तावसमेत पारित गरेको छ । बुधबारै एमाले अध्यक्ष केपी ओलीले सर्रे अम्बासमा सहिद स्तम्भ निर्माणका लागि शिलन्यास गरेका छन् । त्यहाँ एमालेले पार्टी स्थापनाको ७५औं वर्षका अवसरमा अर्को विशेष कार्यक्रमसमेत गर्ने तयारी गरेको छ । चौथो महाधिवेशनले झन्डै ३० वर्षअघि टुटेको कम्युनिस्ट आन्दोलनको कडीलाई जोड्ने काम गरेको र एमालेलाई कम्युनिस्ट आन्दोलनको मुख्य शक्ति, मूल प्रवाहका रूपमा स्थापित गरेको एमालेले स्मरण गरेको छ ।

भालुको आक्रमणबाट दुई गम्भीर घाइते

संखुवासभा/ मकालु वरुण राष्ट्रिय निकुञ्ज क्षेत्रमा भालुको आक्रमणबाट दुई गम्भीर घाइते भएका छन् । भोटखोला गाउँपालिका- ४ स्थित इलामे गाउँका ३९ वर्षीय प्रेम गुरुङ र २६ वर्षीय राजमान राईलाई बुधबार भालुले आक्रमण गरेको हो ।

स्थानीय मनोज गुरुङका अनुसार दिउँसो करिब ३ बजेतिर मकैबारीमा एक्कासि भालुले आक्रमण गरी उनीहरूलाई घाइते बनाएको हो । बारीमा मकै रुँघेर बसेका उनीहरूलाई भालुले आक्रमण गरेको हो । सो क्षेत्र मकालु वरुण राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्छ ।



गोला प्रहरी चौकीका अनुसार भालुको आक्रमणबाट घाइते भएकालाई उपचारका लागि गोलाबजारस्थित स्वास्थ्य चौकीमा लगिएको छ । घाइतेको अवस्था गम्भीर भएकाले हेलिकोप्टरमार्फत जिल्लाबाहिर उपचारका लागि लैजाने तयारी भइरहेको स्थानीयले बताए । यतिवेला गाउँमा मकै पाक्ने समय भएकाले वन्यजन्तु भालु, मृग, घोरल र दुम्सीलगायतले निकै दुःख दिनेको गरेको छ । कृषकहरू बिहानदेखि बेलुकीसम्म बारीमा बाली रुँघ्ने गर्छन् । संखुवासभाका उत्तरी क्षेत्र भोटखोला, मकालु र सिलिचोङका स्थानीयहरू बर्सेनि भालुको आक्रमणबाट घाइते र अंगभंग हुनेको संख्या बढिरहेको छ । मकालु वरुण राष्ट्रिय निकुञ्ज संखुवासभा र सोलुखम्बु जिल्लासम्म फैलिएको छ ।

बेपत्ताको अवस्था सार्वजनिक गर्न आग्रह

काठमाडौं/ राष्ट्रिय मानव अधिकार आयोगले बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा आयोगबाट भएका सिफारिस कार्यान्वयन गर्न तथा बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर्न सरकारसँग आग्रह गरेको छ । सर्वोच्च अदालतको फैसला, आयोगको सुझाव र अन्तर्राष्ट्रिय मान्यताअनुरूप हुने गरी ऐन संशोधन गरी पीडितलाई न्याय तथा परिपूरणको सुनिश्चितता गर्न आयोगले सरकारलाई आग्रह गरेको हो ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा द्वन्द्वपीडित र मानव अधिकारसम्बन्धी कार्य गर्ने संघसंस्थालगायतले अन्तर्राष्ट्रिय मान्यताअनुरूप संक्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गरी पीडितलाई न्याय दिन माग गरिएको छ । विस्तृत शान्ति सम्झौताको १७ वर्ष पूरा हुँदासमेत नेपालमा दश वर्षसम्म चलेको सशस्त्र द्वन्द्वकालमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक हुन नसकेको एवं पीडितले न्याय प्राप्त गर्न सकेका छैनन् । बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा आयोगमा परेका उजुरीमा आयोगले छानबिन र शवोत्खननसमेत गरी दोषीलाई कारबाही, पीडित परिवारलाई क्षतिपूर्ति र बेपत्ता भएका व्यक्तिको अवस्था सार्वजनिक गर्नका लागि सरकारलाई हालसम्म एक सय ८६ वटा सिफारिस गरेको छ ।

आयोगमा अझै आठ सय २१ वटा उजुरी विचाराधीन छन्, तर आयोगका सिफारिसको कार्यान्वयन अवस्था भने अत्यन्तै न्यून रहेको छ । संक्रमणकालीन न्यायको सम्बन्धमा चासो राख्दै आयोगले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका पदाधिकारीसँग विभिन्न समयमा भेटघाट, छलफल तथा कर्मचारीलाई क्षमता अभिवृद्धि गराउने कार्य गर्दै आइरहेको छ ।

छुट्टाछुट्टै दुर्घटनामा दुईको मृत्यु

महेन्द्रनगर/ कञ्चनपुरको बेलौरी नगरपालिकाका ७२ वर्षीय जनकलाल चौधरीको करेन्ट लागेर मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार बेलौरी नगरपालिकाका प्रमुख पोतीलाल चौधरीका बुबा जनकलाल मंगलबार साँझ घरमा नुहाउने क्रममा करेन्ट लागेर घाइते भएका थिए । उनलाई उपचारका लागि धनगढी लगिएकोमा उपचारका क्रममा मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश डाँगीले चौधरीको शव बेलौरी प्राथमिक स्वास्थ्य केन्द्रमा परीक्षण गरी आफन्तको जिम्मा लगाइएको जानकारी दिए । त्यसैगरी, कञ्चनपुरको दक्षिण क्षेत्र जोड्ने हुलाकी सडकमा मोटरसाइकल अनियन्त्रित भई एक युवकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । हुलाकी सडक खण्डको बेल्डाँडी गाउँपालिका-१ आनन्द टोलमा स्थानीय राधाकृष्ण टोलका २५ वर्षीय सुनील सार्कीले चलाएको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना भएको हो ।

प्रहरी प्रवक्ता डाँगीले मोटरसाइकल दुर्घटनामा परी गम्भीर घाइते भएका सार्कीको उपचारका क्रममा महेन्द्रनगरस्थित महाकाली प्रादेशिक अस्पतालमा मृत्यु भएको जानकारी दिए । (रासस)

Karnali Province Government
Ministry of Social Development
Health Service Directorate
Health Service Office Salyan

Invitation for sealed quotation for procurement of free medicines and surgical items

Date of first publication: 14 Bhadra, 2080 B.S.

1. The Health Service Office Salyan (HSO Salyan) invites sealed quotations from registered suppliers for the supply of free medicines and surgical items for district hospital of Salyan.
2. A complete set of bidding documents may be purchased from the office (HSO Salyan) by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate and should deposit the cost of bidding document till 2080.05.28 during office hours. Information to deposit the cost of bidding document in Bank.

Name of Bank : Nepal Bank Limited, Salyan
Name of office : Health Service Office, Salyan
Office Code : 3500260026
Revenue code : 14229

3. Sealed quotations must be submitted to the above office on or before 12.00 on 2080.05.29 Documents received after this deadline shall not be accepted and the bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02:00 PM 2080/05/29, at the office of (HSO Salyan).
4. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the sealed quotations without assigning any reason, whatsoever.
5. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of HSO Salyan, Phone 088-520081, 9811728143.

S. N.	Sealed Quotation No:	Description of Work	Bid document Purchasing Fee (for each quotation)	Bid Security
1.	HSO/SLN/ 03/2080/081	Supply of Free Medicines and surgical items	NRs. 1000.00	NRs. 75000.00

Act. Health Service Manager

वन मासेर वडा कार्यालय भवन

धनगढी/ कैलालीको गोदावरी नगरपालिकाले वन मासेर वडा कार्यालय भवन बनाउन थालेको छ । स्थानीय वसन्तपुर महिला सामुदायिक वनका रूख काटेर वडा नम्बर ४ को कार्यालय बनाउन लागिएको हो । ८६ लाख रुपैयाँ लागत रहेको भवनको जग राखिसकिएको छ । एक करोड ३८ लाखको लागत स्टिमेट रहेकोमा बोलपत्रमार्फत पिके कन्स्ट्रक्सनसँग ८६ लाखमा सम्झौता भएको नगरपालिकाले जनाएको छ ।

सामुदायिक वनमा भवन बनाउन थालिएको भन्दै स्थानीयले विरोध गरेपछि वन कार्यालय भवन निर्माणमा संलग्न ६ जना मजदुरलाई बुधबार नियन्त्रणमा लिइएको छ । जग्गाको भोगाधिकार नलिई वनमा भवन बनाउन थालेपछि उनीहरूलाई नियन्त्रणमा लिइएको डिभिजन वन कार्यालय धनगढीले जनाएको छ । पक्राउ परेकासँग बयान लिएर भवन निर्माणमा संलग्न अन्यलाई कारबाहीको दायरामा ल्याइने डिभिजन वन कार्यालय धनगढीका निमित्त प्रमुख पूर्णशंकर यादवले बताए । भोगाधिकारविनै नगरपालिकाले वन क्षेत्रमा भवन बनाएर कानुन मिचेको वन डिभिजनले जनाएको छ ।

सब वन डिभिजन अत्तरियाका प्रमुख नीराजन कडालले उक्त सामुदायिक वन र वडा कार्यालयलाई भवन निर्माण नगर्न आग्रह गरे पनि अटेरी गरेको बताए । काम स्थगित गरेर भोगाधिकारको प्रक्रियामा जान आग्रह गरे पनि निर्माण नरोकिएको उनले बताए । नगरपालिका- १ मा पनि स्थानीय सामुदायिक वनमा कृषि भवन बनाउन थालेको बताइएको छ । बुधबार भवनको शिलान्यास गरिएको स्थानीयले बताएका छन् । यसअघि गत वैशाखमा गोदावरी- १ को सुरक्षा महिला सामुदायिक वनमा कांग्रेसको पार्टी कार्यालय भवन बनाउन थालिएकोमा वनले रोकेको थियो । नगरपालिकामा वन क्षेत्रमा बसेका सुकुमबासीलाई हटाउने अभियान चलिरहेका वेला कांग्रेसबाट निर्वाचित मेयर वीरेन्द्र भट्टको समेत संलग्नतामा वनमा पार्टी कार्यालय भवन बनाउन थालिएको भन्दै चौतर्फी विरोध भएपछि काम रोकिएको थियो ।

मुख्यमन्त्री र मन्त्रीहरूबीच कार्यसम्पादन करार सम्झौता



मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशका आठ मन्त्रीसँग कार्यसम्पादन करार सम्झौता गरेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुधबार सम्पन्न कार्यक्रममा प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेटलाई केन्द्रमा राखेर प्रभावकारी रूपमा कार्यान्वयन गर्न मन्त्रीहरूसँग कार्यसम्पादन करार सम्झौता गरिएको हो ।

सम्झौतामा मन्त्रीहरूले चालू आर्थिक वर्ष ०८०/८१ मा सम्पादन गर्ने काम र जिम्मेवारीबारे उल्लेख रहेको मुख्यमन्त्री जम्कट्टेलले जानकारी दिए । सम्झौतासँगै मुख्यमन्त्री जम्कट्टेल र सम्बन्धित मन्त्रालयका मन्त्रीहरूले हस्ताक्षर गरेको सम्झौतापत्र आदानप्रदान गरिएको छ । 'कार्यसम्पादन करार सम्झौतामा मन्त्रीहरूले चालू आवमा गर्नुपर्ने काम, कार्ययोजना, समयसीमालगायत उल्लेख छ । सम्झौताले प्रदेश सरकारका कामलाई व्यवस्थित गर्न सहयोग पुग्छ भन्ने विश्वास लिएको छु,' मुख्यमन्त्री जम्कट्टेलले भने ।

उनले प्रदेश सरकारमा रहेका मन्त्रीहरूको कामले संघीयतालाई संस्थागत गर्न र जनअपेक्षा पूरा गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । पाँच वर्षको अनुभवलाई आधार मानेर चालू आवको कार्यक्रम र बजेट कार्यान्वयनका लागि सम्झौता गरेको मुख्यमन्त्री जम्कट्टेलले बताए । उनले आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह लामा (तामाङ), आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, सामाजिक विकासमन्त्री कुमारी मोक्तान, भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल, उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकार, संस्कृति, पर्यटन तथा सहकारीमन्त्री पुकार महर्जन, स्वास्थ्यमन्त्री उत्तम जोशी र वन तथा वातावरणमन्त्री मसिना खड्कासँग कार्यसम्पादन करार सम्झौता गरेका हुन् ।

१२ सदस्यीय मन्त्रिपरिषद्का तीन मन्त्री भने कार्य व्यस्तताले राजधानीबाहिर रहेकाले सम्झौता हुन नसकेको मुख्यमन्त्री जम्कट्टेलले जानकारी दिए । खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री तीर्थबहादुर लामा, कृषि तथा पशुपन्छी विकासमन्त्री डा. राजेन्द्रमान श्रेष्ठ र श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्सालसँग पछि सम्झौता गरिने उनले बताए ।

'अस्कर अवार्ड'का लागि नेपाली फिल्म आवेदन माग


एकेडेमी अवार्डस् (द अस्कर) अन्तर्राष्ट्रिय फिचर चलचित्र छनोट समिति (नेपाल)ले '९६औँ अस्कर अवार्ड प्रतियोगिता'मा अन्तर्राष्ट्रिय फिचर चलचित्र विधामा सहभागी गराउन सूचना आह्वान गरेको छ। समितिले नेपाली चलचित्रलाई प्रतियोगितामा अन्तर्राष्ट्रिय फिचर चलचित्र विधामा सहभागी गराउन आवेदन माग गरेको हो।



रोमान्टिक बने दया र मिरुना

अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरको जोडी सिनेमाको स्क्रिनमा रुचाइएको जोडी हो। यी दुई अभिनीत तेस्रो फिल्म 'नांगो गाउँ' भदौको २९ गतेबाट प्रदर्शनमा आउँदै छ। फिल्म प्रदर्शन मिति नजिकिँदै गर्दा निर्माण टिमले एक रोमान्टिक गीतको भिडियो छायांकन गरेको छ।

मुटु स्वस्थ राख्न के गर्ने ?





डा. अवनीभूषण उपाध्याय
वरिष्ठ मुटुरोग विशेषज्ञ
मेडिकेयर हस्पिटल, काठमाडौं

> मुटुमा समस्या देखिनुको प्रमुख कारण विलासी जीवनशैली नै हो। शारीरिक रूपमा सक्रिय रहन सक्यो भने मुटुरोगको जोखिम कम गर्न सकिन्छ।

पछिल्लो समय नेपालमा मुटुरोगीको संख्या बढ्दो छ। पहिले ५०-६० वर्षभन्दा माथिकालाई मात्रै मुटुमा समस्या देखिन्थ्यो। तर, अहिले ४० वर्षमुनिका मानिसमा पनि मुटुरोग देखिन थालेको छ। मुटुमा समस्या देखिनुको प्रमुख कारण विलासी जीवनशैली नै हो। शारीरिक रूपमा सक्रिय रहन सक्यो भने मुटुरोगको जोखिम कम गर्न सकिन्छ।

मुख्य कुरा सानैदेखि स्वस्थकर खानेकुरा खाने बानी बसाल्नुपर्छ। हिजोआज बाबु-आमा दुवै काममा व्यस्त हुन्छन्। बालबच्चामा बजारको खानेकुरा खाने बानी बस्छ। जंकफुडले मुटुलाई असर गरिरहेको हुन्छ। त्यसको असर ठूलो भएपछि देखिन्छ। त्यस्तै, पर्याप्त शारीरिक अभ्यासको कमीका कारण बालबालिकामा पनि मोटोपन देखिन थालेको छ। अल्छी र आवश्यकभन्दा धेरै तौल भएका बालबालिकामा ठूलो भइसकेपछि मुटुरोग लाग्न सक्ने जोखिम रहन्छ। यसतर्फ अभिभावक सधैँ सजग रहनुपर्छ। आफू पनि शारीरिक गतिविधिमा सक्रिय रहने र बच्चालाई पनि सक्रिय राख्ने गर्नुपर्छ। दैनिक कम्तीमा ३० देखि ४० मिनेट हिँड्ने, नियमित व्यायाम गर्ने, बच्चालाई खेलकुदमा लगाउने, योग तथा प्राणायाम सिकाउने गर्नुपर्छ। यस्ता क्रियाकलापले तौल नियन्त्रण हुन्छ। जसकारण मधुमेह र रक्तचाप पनि नियन्त्रणमा रहन्छ र मुटुरोगको जोखिम कम भएर जान्छ।

के गर्ने ?

शारीरिक व्यायाम नियमित गर्ने। बच्चालाई पनि शारीरिक रूपमा सक्रिय राख्नुपर्छ। कतिपय स्कुलमा खेल्ने ठाउँ पनि हुँदैन। बालबालिकालाई घरमा मोबाइल वा टिभीमा गेम खेल्ने बानी बसेको हुन्छ। ग्याजेटको अत्यधिक प्रयोगले बालबालिकालाई अल्छी बनाउँछ र विभिन्न मानसिक तथा शारीरिक समस्या निम्त्याउँछ। मोटोपन बढ्ने गर्छ। त्यसैले बालबच्चालाई बाहिर खेलाउने र घुमाउने गर्नुपर्छ। उनीहरूलाई प्रकृतिसँग नजिक गराउने गर्नुपर्छ। दैनिक कम्तीमा पनि ३० देखि ४० मिनेट शारीरिक रूपमा सक्रिय रहनुपर्छ।

अनावश्यक तनाव लिनुहुँदैन। तनावले निद्रा बिगार्छ र मुटुमा असर गर्छ। मुटु स्वस्थ राख्नका लागि पर्याप्त मात्रामा निदाउन आवश्यक छ। तर, आवश्यकताभन्दा धेरै निदाउने, दिउँसै सुत्नेलगायत काम पनि गर्नुहुँदैन। शारीरिक रूपमा सक्रिय रहने, योग-ध्यान गर्ने, संगीत सुन्नेलगायत क्रियाकलापले तनाव कम गर्छ र राम्रो निद्रा पर्छ।

कस्ता खानेकुरा खाने ?

- खानामा नुन र चिल्लो कम गर्ने। घ्यू, चिज, पनिर, बटरलगायत चिल्ला कुराहरू थोरै प्रयोग गर्ने।
- कार्बोहाइड्रेट भएका खानेकुरा कम खाने।
- हरियो सागसब्जी तथा फलफूल प्रशस्त खाने।
- रातो मासु सकभर नखाने, बोसोयुक्त मासु नखाने।
- ड्राइफुड कम खाने।
- सादा दाल-भात-तरकारी खाने।
- गुलियो कम खाने। सकेसम्म चिनी नखानु राम्रो हो।
- तेलमा तारेका, भुटेका खानेकुरा नखाने।
- अहिले माछा-मासु छाकैपिच्छे खाने चलन छ। तर, गलत हो। सन्तुलन मिलाएर मात्रै खानुपर्छ।
- धूम्रपान र मद्यपान नगर्ने। यसले मुटुलाई प्रत्यक्ष रूपमा असर गर्छ।

रक्षाबन्धनको महत्त्व





प्रा.डा. माधव भट्टराई
संस्कृतिविद्

रक्षाबन्धन भनेको हातमा रक्षा सूत्र बाँध्ने काम हो। हाम्रो शरीरको रक्षा गर्छ भन्ने मान्यताका साथ रक्षाबन्धन गरिन्छ। यो दिन प्रायः सबैले हातमा डोरो बाँध्छन्। तागाधारीहरूले नयाँ जनै फेर्छन्।

जनैपूर्णिमा भनेको जनै लगाइसकेपछि अध्ययन आरम्भ गर्ने साइत हो। भारतका कतिपय ठाउँमा नाग पञ्चमीको दिनबाट पनि अध्ययन आरम्भ हुन्छ। तर, नेपालमा परापूर्वकालदेखि नै जनैपूर्णिमाको दिन जनै फेर्ने र वेदको अध्ययन आरम्भ गर्ने अभ्यास छ। अभिमन्त्रण गरेको जनै फेरिसकेपछि गुरुकुलमा जाने गरिन्छ। ज्ञान उपार्जनका लागि जनैको महत्त्व ठूलो छ। तागाधारीले जनै नलगाई गरेका कर्म निष्फल हुन्छ भनेर शास्त्रमा पनि लेखिएको छ। त्यसैले उनीहरू जनै नलगाई कुनै काम गर्दैनन्।

मनुष्य जन्मँदा तीनवटा ऋण (देउता, पितृ र ऋषिको ऋण) बोकेर आएको हुन्छ। देवताको ऋण तिर्न वेलाबखत यज्ञ, श्राद्ध गरेर पितृको ऋण तिर्ने गरिन्छ। ऋषिहरूको ऋण तिर्न वेदको अध्ययन गर्ने र यसरी पर्वहरूमा तर्पण दिने गरिन्छ। त्यसैले यस पर्वलाई ऋषि तर्पणी पनि भनिन्छ।

क्वाँटीको महत्त्व

यस दिन धेरैको घरमा क्वाँटी पाक्छ। विभिन्न थरीका गेडागुडी मिलाएर खाइन्छ। त्यसैले क्वाँटी खाने पूर्णिमा पनि भनिन्छ। मानिसलाई वर्षाको समय खेतीपातीको काम गर्दा चिसो लाग्ने भएकाले सर्दी निकाल्न र शरीरमा पोषक तत्व पुऱ्याउन क्वाँटी खाने गरिन्छ। यो कृषि र प्रकृतिसँग सम्बन्धित छ।

गाईजात्रा

गाईजात्रा हाम्रो सामाजिक र सांस्कृतिक परम्परा हो। यो निकै पुरानो पर्व हो। हरेक साल भाद्र कृष्ण प्रतिपदाको दिन दिवंगत भएका पितृ र बन्धुहरूको सम्झनामा गाईको स्वरूप बनाएर वा विभिन्न झाँकी निकालेर दुःख बिर्सने गरिन्छ। जुन घरमा पितृ वा बन्धुको निधन भएको छ, त्यही घरबाट जात्रा निकालिन्छ। कसैले गाई नै निकाल्छन्। कसैले झाँकी र विभिन्न किसिमका स्वरूप धारण गरेर नगर परिक्रमा गर्छन्। यसपटक जनैपूर्णिमा र प्रतिपदा एकै दिन परेको छ।

वास्तुशास्त्रअनुसार यस्तो बनाउनुस् घर



वास्तुशास्त्रको मुख्य मान्यता प्रकृतिको सान्निध्यमा रहेर संरचनाहरू निर्माण हुनुपर्छ भन्ने हो। यसले घर वा भवनमा ऊर्जा प्रवाह गर्छ। भूमि, नाग, भूमिदेवी, तथा पर्यावरणीय सन्तुलन कायम हुन्छ र व्यक्तिलाई प्रकृतिसँग तालमेल गर्दै आनन्दमय जीवन व्यतीत गर्न सहयोग पुऱ्याउँछ।

प्रवेशद्वार

घर बनाउँदा सकेसम्म उत्तर वा पूर्व फर्किएको भूमिमा निर्माण गर्नु उपयुक्त हुन्छ। प्रमुख प्रवेशद्वार घडेरीको बनावटअनुसार पूर्व, उत्तर, पूर्व-उत्तर वा पश्चिम दिशामा हुनु राम्रो मानिन्छ। यसको ढोका अन्य ढोकाभन्दा ठूलो तथा अत्यन्त सुशोभित हुनुपर्छ।

भान्साकोठा

घर निर्माण गर्दा भान्साकोठाको स्थान दक्षिण-पूर्व आग्नेय दिशामा हुनुपर्छ। यो सम्भव नभएमा कोठाको दिशा हेरेर पनि मिलाउन सकिन्छ। सामान्यतया खाना पकाउँदा पूर्व वा उत्तर फर्किएको हुनुपर्छ।

इनार वा जलाशय

घरको पूर्व र उत्तर ईशान दिशामा पानीट्यांकी वा अन्डरग्राउन्ड इनार राख्नु राम्रो मानिन्छ।

पूजाकोठा

पूर्व-उत्तर ईशान दिशाको बीचमा पूजाकोठा हुनु राम्रो मानिन्छ। ईशान्य कोठा हुनुपर्छ। जहाँ पढ्ने कोठा वा पूजाकोठा राख्न मिल्ने हुनुपर्छ।

बैठक कोठा

बैठक कोठा उत्तर फर्किएको राम्रो मानिन्छ। ढोका खोल्दा भित्र परेको हुनुपर्छ। घरको बीचमा बैठक कोठा बनाएको राम्रो मानिन्छ।

शयन कक्ष

घरको दक्षिण वा पश्चिम दिशातिर सुत्ने कोठाको स्थान बनाउँदा राम्रो हुन्छ। घरमूलीको शयन कक्ष घरको दक्षिण-पश्चिममा र सुत्दा शिर दक्षिणतर्फ हुनुपर्छ।

अध्ययन कक्ष

अध्ययन कक्ष नैऋत्य र पश्चिम दिशाको मध्य, पश्चिम दिशा, वायव्य दिशा, उत्तर दिशा वा ईशान कोणको पूर्व दिशामा बनाउनु उपयुक्त हुन्छ। उत्तर, ईशान र पूर्व दिशा अगम्य ज्ञान र तेजको दिशा हो। अध्ययन कक्ष उत्तर भएको राम्रो हुन्छ।



अमृत ढुंगाना, ज्योतिष
दैवज्ञ जोतिष कार्यालय, काठमाडौं

शौचालय

घरमा शौचालय दक्षिण वा पश्चिम दिशामा बनाउँदा राम्रो हुन्छ। शौचालयको धारा उत्तर, पश्चिम वा पूर्व फर्नेे हुनुपर्छ। शौचालयमा बस्दा पूर्व वा पश्चिम फर्किनु आवश्यक छ।

वास्तुअनुसार घर बनाउन नमिल्दा

- सबैभन्दा पहिले वास्तुशास्त्रअनुसार घर निर्माण गर्नुअघि नै विचार पुऱ्याउनुपर्छ। तर, कतिपय अवस्थामा सम्पूर्ण वास्तुविज्ञानअनुसार मिलेको घर निर्माण गर्न सकिँदैन। त्यसैले घरमा स्वस्तिक चिह्न राख्ने, घरको ढोकामा अष्टमंगल घरको चिह्न राख्ने र घरको पाँचवटा ढोकामा कलश राख्ने गरिन्छ।
- वास्तु नमिलेको ठाउँमा वास्तुदोष कम गर्न कोठामा समान दाया-बायाँ गर्ने, सार्ने, कोठामा फरक-फरक रङ लगाउने, अन्य डिजाइनका सजावटका सामग्री छनोट गर्न सकिन्छ। जस्तै : भित्र चारवटा दिशामा सामान मिलाएर राख्न सकिन्छ। खाटको सिरानी पूर्व-दक्षिण फर्काउने गर्नुपर्छ।
- ईशान कोण र नैऋत्य कोणमा निकै ख्याल राख्नुपर्छ। यो दिशामा भण्डारण हुनुहुँदैन। त्यस्तै, चुलो र चर्पी पनि हुनुभएन। प्रकृतिको मूल आधार नै नैऋत्य भएकाले गर्दा यो दिशा सन्तुलनमा हुनुपर्छ। यसरी दोष कम गर्दा घरमा सुख र शान्ति कायम रहन्छ।

मनीषा कोइराला र दिव्या दत्ता एउटै मञ्चमा

त्रिदिवसीय साहित्य महोत्सव 'सूर्य नेपाल काठमाडौं-कलिङ साहित्य महोत्सव'का सम्पूर्ण सेसनको तालिका सार्वजनिक भएको छ। भदौ १५ गते (शुक्रबार)बाट होटेल हिमालयमा सुरु हुने साहित्य महोत्सवमा करिब पाँच दर्जन सेसन हुने आयोजकले जनाएको छ।

दक्षिण एसियाका नेपाललगायत भारत, भुटान, बंगलादेश र श्रीलंकासमेतका लेखक तथा कलाकारहरू भेला हुने यो अन्तर्राष्ट्रिय महोत्सव यशस्वी प्रज्ञा प्रतिष्ठान, नेपाल र कलिङ लिटरेरी फेस्टिभल (केएलएफ) भारतको संयुक्त आयोजनामा हुँदै छ।

कुल ५७ वटा सेसन रहेको महोत्सवको पहिलो दिनको पहिलो सेसनमा डा. विवेक डेब्रोय, जगमान गुरुङ, प्रो. अवधेष प्रधान र प्रो. बिना पौडेलले 'शक्ति र भक्ति-सभ्यतागत सम्बन्ध, विश्वव्यापी विचारको केन्द्र नेपाल' शीर्षकमा छलफल गर्नेछन्।

पहिलो दिन नै यस महोत्सवकी मुख्य आकर्षण बलिउड अभिनेत्री तथा लेखिका दिव्य दत्ताले आफ्नो सिनेमा



यात्राबारे प्रस्तुति दिनेछिन्। त्यसैगरी, बलिउड तथा नेपाली सिनेमा क्षेत्रमा काम गरेकी अभिनेत्री मनीषा कोइराला दोस्रो दिनको मुख्य आकर्षण रहनेछिन्। यी दुई अभिनेत्री एउटै मञ्चमा समेत देखिनेछन्। अभिनेत्रीद्वय दिव्या र मनीषाले दक्षिण एसियाली सिनेमाका चुनौती र सम्भाव्यताबारे अन्तर्क्रिया गर्ने कार्यक्रम छ।

कम समयमै राम्रो मेकअप

समय अभावका कारण कतिपयले चाहे जसरी मेकअप गर्न वा पार्लर धाउन पाइरहेका हुँदैनन्। त्यसैले व्यस्त मानिसले त्यहीअनुसार रुटिन बनाउनुपर्छ। मेकअपको केही प्रडक्ट किनेर राख्नु राम्रो हुन्छ। यी प्रडक्टले छोटो समयमै तपाईंलाई सिम्पल, स्मार्ट र आकर्षक लुक्स दिन्छन्।

फेसवास : सबैभन्दा पहिले तपाईंको अनुहार फेसवास प्रयोग गरेर मज्जाले गर्नुस्। एलोभेरा, काँक्रो, गुलाब, नीमलगायत तत्त्वले बनेका फेसवासले तपाईंको छालालाई गहिरोसँग सफा गरेर नरम बनाउँछन्। हरेक स्किन टाइपका लागि यो काम आउन सक्छ।

मोस्चराइजर : फेसवासपछि फेरि तपाईंको अनुहारलाई नरम बनाउन जरुरी हुन्छ। यसका लागि तपाईंले आफूलाई मन परेको मोस्चराइजर प्रयोग गर्न सक्नुहुन्छ। एलोभेरा जेल वा निभियाका लाइट मोस्चराइजर क्रिम पनि राम्रो विकल्प हुन सक्छ। यी प्रडक्टले तपाईंको अनुहारमा लामो समयसम्म मेकअप टिकाउने काम गर्छन्।

कम्प्याक्ट पाउडर : आफ्नो स्किन टोनअनुसार फाउन्डेसन प्रयोग गर्न सक्नुहुन्छ। अनुहारमा धेरै दाग-धब्बा छ भने कन्सिलरले पनि ढाक्न सकिन्छ। सीधै कम्प्याक्ट पाउडर लगाउँदा पनि हुन्छ।

आइलाइनर : आइलाइनरको एक स्वाइपले तपाईंको लुक्सलाई राम्रो बनाउने सामर्थ्य राख्छ। आँखामा गाजल पनि लगाउन सक्नुहुन्छ।

लिपग्लास : लिपस्टिकको साटो लिपग्लास लगाउनु राम्रो हुन्छ। यसले ओठलाई चम्किलो र बोल्ड देखाउँछ। लिपग्लास हल्का र ननस्टिकी हुन्छ। यसले ओठलाई नरम बनाउँछ।



गोसाइँकुण्डमा तीर्थाटनसँग पदयात्राको मज्जा

अनु आचार्य

काठमाडौं। गोसाइँकुण्डको "गो" र "साइँ" शब्दले भिन्दा भिन्दै अर्थ बोक्छन्। "गो" भन्नाले पृथ्वी र "साइँ" भन्नाले मालिक बुझाउँछ। यसरी गोसाइँकुण्ड अर्थात् पृथ्वीको मालिक।

हिन्दु र बौद्ध धर्मावलम्बीको पवित्र तीर्थस्थल हो गोसाइँकुण्ड। पौराणिक कथनअनुसार भगवान शिवले कुण्डको सिर्जना गरेका हुन्। आन्तरिक पर्यटक मनोकांक्षा पूरा हुने विश्वासले गोसाइँकुण्ड पुग्छन्। विदेशी पर्यटक भने पदयात्राका लागि गोसाइँकुण्ड रोज्ने गरेका छन्।

कहिले लाग्छ मेला ?

यस वर्ष भदौ ४ गतेदेखि सुरु भएको मेला जनैपूर्णिमाको दिनसम्म चल्नेछ। यस अवधिमा गोसाइँकुण्डमा पूजाआजा गर्दा मनोकांक्षा पूरा हुने जनविश्वास छ। यहाँ हरेक वर्ष जेठ शुक्ल दशमीका दिन पनि भव्य मेला लाग्छ।



किंवदन्ती

पौराणिक कथनअनुसार परापूर्वकालमा देवता र दानवबीच लडाइँ हुँदा समुद्र मन्थनबाट उत्पन्न कालकुट विष भगवान् शिवले सेवन गरेका थिए। अनि, त्यो विषको डाह शान्त पार्न हिमालय खण्डको काखमा पुगे। गोसाइँ बाबाका रूपमा त्यहाँ पुगेका भगवान शिवले त्रिशूल भित्तामा हिर्काए र गंगा जल अर्थात् त्रिशूल धाराको उत्पति भयो। त्यही त्रिशूल धाराको पानीबाट गोसाइँकुण्ड बन्यो।

त्रिशूल हिर्काउँदा आएको पानी निकास भएकाले नदीको नाम पनि त्रिशूली रहन गएको पौराणिक कथन छ। कुण्डमा स्नान गरी गोसाइँ बाबाको दर्शन गर्नाले पितृ तर्ने, चिताएका मनोकांक्षा पूरा हुने तथा जीवनभर गरेको पापबाट मुक्ति पाइन्छ भन्ने धार्मिक विश्वास छ।

प्रकृतिले भरिपूर्ण

प्राकृतिक रूपमा पनि निकै आकर्षक कुण्डको लम्बाइ ६ सय मिटर र चौडाइ तीन सय ७० मिटर छ। उच्च हिमाली क्षेत्रमा अवस्थित गोसाइँकुण्ड जैविक विविधताले पनि भरिपूर्ण रहेको छ। यसको वरिपरि भैरवकुण्ड, आमाकुण्ड, सूर्यकुण्ड, सरस्वतीकुण्ड, रक्तकुण्ड, चन्द्रकुण्ड, दूधकुण्डलगायतका करिब एक सय आठ कुण्ड छन्। यहाँ १४ प्रजातिका गुराँस, लोपोन्मुख वन्यजन्तु, विभिन्न प्रजातिका वनस्पति, चराचुरुंगी पनि पाइन्छन्। घट्टेखोला, देउराली, डिम्सा, चन्दनबारी, चोलाडपाटी, लौरी बिना, बुद्धडाँडा र गणेशगौँडा मनोरम दृश्यका गन्तव्य हुन्। त्यस्तै, कुण्डनजिकै अमरसिंह गुफा र अमरसिंह थापाको चिहान छ।

कसरी पुग्ने ?

काठमाडौंबाट गोसाइँकुण्ड सामान्यतः तीन दिनमा पुगिन्छ। एक दिन गोसाइँकुण्डमा बिताउने र फर्किने समय पनि हिसाब गर्दा करिब एक हप्ता छुट्याउनुपर्छ। गोसाइँकुण्ड जानलाई धुन्चे-गोसाइँकुण्ड, ठाडेपाटी-गोसाइँकुण्ड, यार्सा-गोसाइँकुण्ड र सागरकुण्ड-गोसाइँकुण्ड गरी चारवटा पदमार्ग सञ्चालनमा छन्।

चल्तीको पदमार्ग भने काठमाडौं-धुन्चे-गोसाइँकुण्ड नै हो।

काठमाडौंबाट धुन्चेसम्म गाडीमा यात्रा गर्न सकिन्छ। धुन्चेबाट पहिलो दिन चन्दनबारी वा लौरीबिना र दोस्रो दिन गोसाइँकुण्ड पुगिन्छ। काठमाडौं-सुन्दरीजल/हेलम्बु-ठाडेपाटी बाटो हुँदै पनि यहाँ पुग्न सकिन्छ।

के-के लैजाने ?

गोसाइँकुण्ड चार हजार तीन सय ८० मिटरको उचाइमा छ। जहाँ लेक लाग्ने सम्भावना प्रबल हुन्छ। लेक लाग्ने तथा पैदल यात्रा धेरै गर्नुपर्ने भएकाले रेनकोट, स्लिपिङ ब्याग, न्यानो कपडा, टोपी, ज्याकेट, पन्जा, ड्राइफुड, चकलेट, लसुन, अदुवा, सातु, थर्मस आदि बोक्नुपर्ने हुन्छ। सिटामोल र अल्टिच्युड सिकनेसका औषधि बोक्न बिर्सिनुहुन्न।

शासकीय इमानको 'स्थायी बन्ध्याकरण' !

नेता हुन नैतिक शक्ति आवश्यक हुन्छ भन्ने राजनीतिक संस्कारको विकास हुनै नपाएको नेपालमा राज्य संयन्त्रकै अग्रसरतामा शासकीय इमानको 'स्थायी बन्ध्याकरण' गरियो



● सुरेश प्राञ्जली


अग्रलेख

एकजना बेलायती लेखक रिचार्ड डी राइडरको किताब 'पुटिङ मोरालिटी ब्याक इन्टु पोलिटिक्स'मा तर्क गरिएको छ- 'जब शासकीय राजनीतिले इमान गुमाउँछ, सो मुलुकमा मूल शासकीय मुद्दा नै प्राथमिकतामा पर्दैन। राज्य भाँड बन्दै जान्छ, शासनकर्ताको उद्दण्डता खपिनसक्नु हुन्छ, मुलुकभित्र सुशासन मापन गर्ने शासकीय परिसूचक कमजोर बन्दै जान्छन्।' यतिखेरको 'दुर्बल नेपाल' यस अभिव्यक्तिको ज्वलन्त उदाहरण हो भन्दा हुन्छ। यहाँको शासकीय राजनीतिसहित प्रशासनिक संरचनादेखि सार्वजनिक स्थलसम्मै यसको असर परेको देखिन्छ। नैतिक आचरण संस्थागत हुने सवालमा राज्य स्वयं हच्किने गरेको छ। मुलुकमा पछिल्लो ललिता निवास प्रकरण, एक क्विन्टल सुन तस्करी, नक्कली भुटानी शरणार्थी, सन्दीप लामिछाने प्रकरणसहितका केही प्रकरणले मात्रै पनि कार्यपालिकीय, व्यवस्थापकीय, न्यायपालिकीयसहितका राज्य संयन्त्र र तिनको 'शासकीय इमानको झिल्ली' कतिसम्म 'डेलिकेट' रहेछ भन्ने सम्पुष्टि गरिसकेका छन्।

त्यसो त जर्मन दार्शनिक इमानुअल कान्त 'व्यक्तिको इमान नै सार्वजनिक जीवनको सबैभन्दा कडा नियम' भएको ठान्छन्। दार्शनिक व्याख्याले व्यवहारलाई हुबहु निर्देश त नगर्ला, भलै त्यसबाट केही गुणकारी तत्त्व बाध्यात्मक रूपमा आउन नसक्ने भन्नेचाहिँ होइन। नेपाल आफैंमा कमजोर सुशासन भएका मुलुकको सूचीलाई माथ गर्ने मुलुक हो, जहाँको शासकीय राजनीतिमा आएको नैतिक मूल्यको ह्रासलाई अभिशाप नै मान्नुपर्ने हुन्छ। र, यसैको दुष्परिणाम होला- मुलुक दशकौंदेखि राजनीतिक-आर्थिक विकासको तिर्खामा छट्पटिनुपरेको ! यहाँ त शासकीय समृद्धिको मर्ममा नैतिक पक्ष गौण भइदियो र नतिजा प्राप्ति सहजउन्मुख हुन सकेन।

हाम्रो राजनीतिक अभ्यासले जहिलेदेखि लोकतान्त्रिक गुण हासिल गरेको भनेर अर्थ्याउन थालियो, ठिक त्यही समययताको राजनीतिको वा राजनीति गर्दै आएका पात्रको इमानको रेखाचित्र कोर्ने हो भने नेपाली राजनीतिक अभ्यासको कुनै पनि मोडमा यो उकासिएको देखिन्न। त्यस्तो रेखाचित्र उकास्ने भनेको मूल्य-निर्देशित राजनीतिले हो, तर नेपालको राजनीति आजसम्म मूल्य-निर्देशित हुन सकेको कसैले पनि महसुस गरेको पक्कै पनि छैन ! शास्त्रीय राजनीतिक वैज्ञानिक मेकियावेली र थोमस हब्सले सयौं वर्षपहिल्यै पैरवी गरेको राजनीतिमा नैतिक संस्कारलाई रातारात फेरिएको नेपालका राजनीतिक पात्रको जीवनशैलीले व्यंग्य नै गरेको प्रतीत हुन्छ। नेपालले बोकेको 'समृद्धि सपना' यहाँका राजनीतिकर्मी सबैजसोलाई ज्ञात छ, तर त्यही समृद्धिजन्य राज्य दर्शनको कार्यान्वयन गर्नुपर्ने 'कर्ता'मा इमान र आर्थिक समृद्धिबीचको सम्बन्धको तात्विक ज्ञानचाहिँ छैन। यहाँका नागरिक व्यक्तिलाई आफ्नो आधारभूत नैतिक दायित्वको बोध हुन नसक्नु नै मुलुकको विकास व्यवस्थापनको खास समस्या हो।

वैश्विक परिदृश्यमा जति पनि विकसित मुलुक छन्, त्यस्ता मुलुकमा कानुनी अभ्यासभन्दा बढ्ता नैतिक मूल्यसहितको राजनीतिक संस्कारको विकास भएको देखिन्छ। नैतिक बन्धनले व्यक्तिलाई बाँधिदिएकाले सामाजिक स्वनियमन कायम हुन पुग्छ, जसको सकारात्मक प्रभाव शासकीय राजकाजमा पर्ने भइहाल्यो। हामीले वेलावेला दृष्टान्तमा लिने कतिपय पश्चिमा मुलुकका नागरिकले सार्वजनिक स्थलमा देखाउने अनुशासन त्यहाँ विकसित उत्तरदायित्वपूर्ण राजनीतिक संस्कारको उपज हो न कि कानुनी बन्धनको। शासनकर्तामा हुने इमानले राजनीतिक वैधताको आधार निर्माण गर्छ। भलै नेपालको सन्दर्भमा यो अद्यापि गौण हुनुको तात्पर्य शासकीय सत्तामा रहने वा बाहिरिने कोहीमा पनि यसले बाध्यात्मकता सिर्जना गर्न नसक्नु हो। नेपालको शासकीयतामा त आजसम्म शासनको निम्ति 'इमान' पनि अनिवार्य सर्त बन्न सक्छ भन्ने अन्दाजसम्म छैन। पछिल्लो समय मुलुकको निर्वाचन प्रणाली र यससम्बन्धी कानुनी सुधारका निम्ति निर्वाचन आयोगले प्रस्ताव गरेका केही 'नयाँ' कानुनी प्रावधानउपर कतिपय राजनीतिक दलका नेताले आगो ओकेल्न थालिसकेका छन्। किनभने, ती प्रावधान यथाढाँचामै अनुमोदित भए भने तिनले व्यक्तिको इमानजन्य नियमनको सामर्थ्य राख्छन्। नेताको उक्त 'आगो ओकल्याइ'को पछाडि यहाँको राजनीतिक 'स्कुलिङ' नै बढी जिम्मेवार हुन सक्छ। यसको परिणाम भनेको यसले सिंगो राजनीतिक सामाजिकीकरणको मूल्यलाई द्रुततर रूपमा क्षयीकरण गर्दै लगेको छ।



> हाम्रो राजनीतिक अभ्यासले जहिलेदेखि लोकतान्त्रिक गुण हासिल गरेको भनेर अर्थ्याउन थालियो, ठिक त्यही समययताको राजनीतिको वा राजनीति गर्दै आएका पात्रको इमानको रेखाचित्र कोर्ने हो भने नेपाली राजनीतिक अभ्यासको कुनै पनि मोडमा यो उकासिएको देखिन्न

> मुलुकको निर्वाचन प्रणाली र यससम्बन्धी कानुनी सुधारका निम्ति निर्वाचन आयोगले प्रस्ताव गरेका केही 'नयाँ' कानुनी प्रावधानउपर कतिपय राजनीतिक दलका नेताले आगो ओकेल्न थालिसकेका छन्। किनभने, ती प्रावधान यथाढाँचामै अनुमोदित भए भने तिनले व्यक्तिको इमानजन्य नियमनको सामर्थ्य राख्छन्।

त्यस्तो त इमान र विकासको सम्बन्ध पर्गेल्न छिम्केकी मुलुक चीनलाई हेरे पनि हुन्छ। असीको दशकताका चिनियाँ शासनले आर्थिक रूपान्तरणको सम्भावित नतिजा-सूचक नै शासकीय-इमानसँग गाँस्यो। चिनियाँ शासकीय शैलीसित शासकको नैतिक मूल्य नगाँसिँदो हो त सायद चीन आज विकासको सही बाटो पहिल्याउन नसकेर बीच बाटोमै अलमलिइरहेको हुँदो हो। यो त एक उदाहरण मात्रै भयो। तर, खास सवाल के हो भने राजनीतिक लोकतन्त्रमा इमान-निर्देशित शासकीय गुणले मात्रै आर्थिक विकासलाई सही निकास दिन सक्दो रहेछ। यही सन्देश चीनले विश्वसामु सम्प्रेषण गरिसकेको छ। जुन समयदेखि चीनमा 'कम्युनिस्ट वैचारिकता नै नयाँ चीनको आधार हो' भन्ने मान्यताको जगमा त्यहाँको शासकीय अभ्यासको सर्वमान्य सूत्रको खोजी गरियो, त्यही समयदेखि त्यहाँको शासनमा इमान अनिवार्य सर्त बनिदियो। सायद त्यो नै आजको समृद्ध चीन र चिनियाँ आधुनिकीकरणका निम्ति रामवाण थियो।

नागरिक अभिमतका आधारमा नै शासनको वैधताको स्तर सिद्ध हुन्छ र शासन गर्ने पात्रको इमानले त्यसलाई थप मजबुत तुल्याउँछ। नेपालको राजनीतिक शासकीयता हेर्ने हो भने एउटा सामान्य उदाहरणले मात्रै पनि हाम्रो 'सार्वजनिक-नैतिक' अभ्यासलाई छर्लंग पार्छ। जब कोही सार्वजनिक पदधारी व्यक्ति कुनै सार्वजनिक समारोहको अतिथि बन्छ, त्यतिबेला उसले आफ्नो पदीय दायित्व भुसुक्कै बिर्सिदिन्छ। यसरी बिर्सिइहँदा उसलाई उसको नैतिक बन्धनबारे सम्झाउने सामर्थ्य कानुनी बन्धनले मात्रै पक्कै राख्दैन। अनुत्पादक त्यस्ता समारोहमा त्यस्ता व्यक्तिको उपस्थिति राज्यकै समयको बर्बादी हो। त्यस्तो कार्यलाई देशको कुनै पनि कानुनी धाराले आजसम्म 'दण्डनीय' मानेको छैन। भलै, यस किसिमका सवाल भनेका व्यक्तिको इमानसँग जोडिने सवाल हुन्।

त्यसो त नेपालमा इमान र राजनीतिबीच आपसी बेमेल देखिन्छ। यी दुई शब्दलाई नै पनि आपसी विरोधाभाषपूर्ण मर्म बोक्ने शब्दका रूपमा हेर्ने गरिन्छ, जुन अन्यथा होइन। नेपालमा व्यक्ति जब दलीय राजनीतिसँग जोडिन्छ, उसले आफूलाई यस लोकको मात्रै होइन 'चौध भुवन'कै हर्ताकर्ता ठान्न थाल्छ। यसो भनौं, ऊ आफूले आफूलाई ईश्वरीय शक्तिले सिञ्चित भएको ठान्छ। तत्कालीन फ्रान्सेली तानाशाह लुई चौधौंलाई नै बिर्साउने गरी शक्तिको मूल स्रोत भनेकै ऊ आफू हो भन्ने भ्रमको पर्दाले उसको बचेखुचेको विवेकमा ताल्चा मारिदिन्छ। यस्तो भ्रमले ऊमाथि शासन गरिरहँदा नैतिक मूल्यको भने उसलाई हेक्का हुँदैन। किनभने, उसको विवेकको दैलो नै बन्द भइसकेको छ। फलतः विवेक घट्दो हुन्छ भने दम्भ र सनकको पारोचाहिँ चढ्दो। यही दम्भ र सनकले नै अन्ततः उसले गर्ने राजनीतिक अभ्यासलाई निर्देश गर्न पुग्छ। फलतः इमान/नैतिकताले ठाउँ पाउने सवालै रहेन।

पछिल्लो समय नेपालमा मूल्यको राजनीतिप्रतिको दलीय मोह भंग भइसकेको तर्क गर्ने गरिन्छ। पुँजीवादी राजनीतिक विचार बोक्ने राजनीतिक दल होऊन् वा समाजवादी विचारधारा अथवा विकासका निम्ति निकास र राजनीतिक शुद्धीकरणको 'एजेन्डा' बोकेर आएका दल नै किन नहोऊन्, तिनमा मूल्यको राजनीतिप्रतिको मोहभंग दलीय नैतिक क्षयीकरणको परिणामस्वरूप नै हुने हो। उक्त नैतिक क्षयीकरणको दीर्घकालीन असर भनेको आमनागरिकमा राजनीतिप्रतिको बचेखुचेको आस्था र विश्वासमा आउने क्रमिक घटोत्तरीमा गएर रुपान्तरित हुने हो। यो दर घट्दै जाँदा अन्ततोगत्वा राजनीतिक वैधताको न्यूनतम सर्तमै पनि आघात पर्ने जगजगी बढ्छ। हुन त नेपालमा ज्ञान र नैतिकता/इमानको अभावमै नेपाली राजनीतिक 'चेतना' र 'वैचारिकता' उत्पादन भएको तर्क स्थापित छ। नेपालको दुर्भाग्य नै के मान्नुपर्छ भने यहाँ नेता हुनका निम्ति नैतिक शक्तिको समेत आवश्यकताबोध हुने गरी राजनीतिक संस्कारको विकास हुने पाएन। मूल्यको राजनीतिका निम्ति यहाँका राजनीतिक-कर्ताको अभिमुखीकरण हुने सकेन। तब त नेपालको राजकाज लोकतान्त्रिक खास सौन्दर्यबाट विमुख हुन पुग्यो। यसको मूल कारण नै यही हो कि यहाँ राज्य संयन्त्रकै अग्रसरतामा शासकीय इमानको 'स्थायी बन्ध्याकरण' गरियो।

३ प्रश्न

राजनीतिक विश्लेषक **शंकर तिवारी**लाई



कांग्रेस केन्द्रीय समितिले १५ भदौभित्र विभाग गठन गरिसक्ने निर्णय गरे पनि त्यो पूरा नहुनुलाई के भन्नुहुन्छ ?

सायद नेतृत्व पार्टीका भ्रातृ संस्थाहरूको पुनर्गठनलाई पूर्णता दिइसकेपछि विभाग गठनलाई अघि बढाउन चाहन्छ। तर, अहिले जति पनि भ्रातृ संस्थाहरूको पुनर्गठन भएको छ, त्यसपछि असन्तुष्टिका स्वरहरू झनै बढेका छन्। संस्थापन पक्षले एकपक्षीय रूपमा भ्रातृ संस्था पुनर्गठन गरेपछि विभाग गठनमा संस्थापन र इतर समूहबीच सहमति हुन नसकेको हुनुपर्छ। सायद त्यसैले गर्दा ढिलाइ भइरहेको होला।

भ्रातृ संस्थाहरूभित्रको विवादबारे के भन्नुहुन्छ ?

कांग्रेस नेतृत्वले तरुण दल, महिला संघ, नेविसंघजस्ता भ्रातृ संगठनको पुनर्गठन गरे पनि त्यो लगभग एकपक्षीय भएको छ। यसमा विगतको महाधिवेशनमा सभापतिका प्रतिस्पर्धी शेखर कोइरालाले पाएको ४० प्रतिशत मतलाई आधार मान्ने कि केन्द्रीय समितिमा शेखर-गगन समूहका सदस्यको ३० प्रतिशतलाई आधार मान्ने भन्नेमा विवाद देखिन्छ। नेतृत्वले आफूभन्दा विपरीत धारमा उभिएका पार्टीका नेता तथा कार्यकर्तालाई न्याय नहुने गरी भ्रातृ संस्था पुनर्गठन गरेको हुनाले समस्या देखिएको हो।

कांग्रेस किन यसरी लथालिंग अवस्थामा रहेको होला ?

लथालिंग नै त भन्न नमिल्ला। पहिले पहिले चार वर्षसम्म लाग्थ्यो, विभागले पूर्णता पाउन। अहिले भने लगभग डेढ वर्षमा यो पूरा हुने अवस्था देखिँदै छ। तर, सभापति विधानसम्मत चल्न सकेको देखिन्न। इतर समूहले पनि सभापतिको एकपक्षीय निर्णयपछि साथ दिन सक्ने अवस्था देखिन्न। त्यसले गर्दा मात्र समस्या देखिएको हो।

प्रेरक प्रसंग

कुन साँचो कुन झुटो ?

एक पानीजहाजका सहायक चालक तीन वर्षदेखि सोही जहाजमा कार्यरत थिए। एक दिन उनी रक्सीको नशामा डुबे। उनको कार्यकालमा यस्तो घटना पहिलोपटक भएको थियो। क्याप्टेनले यस घटनाबारे जहाजको नियमित रजिस्टरमा यसरी उल्लेख गरेका थिए- आजको रात जहाजका सहायक चालक रक्सीमा नशामा डुबेका थिए।



भोलिपल्ट होसमा आएपछि सहायक चालकले क्याप्टेनले लेखेको विवरण पढे। क्याप्टेनको यस एक वाक्यका कारण उनको जागिर जान सक्थ्यो। त्यसैले, उनी क्याप्टेनसामु पुगे। त्यस घटनाका लागि माफी मागे। उनले हात जोडेर क्याप्टेनसित भने- सर, रजिस्टरमा हजुरले लेखेको वाक्यले मेरो जागिरे जीवन नै धरापमा पर्न सक्छ। त्यसैले, त्यस वाक्यको अन्तिममा 'यस्तो घटना तीन वर्षमा पहिलोपटक भएको हो' भन्ने एक वाक्य थपिदिनुहोस् न है ? आखिर सत्य पनि त यही हो।

क्याप्टेनले उनको आग्रह अस्वीकार गर्दै भने- मैले रजिस्टरमा जे लेखेको छु, त्यो नै सत्य हो। त्यसैले, त्यसमा कुनै संशोधन हुन सक्दैन। यस घटनाको केही दिनपछि रजिस्टर भर्ने पालो सहायक चालकको थियो। उनले रजिस्टरमा लेखे- आजको रात क्याप्टेन साहेबले रक्सी पिउनुभएन। अर्को दिन क्याप्टेनले रजिस्टर पल्टाउँदा त्यस्तो लेखेको देखेपछि सहायक चालकलाई भने- तिमीले जे लेख्यौ, त्यसमा मेरो गुनासो छैन। तर, तिमीले यो अपूरो वाक्य लेख्न पाउँदैनौ। त्यसैले, कि त यसलाई परिवर्तन गर कि त पूरा विवरण लेख। किनकि, तिम्रो अहिलेको लेखाइबाट त म हरेक दिन रक्सी पिउँथें र हिजो मात्र मैले रक्सी पिइनँ भन्ने बुझिन्छ। तर, सहायक चालकले मन्द मुस्कानसाथ जवाफ दिए- यो हुन सक्दैन सर। मैले जे लेखेको छु। त्यो नै सत्य हो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

एमालेको भविष्यबारे छलफल होस्

यतिखेर सिराहामा एमालेको सचिवालय बैठक बसिरहेको छ। बैठकमा अन्य विषयका अतिरिक्त एमाले पार्टीको भविष्यबारे पनि छलफल गर्नु जरुरी छ। एमाले सुन्दर भविष्य बोकेको पार्टी थियो। तर, नेतृत्वको गलत कार्यशैलीले आज एमालेको सुन्दर भविष्यमा ग्रहण लागेको छ। जेजति घोटाला र काण्ड सतहमा आउँछन्, तीमध्ये दुईतिहाइ एमालेको वर्तमान नेतृत्वतर्फ नै सोझिने गरेका छन्। यती, ओम्नीदेखि गिरीबन्धु टी स्टेटसम्म अनि गोकर्ण फरेस्टदेखि तेह्रथुमको चुमान एयरपोर्टको नामकरण र लुम्बिनीमा नियमविपरीत आङछिरिङ शेर्पाको स्मारक बनाउन जग्गा दिएकोसम्म एमाले नेतृत्वको नाम जोडिएकै हुन्छ। त्यसैले, पनि यतिखेर एमालेको भविष्यबारे छलफल हुन जरुरी छ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

महानगरको सकारात्मक पहल

काठमाडौं महानगरपालिकाले राजधानीका आकासे पुलमा ज्येष्ठ नागरिक, बालबालिका र अपांगता भएका नागरिकलाई ध्यानमा राखेर लिफ्ट जडान गर्ने निर्णय गरेको सुन्न पाउँदा खुसी लागेको छ। यसले हामीजस्ता अपांगता भएका मानिसका लागि पनि सडक पार गर्न सहज हुने निश्चित छ। त्यसैले, महानगरको यस निर्णयलाई छिटोभन्दा छिटो कार्यान्वयन गर्न अनुरोध छ। साथै, राजधानीका अधिकांश सडकपेटी हिवलचेयर फ्रेन्डली नभएकाले त्यसतर्फ पनि महानगरको ध्यान जानु जरुरी देखिन्छ।

● **युनिका महर्जन**
घट्टेकुलो, काठमाडौं

कांग्रेस किन यति अस्तव्यस्त ?

कांग्रेसका अधिकांश निर्णय अलपत्र पर्दै आएका छन्। उसले तोकेको डेटलाइनभित्र विभागहरू अझै पनि नबन्ने पक्का भएको छ। उसका अधिकांश भ्रातृ संगठनभित्र चर्को विवाद छ। नेतृत्वलाई यस्तो विवादसँग कुनै चासो छैन। उसले विवाद मिलाएर भ्रातृ संगठनलाई चलायमान बनाउने विषयमा सोच्नसम्म पनि सोचेको छैन। नेतृत्वलाई संगठनको भन्दा सत्ता प्राप्तिको मात्र चिन्ता छ। उसलाई संगठनको चासो छैन। कांग्रेस नसुध्रिने नै हो त ?

● **अमृत वाइबा**
पाँगा, कीर्तिपुर

'नन अफ द एभब' सही या गलत ?

सीधा हेर्दा सही देखिए पनि तरकारीमा नुन कम भएजस्तै यसमा पनि केही कमी भने अवश्य छ। 'नो भोट'को व्यवस्थाले कतै बारम्बार चुनाव मात्रै हुने त होइन ? बारम्बारको चुनावले दल र ठूला व्यापारी, माफिया त खुसी होलान्, तर चुनावको आर्थिक भार देश र जनतामाथि नै पर्नेछ। किनकि हरेक चुनावपछि बन्ने सरकारको पहिलो प्राथमिकता मूल्यवृद्धि गराउनु नै हुन्छ। मूल्यवृद्धि किन हुन्छ, त्यो आमजनतालाई थाहा छ। त्यसैले, यहाँ एक उम्मेदवारलाई मात्र होइन, पूरै दललाई नै रिजेक्ट गर्ने व्यवस्था ल्याउन जरुरी छ।

अहिले नेपालमा एक उम्मेदवारभन्दा पनि ठूला दलप्रति नै नेपाली जनताको बढी वितृष्णा देखिन्छ। हिजो जनताले रिजेक्ट गरेका नेताका दलकै कारण आज रजगज चलिरहेको छ। दलहरूकै कारण भ्रष्टाचारमा मुछिएका ठूला माछा, जो अहिले जेलमा हुनुपर्ने हो, उनीहरू खुलेआम छाती फुलाएर निर्धक्क हिँडिरहेका छन्। अतः जसरी निर्वाचनमा तीन प्रतिशतभन्दा कम भोट ल्याउनेको जमानत खारेज गरिन्छ, त्यसै देशभरिबाट तीन लाखभन्दा कम मत ल्याउनेलाई राष्ट्रिय दलको मान्यता दिइँदैन, ठिक त्यसरी नै निश्चित प्रतिशतभन्दा कम मत ल्याउने दललाई दोहोऱ्याएर हुने निर्वाचनमा दल दर्ता नै नहुने व्यवस्था ल्याउनुपऱ्यो। ती दलका नयाँ वा विजयी उम्मेदवारले निर्वाचनमा पुनः उम्मेदवार हुन स्वतन्त्र उम्मेदवारका रूपमा मात्र मान्यता पाउने व्यवस्था गर्नुपर्छ।

● **मान तामाङ**, काठमाडौं
maanlama75@gmail.com

दिनानुदिन खोक्रो हुँदै गएको समाज

जुन समाज अपराधलाई अपराध नमानेर न्यायको अवरोधक बन्छ, त्यसको पतन अवश्यम्भावी छ



देश / विदेश

● अपूर्वानन्द

अमेरिका होस् वा युरोप, कुनै पनि मुलुक हिंसा र विद्वेषबाट मुक्त छैनन्। त्यहाँ पनि धर्म, नश्ल र अन्य आधारमा विद्वेष देख्न सकिन्छ। कैयौंपटक हिंसाका कारणबारे हामी अनभिज्ञ हुन्छौं। ती मुलुकमा हिंसाका हरेक यस्ता घटनापछि नेता र शासक राज्यलाई सम्बोधन गर्दै हिंसाको निन्दा गर्छन्। तर, यी मुलुकले हिंसामा राज्यका कुनै पनि संस्था संलग्न नभएकाले यसमाथि बोल्नु आफ्नो जिम्मेवारी नरहेको भन्दैनन्। यी राज्यले यस्ता छिटपुट घटनामा ध्यान दिन थालेपछि सरकार आफ्नो काम राम्रोसँग गर्न पाउँदैन भनेर पनि तर्क गर्दैनन्। यति मात्र नभई यी राज्यले हिंसाका प्रकार पनि छुट्याउँछन्, अर्थात् यिनले हिंसाको कारणलाई लुकाउँदैनन्। क्यानडामा जब एक श्वेत व्यक्तिले एक पाकिस्तानी मूलको परिवारलाई कुल्चिएको थियो, तब क्यानडाका प्रधानमन्त्री मौन रहेनन्। उनले यो सामूहिक हत्याकाण्डको निन्दा गरे र यसबाट मर्माहत भएको जनाएका थिए। उनले यो हत्याकाण्ड एक मानसिक गडबडी भएको व्यक्तिले गरेको हो भनेर घटनाको उपेक्षा गरेनन्। उनले प्रस्टसँग क्यानडामा बढ्दो हिंसा द्वेषका कारण भएको हो भनेका छन्। उनले यो घृणा लामो प्रक्रियापछि शारीरिक हिंसामा परिणत हुनेसमेत जनाएका छन्।

हाम्रा घरमा जब हामी अश्वेत, मुसलमान या आप्रवासीलाई लिएर मजाक बनाएर हास्छौं, वा व्यंग्य कस्छौं अथवा यी मानिसप्रति द्वेष ओकल्छौं, यसले हामीमा बिस्तारै घृणाको बीजारोपण गरिदिन्छ। घृणाको यो बीज अन्ततः झ्यांगिएर विभिन्न ठाउँमा शारीरिक हिंसाका रूपमा प्रकट हुन्छ। क्यानडाका प्रधानमन्त्रीले झैं न्युजिल्यान्डका तत्कालीन प्रधानमन्त्रीले पनि मस्जिदमा आतंककारी हमला भएपछि हमलाको निन्दा गर्दै मुसलमान समुदायप्रति ऐक्यबद्धता व्यक्त गरेकी थिइन्। अमेरिकामा पनि प्रायः राष्ट्रपति वा उनका प्रतिनिधि हिंसाका हरेक वारदातपछि मुलुकलाई सम्बोधन गर्छन्।

यी जम्मै मुलुकका जिम्मेवार पदमा रहेका नेता आफ्नो समाजमा व्याप्त घृणा वा हिंसाबाट पन्छिँदैनन्। उनीहरू बारम्बार घृणा र हिंसालाई आधुनिक लोकतन्त्रमा ठाउँ नरहेको बताउँछन्। यी मुलुकका नेतृत्वले समाजलाई सभ्य आचरणको स्मृति गराइरहन्छन्।

उसो त आमजनताले अगुवाको पदचाप पछ्याउँछन्। तर, आजको भारतमा जनताको एक हिस्सामाथि हुने हिंसाले शासकलाई विचलित बनाउँदैन। शासक बेमतलबी भएर बसेको छ। हिंसाको घटना ठूलो होस् वा सानो, यसले शासकलाई 'जनकल्याणको पथमा अघि बढ्न'बाट रोक्दैन। अर्थात्, चार महिनादेखि चलिरहेको मणिपुर हिंसाले पनि रोक्न सक्दैन।

यस्तो सरकारबाट उत्तर प्रदेशको एक विद्यालयमा एक मुसलमान बालकमाथि भएको हिंसाको विरोधको अपेक्षा गर्नु मूर्खता हो। तथापि माग गर्न छोड्नुहुँदैन। यदि हामी अहिले पनि लोकतान्त्रिक समाज एवं राज्यको परिकल्पनामा विश्वास गर्छौं भने यस्तो अपेक्षा जरुरी छ। हामीलाई बारम्बार राज्यले बिर्सिएको कर्तव्य स्मृति भइरहनुपर्छ। तर, यस्तो अपेक्षा र माग त्यस्तो समाजले मात्रै गर्न सक्छ, जसले आफ्नो समाजभित्रको घृणा र हिंसालाई अस्वीकार गर्न सक्छ। मुजफ्फरनगरमा एक निजी विद्यालयकी शिक्षिका तृप्ता त्यागीले एक मुसलमान बालकलाई इस्लामद्वेषी भाषा बोल्दै कक्षाका अन्य बालकबाट पिटाएकी थिइन्। यस घटनाले सामाजिक सञ्जालमा आक्रोश निम्त्याएपछि



तस्बिर : सत्यहिन्दी

मात्रै राष्ट्रिय बालअधिकार आयोग सक्रिय हुन बाध्य भयो। यसैकारण घटनाको कैयौं दिनपछि उत्तर प्रदेश प्रहरीले मुद्दा त चलायो, तर कमजोर धाराअन्तर्गत। उत्तर प्रदेश सरकार अहिले पनि मौन छ। संघीय सरकारको बालअधिकार मन्त्रालय, शिक्षा मन्त्रालय, प्रधानमन्त्रीसमेत मौन छन्। अध्यापिका आफूले कुनै अपराध नगरेकोमा विश्वास गर्छिन्, तसर्थ आफूलाई केही नहुने ठान्छिन्। तृप्ता त्यागी यसरी ढुक्क हुनुको अर्थ के हो ? यो घटना फैलिनेबित्तिकै भारतीय जनता पार्टी (भाजपा) का नेता बालकमाथि हिंसा गर्ने तृप्ता त्यागीलाई सहानुभूति दिन त्यागीको गाउँ पुगेका थिए। यसरी भेट्नेमा त्यागी थरकाले बनाएको त्यागी समाज पनि एक थियो। यसबाहेक नरेश टिकैतजस्ता मानिस पनि पुगेका थिए। टिकैतलगायतलाई समुदाय नेता मानिन्छ। यी सबै तृप्ता त्यागीको अपराधमाथि लिपपोत गर्नमा जोडतोडसाथ लागिपरे। ठूला मिडियाले पनि त्यागीलाई बिचरा पात्र देखाउन कुनै कसर बाँकी राखेनन्।

हिंसा व्यहोरेको परिवारलाई यति सानो कुराले गाउँमा सद्भाव बिग्रिनेछ भनेर दबाब दिइँदै छ। कुरा यसरी गर्दै छन् कि सद्भाव पहिले कायम थियो। स्वभावतः यो परिवार सद्भावका नाममा दिइएको धम्कीलाई राम्रोसँग बुझ्छ। यो परिवारलाई अझै बाँच्नु छ। यो परिवारले इखलाकको परिवारको दुःख देखिसकेको छ, हाथरसमा बलात्कारपछि मारिएकी दलित महिलाको परिवारको हालत पनि देखिसकेको छ। आफ्नो बच्चाका लागि यदि अभिभावकले एक्लै न्यायको माग गर्छन् भने सम्पूर्ण हिन्दू समाज आफ्नो दुस्मन बन्नेछ भनेर अभिभावकलाई राम्रैसँग थाहा छ। तसर्थ यो मामिला रफादफा हुनेमा कुनै शंकै रहेन। तर, त्यो समाज कति बिरामी र कमजोर होला, जसले अपराधलाई अपराध भन्न इन्कार गर्छ र जहाँ न न्यायको कुनै बोध बाँकी छ, न इच्छा बाँकी छ। यो समाज यस्तो बनिसकेको छ, जहाँ अपराधीलाई अँगालो मारेर न्याय माग्नेवालामाथि हमला हुन्छ। जो समाज अपराधलाई अपराध नमानेर न्यायको अवरोधक बन्छ, त्यो समाजको पतन अवश्यम्भावी छ। यस्तो समाजले आफूलाई बहुसंख्यक भएर बलियो ठाने पनि नैतिक रूपमा खोक्रो लास मात्रै हुन्छ।

(अपूर्वानन्द दिल्ली विश्वविद्यालयमा हिन्दी अध्यापन गर्छन्)
सत्य हिन्दीबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

फुकुसिमाको दूषित पानी फाल्ने कदम सही छ ?

बाहिर चर्चामा नआईकन पनि विश्वका धेरै आणविक केन्द्रले ट्रिटियम मिसिएको आणविक केन्द्रका दूषित पानीलाई नियमित रूपमा समुद्रमा छाडिरहेका हुन्छन्



• जुलियन डे ट्रोलिउड डे ल्यान्वर्सिन


जुलियन डे ट्रोलिउड डे ल्यान्वर्सिन हडकङ युनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलोजीअन्तर्गत डिभिजन अफ पब्लिक पोलिसीका सहायक प्राध्यापक हुन् ।

जापानले अगस्ट २४ बाट फुकुसिमा आणविक ऊर्जा केन्द्रका आणविक विकिरणयुक्त दूषित पानीलाई प्रशान्त महासागरमा फाल्न थाल्यो र यसलाई आगामी ३० वर्षसम्म निरन्तरता दिनेछ । यस कदमप्रति बेइजिङ, हङकङ, दक्षिण कोरिया र जापानभित्रै पनि केही तप्काबाट विरोध भइरहेको छ । तिनले जापानी कार्यलाई वातावरणीय हिसाबमा अति गैरजिम्मेवारपूर्ण निर्णय भन्दै आलोचना गरेका छन् । ठूलो चर्चाका कारण यी देशमा सार्वजनिक बहसमा जापानका आयातित समुद्री खानामा रेडियोधर्मी अंश हुने डरले डेरा जमाउन पुगेको छ ।

तर, जापानी दूषित पानीको निकासप्रति उब्जिएको प्रतिक्रिया भ्रामक छन्, किनकि फुकुसीमाबाट फालिएको दूषित पानीले चीन र दक्षिण कोरियाका मानिसमा खतरा निम्त्याउँदैन । यसले खासमा समाजमा आणविक प्रविधिप्रति कायम उच्च अविश्वास र दीर्घकालीन रेडियोधर्मी प्रदूषणसम्बन्धी आवश्यक छलफलमा अवरोध पुऱ्याइरहेको छ । सन् २०११ को आणविक दुर्घटनापछि जापानले फुकुसिमा दाइचीस्थित आणविक ऊर्जा केन्द्रका तातिएको भट्टी चिस्याउन पानी प्रयोग गरिरहेको छ । सो दुर्घटनामा रेडियोधर्मी भट्टीको मुख्य केन्द्र उच्च तापक्रमले पग्लिएको थियो, जुन अझै सेलाइसकेको छैन । यी केन्द्रलाई चिस्याउने क्रममा तिनको सम्पर्कमा आएका चिसो पानी विभिन्न रेडियोधर्मी तत्त्व दूषित भए । हालसम्म जम्मा भएको लगभग १३ लाख टन दूषित पानी १००० वटा ट्यांकीमा भण्डारण गरिएको छ ।

जापान भूकम्पीय जोखिमयुक्त मुलुक भएकाले यी रेडियोधर्मी पानी राखिएका ट्यांकीमा उच्च जोखिमपूर्ण छन् । भूकम्पले यी ट्यांकीलाई क्षति पुऱ्याउने हो भने यसले वरपरको स्थल वातावरणलाई दूषित गर्न सक्छ । जापानी अधिकारीहरूले यस जोखिमलाई रोक्न र नयाँ परिमाणका दूषित पानीका लागि भण्डारण ठाउँ खाली गर्न दूषित पानीलाई समुद्रमा फाल्ने निर्णय गऱ्यो । जापानले दूषित पानीलाई महासागरमा निकास दिनुअघि तिनमा रहेको रेडियोधर्मी अंशलाई हटाउन जटिल प्रणाली अवलम्बन गरेको छ । तथापि, यस प्रणालीबाट पनि हाइड्रोजनको एक रेडियोधर्मी वर्ग ट्रिटियम भने छानिँदैन र त्यो पानीमै रहन्छ । अन्तमा पानीलाई समुद्रमा छोड्नुअघि प्रशोधित पानीमा थप शुद्ध पानी हालेर यसको रेडियोधर्मीको स्तरलाई विश्व स्वास्थ्य संगठनले निर्धारित गरेको पिउनेपानीको सुरक्षा मापदण्डभन्दा तल ल्याइएको जापानले बताएको छ ।

रेडियोधर्मी तत्त्वबाट प्रदूषित पानी प्रशान्त महासागरमा फालेपछि विभिन्न विरोधका बाबजुद मूलभूमि चीन र हङकङले जापानी समुद्री खानाको आयातमै प्रतिबन्ध लगाएको छ । तर, जापानको योजनाको प्राविधिक पक्ष र आणविक उद्योगले पालना गर्ने नियमित प्रोटोकलमा नजिर लाउँदा यी डर निराधार देखिन्छन् । संयुक्त राष्ट्र संघको आणविक निगरानी संस्था 'अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए)'ले दूषित पानीको स्वतन्त्र नमुना र विश्लेषणसहित योजनाको विस्तृत समीक्षा गरेको छ । सम्पूर्ण पानी नफालिएसम्म आइएइएले यसको निगरानी जारी राख्नेछ । एजेन्सीले उसको पछिल्लो प्रतिवेदनमा, महासागरमा फालिएको फुकुसिमाको दूषित पानीले 'मानिस र वातावरणमा नगण्य रेडियोधर्मी प्रभाव पार्ने' निष्कर्ष निकालेको छ ।



उलेखनीय कुरा के छ भने, जापानको घटनाजस्तो बाहिर चर्चामा नआईकन पनि विश्वका धेरै आणविक केन्द्रले ट्रिटियम मिसिएको आणविक केन्द्रका दूषित पानीलाई नियमित रूपमा समुद्रमा छाडिरहेका हुन्छन् । उदाहरणका लागि, दक्षिण कोरियाको कोरी आणविक ऊर्जा केन्द्रले वार्षिक रूपमा फुकुसिमा आणविक केन्द्रले अहिले फालेको पानीको भन्दा चार गुणा बढी ट्रिटियमयुक्त दूषित पानी समुद्रमा फाल्दै आएको छ । फ्रान्सको 'ला हेग आणविक केन्द्र'ले बर्सेनि इंग्लिस च्यानलमा फुकुसिमाले अहिले फालेको भन्दा ५०० गुणा बढी ट्रिटियम मिसिएको पानी फाल्ने गरेको छ । चीन र हङकङले दूषित पानीको डरले समुद्री खाद्यान्न आयात प्रतिबन्ध गर्ने कार्यले अरू नै महत्त्वपूर्ण तथ्यमा प्रकाश पारेको छ ।

समुद्रमा दूषित पानी फाल्ने निर्णयमा केही हदसम्म भूराजनीतिको पनि हात छ । चीन र जापानबीच राजनीतिक तनाव रहेकाले चीनले यस कदममा चर्को विरोध जनाएको हो भन्ने बुझ्न सकिन्छ । जापानसँग सुमधुर सम्बन्ध रहेका पश्चिमी देशहरूले यस कार्यको सहमति जनाएका छन् । तर, आइएइएको अनुमोदनका बाबजुद चिनियाँविज्ञसमेत जापानी योजनाप्रति शंकालु रहिरहेको तथ्यले भने राजनीतिबाहेक अरू पक्षमा पनि प्रकाश पार्छ । विद्वान्हरूले वर्णन गरेझैं, साँच्चै नै पश्चिम र चीनबीच तथ्यगत यथार्थलाई हेर्ने नजरमा समेत फरकपन आउन थालेको छ । यो कुरा दुवै पक्षका विज्ञ सहमत हुने अपेक्षा गरिने विज्ञान सम्बन्धित घटनामा समेत देखिँदै छ । कोभिड- १९ भाइरसको उत्पत्तिदेखि अमेरिकाको आकाशमा देखिएको चिनियाँ बेलुनले निम्त्याएको संकटसम्मले चीन र पश्चिमबीचको बढ्दो दृष्टिकोणको खाडललाई चिह्नित गर्छ । फुकुसिमा आणविक केन्द्रको पानी फाल्ने निर्णयप्रति विरोधाभासपूर्ण धारणा यही चिन्ताजनक प्रवृत्तिको पछिल्लो उदाहरण मात्र हो ।

जापानी समुद्री खाद्यान्न आयातमा प्रतिबन्ध लगाउने हङकङ सरकारको निर्णय आइएइएको वैज्ञानिक निष्कर्षसँग बाझिएको छ । सम्भवतः मानिसहरूको मनमा आणविक प्रविधिजन्तिको डर विरलै अन्य प्रविधिले सिर्जना गर्छ । अधिकारीहरूले वैज्ञानिक तथ्य देखाएर यो प्रविधि सुरक्षित रहेको सुनिश्चित गर्दा पनि डर पूरै हटेको देखिँदैन । हङकङमा रेडियोधर्मी विकिरण पहिचान गर्ने उपकरणको खरिदमा भएको नाटकीय वृद्धिले यसैको संकेत गर्छ । तर, आयातित आणविक बिजुलीको अंश बढाउन विचार गरिरहेको हङकङका लागि यो चिन्ताजनक अवस्था हो । हङकङ आफैं किर्याँ आणविक उर्जा केन्द्रले घेरिएको छ, जसले नियमित रूपमा ट्रिटियमयुक्त दूषित पानी निकाल्छन् । सरकारले आणविक प्रविधिको आमस्वीकारोक्तिका लागि सार्वजनिक बहस सुरु गर्न आवश्यक छ ।

अन्तमा, जापानको दूषित पानी फाल्ने निर्णयको अल्पकालीन प्रभाव नगण्य भए पनि यसको दीर्घकालीन र प्रतीकात्मक प्रभाव छन् । आणविक उद्योगले हाम्रो पर्यावरणलाई जति पनि रेडियोधर्मी फोहोर विसर्जन गर्न सकिने ठाउँको रूपमा हेर्ने गरेका छन् । यद्यपि, पर्यावरण ती उद्योगले सोचेजस्तो न अथाह छ न त निष्क्रिय नै छ । बढ्दो संख्यामा विशेषज्ञहरू ट्रिटियमजस्ता रेडियोधर्मी तत्त्वको पर्यावरणमा विशाल सञ्चयलाई लिएर चिन्तित छन् । ट्रिटियम आधुनिक थर्मोन्युक्लियर हतियारको एक मुख्य तत्त्व हो भने यो आणविक विद्युत् उत्सर्जनको सहउत्पादन पनि हो । आणविक उद्योगले धेरैभन्दा धेरै ट्रिटियम उत्पादन गर्दै जाँदा अन्तर्राष्ट्रिय समुदायले ट्रिटियम प्रदूषण नियन्त्रण गर्ने नीति र प्राविधिक समाधान पहिल्याउनैपर्छ । तत्काल हानि नगरे पनि १३ लाख टन रेडियोधर्मी दूषित पानी महासागरमा फाल्ने जापानको निर्णयले पर्यावरण अथाह छ र यसले आणविक प्रदूषणप्रति निष्क्रिय छ भन्ने खतरनाक भ्रम फैलाउँछ ।

- साउथ चाइना मर्निङ पोस्टबाट

> जापानको दूषित पानी फाल्ने निर्णयको अल्पकालीन प्रभावहरू नगण्य भए पनि यसको दीर्घकालीन र प्रतीकात्मक प्रभाव छन् । आणविक उद्योगले हाम्रो पर्यावरणलाई जति पनि रेडियोधर्मी फोहोर विसर्जन गर्न सकिने ठाउँको रूपमा हेर्ने गरेका छन् । यद्यपि, पर्यावरण ती उद्योगले सोचेजस्तो न अथाह छ न त निष्क्रिय छ ।

गठबन्धन बनाउने होडबाजीमा अमेरिकाले उछिन्यो चीनलाई

गत महिना चीनको नेतृत्वमा ब्रिक्स विस्तार भयो अर्कोतर्फ, प्रशान्त महासागरमा अमेरिकाले आफ्नो प्रतिरक्षा सञ्जाललाई बलियो बनाउँदै लाने प्रयास गऱ्यो । यी दुई प्रयासमध्ये अमेरिकाको प्रयास बढी प्रभावशाली देखिन्छ ।

महाशक्तिबीचको प्रतिद्वन्द्विता गठबन्धन बनाउने होडबाजीमा पनि देखिन्छ । व्यवहारमा यसको अर्थ के हो र यसमा कसले जितिरहेको छ त ? गत महिनाले हामीलाई दुइटा प्रतिस्पर्धी गठबन्धन निर्माणका प्रयासको जाँच गर्ने मौका प्रदान गऱ्यो । एउटा हो, चीनको नेतृत्वमा उदीयमान अर्थतन्त्रहरूको एक समूह खडा गर्ने प्रयास, जसले पश्चिमको 'काउन्टरवेट (शक्ति सन्तुलन)' को रूपमा काम गर्नेछ । भारत र चीनका नेता नरेन्द्र मोदी र सी चिनफिङको उपस्थितिमा यसै साता जोहानेसबर्गमा सम्पन्न ब्रिक्स शिखर सम्मेलनको उद्देश्य यही थियो । अर्को हो, प्रशान्त महासागरमा अमेरिकाको आफ्नो प्रतिरक्षा सञ्जाललाई बलियो बनाउँदै लाने प्रयास । यी दुई प्रयासमध्ये अमेरिकाको प्रयास बढी विश्वसनीय देखिन्छ ।

ब्रिक्सको भेलाले ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकालाई एकै ठाउँमा उभ्यायो । क्लबको सदस्यता विस्तार र विकास ऋण एवं वित्तीय भुक्तानीजस्ता क्षेत्रमा आफ्नो क्षमता गहन बनाउनु यसका घोषित उद्देश्य थिए । यो कार्यक्रमले पश्चिमको दबदबा नरहेको नयाँ विश्व व्यवस्थाको व्यापक भोक देखायो । अर्जेन्टिना, इरान र साउदी अरेबियासहितका देशलाई सन् २०२४ को जनवरीमा सुरु हुने ब्रिक्समा सामेल हुन आमन्त्रित गरिएको छ । यस्तो विविधतायुक्त समूहलाई प्रभावकारी ढंगमा काम गर्न कत्तिको सकस हुन्छ भन्ने कुरा पनि यसले देखायो ।

हुन त ब्रिक्सको उद्देश्य साझा मूल्य प्रस्तुत गर्ने हो । तर, दक्षिण अफ्रिकी आयोजकले युद्ध अपराधको आरोपमा आफ्नो गिरफ्तारीको लागि जारी विश्वव्यापी वारेन्ट लागू गर्ला भन्ने डरका कारण भ्लादिमिर पुटिनले यो शिखर सम्मेलनलाई भिडियो-लिंकमार्फत सम्बोधन गर्नुपऱ्यो । यो समूहको विस्तारसँगै तनाव पनि बढ्न सक्छ । भारतलाई ब्रिक्समा चीनको प्रभुत्व अधिक हुँदा आफ्नो प्रभाव कम होला भन्ने डर छ । उनीहरूमाझ प्रतिरक्षा-सहकार्य सायदै सम्भव छ । एउटा साझा वित्तीय पूर्वाधार सिर्जना गर्ने प्रयास (मुद्रा साझेदारी) पनि फरक-फरक अर्थव्यवस्था र राजनीतिक पृष्ठभूमि भएका देशहरूका लागि धेरै महत्त्वाकांक्षी देखिन्छ । विश्वव्यापी मूल्य र संस्थाहरूको निर्माण गर्दै समन्वयात्मक रूपमा व्यापक र निरन्तर रूपमा काम गर्न सक्षम एउटा निकायको सट्टा ब्रिक्सले महत्त्वपूर्ण तर सीमित भूमिका खेल्न सक्छ । यसका सदस्यहरूले ऊर्जा संक्रमणमा धनी देशहरूको दायित्वजस्ता सीमित मुद्दामा सहकार्य गर्न सक्छन् । कहिलेकाहीं पश्चिमा नेतृत्वको पहलकदमी रोक्ने वा असफल बनाउने प्रयासमा पनि सहकार्य गर्न सक्छन् ।

अब, यसलाई अमेरिकाको गठबन्धन निर्माणसँग तुलना गरौं । युक्रेनको युद्धले नेटोलाई पुनर्जीवित गऱ्यो, जसले फिनल्यान्ड र स्विडेनलाई समावेश गर्न आफ्नो सदस्यता विस्तार गरेको छ । राष्ट्रपति जो बाइडनले चीनलाई टक्कर दिन एसियामा पनि काम गरिरहेका छन् । १८ अगस्टमा उनले क्याम्प डेभिडमा जापान र दक्षिण कोरियाका नेताहरूसँग एउटा शिखर सम्मेलनको आयोजना गरे । उनीहरू आफ्नो पुरानो तित्क्रतालाई भुलेर अन्तरमहादेशीय-मिसाइलको सहयोग एवं सहकार्यलाई तीव्र पार्न र सैन्य हटलाइन स्थापना गर्न सहमत भए । यसअघि बाइडेनले फिलिपिन्स र पपुवा न्युगिनीसँग अमेरिकालाई थप सैन्य अखडा प्रयोग गर्न दिने सम्झौता गरेका थिए ।

यसैबीच, गत मार्चमा सम्पन्न औकस सम्झौतापछि अस्ट्रेलियासँगको 'अटुट रक्षा सम्बन्ध' थप प्रगाढ बन्दै गएको छ । उनीहरूले सैन्य उपकरण र सैन्य अभ्यासका सम्झौता गरेका छन् । यदि चीनसँग युद्ध भड्कियो भने अस्ट्रेलिया अमेरिकाको पक्षमा लड्न सबैभन्दा बढी तत्पर देखिन्छ । अस्ट्रेलियाको जल, थल र हवाई आधार थप अमेरिकी सेनालाई स्वागत गर्न विस्तार भइरहेका छन् । औकस सम्झौताअन्तर्गत अस्ट्रेलियाले अमेरिका र बेलायतसँगको सहकार्यमा विकास गरिने आणविक शक्ति (आणविक हतियारयुक्त भने होइन) सम्पन्न पनडुब्बीजस्ता लामो दूरीका हतियार प्राप्त गरिरहेको छ । यी तीन साझेदारले हाइपरसोनिक क्षेप्यास्त्रदेखि पानीमुनि सञ्चालन हुने ड्रोनसम्मका सैन्य प्रविधिमा काम गर्न चाहेका छन् ।

सुरक्षा सम्झौताको यो 'सञ्जाल (जालो)'लाई समग्रतामा हेर्दा त्यसले अमेरिकाको दीर्घ-प्रतिक्षित एसियाली गठबन्धन (धुरी) कसरी तीव्र रूपमा विकसित हुँदै गएको छ भन्ने कुरा देखाउँछ । अमेरिका र उसका सहयोगीले चीन (र रुस)लाई रोक्न सक्छन् भन्ने कुरा बाइडेनले प्रमाणित गरिरहेका छन् । उनीहरूले अझ धेरै गर्न सक्छन् । यसका लागि सन् २०३० को दशकमा अस्ट्रेलियालाई भर्जिनिया-श्रेणीका पनडुब्बीहरू बेच्न कंग्रेस सहमत हुनुपर्छ । यसबाट औकसमार्फत सन् २०४० को दशकबाट पनडुब्बीहरू प्राप्त गर्ने र पनडुब्बी-निर्माण क्षमता विस्तार गर्नेतर्फ प्रगति हुन सक्छ । कंग्रेसले साझेदारहरूको रक्षा सहयोगलाई निर्बाध बनाउन 'इन्टरनेसनल ट्राफिक इन आर्म्स रेगुलेसन्स (आइटार)' जस्ता जटिल प्रतिबन्ध हटाउनुपर्छ ।

यी परियोजनामा अझै पनि कमजोरी छन् । बाइडेनको संरक्षणवादले अमेरिकालाई अधिकांश एसियाली अर्थतन्त्रको सबैभन्दा ठूलो व्यापारिक साझेदार चीनसँग आर्थिक प्रतिवाद गर्नबाट रोकेको छ । उनले सिपिटिपिपीमा सामेल हुने अहिलेसम्म कुनै संकेत देखाएका छैनन् । पूर्ववर्ती बाराक ओबामाले अघि बढाएको यो व्यापार सम्झौतालाई डोनाल्ड ट्रम्पले परित्याग गरेका थिए । चीनले यो गठबन्धनलाई 'एसियन नेटो'को आरोप लगाइरहेको छ । तर, अमेरिका र उसका एसियाली सहयोगीले ताइवानमाथिको युद्धको त कुरै छोडौं, एकअर्काको रक्षाको समेत पारस्परिक प्रतिबद्धता देखाएका छैनन् । अस्ट्रेलिया सरकारले द्विदलीय जनसमर्थन कायम राख्ने हो भने गठबन्धनको लागतबारे पनि ऊ स्पष्ट हुनुपर्छ ।

अन्त्यमा, यदि ट्रम्प सन् २०२४ मा राष्ट्रपति बने भने बाइडेनको अमेरिकाको सुरक्षा गठबन्धनलाई पुनर्जीवित गर्ने प्रयास उल्टिन सक्छ । साथै, अमेरिका र उसका सहयोगीलाई अहिलेको गति कायम राख्न थप उत्प्रेरणा चाहिन्छ । एसियाली सुरक्षाको सम्बन्धमा उनीहरू समान दृष्टिकोण राख्छन् भन्ने कुरा कंग्रेसले जति धेरै देखाउन सक्छ र उनीहरू जति बलियो हुन सक्छन्, उति नै सबैका लागि राम्रो हुन्छ । गत महिनाले अमेरिकाको मित्रता र गठबन्धनको सञ्जाल जीवित र सक्रिय छ भन्ने देखाएको । साथै, यसको विकल्प सिर्जना गर्न एकदमै गाह्रो छ भन्ने पनि देखाएको छ ।

- द इकोनोमिस्ट



> अमेरिका र उसका सहयोगीले चीन र रुसलाई रोक्न सक्छन् भन्ने कुरा बाइडेनले प्रमाणित गरिरहेका छन् । उनीहरूले अझ धेरै गर्न सक्छन् । यसका लागि सन् २०३० को दशकमा अस्ट्रेलियालाई भर्जिनिया-श्रेणीका पनडुब्बीहरू बेच्न कंग्रेस सहमत हुनुपर्छ । यसबाट औकसमार्फत सन् २०४० को दशकबाट पनडुब्बीहरू प्राप्त गर्ने र पनडुब्बी-निर्माण क्षमता विस्तार गर्नेतर्फ प्रगति हुन सक्छ ।

इतिहासमा आज



सन् १९९७ : तत्कालीत बेलायती महारानी एलिजावेथ द्वितीयका जेठा छोरा चार्ल्स (हालका राजा)की पूर्वी श्रीमती डायनाको पेरिसमा कार दुर्घटनामा परी मृत्यु भयो । फोटो पत्रकारलाई छल्न कारलाई तीव्र गतिमा कुदाउँदा सुरुङमार्गको द्वारमा ठोक्किँदा उक्त दुर्घटना भएको थियो । दुर्घटनामा डायनासँगै कारचालक हेनरी पल र डायनाका प्रेमी भनिएका डोडी फायद पनि दिवंगत भएका थिए ।

सन् १८७० : विश्वभर शिक्षामा नयाँ अवधारणा भित्र्याउने मारिया मोन्टेस्वरीको आजकै दिन जन्म भएको थियो ।

सन् १९९२ : फिलिपिन्समा एक खानीमा भएको विस्फोटका परी पाँच सयजनाको मृत्यु भयो ।

सन् १९९४ : आयरल्यान्डको सम्पूर्ण भूभागमा बेलायती शासन अन्त्य हुनुपर्ने माग राख्दै सशस्त्र क्रान्ति गरिरहेको 'आइरिस रिपब्लिकन आर्मी (आइआरए)'ले उसको सैन्य अभियान पूर्ण रूपमा अन्त्य भएको घोषणा गऱ्यो ।

सन् २००६ : सन् २००४ अगस्ट २२ मा चोरिएको एडभार्ड मुन्चको चर्चित पेन्टिङ 'द स्क्रिम' नर्वेजियन प्रहरीको कारबाहीबाट हासिल भयो । पेन्टिङ अपेक्षा गरिएभन्दा राम्रो अवस्थामा थियो ।

सन् २०१५ : अमेरिकी राष्ट्रपति बाराक ओबामाले अलास्कास्थित उत्तर अमेरिकी महादेशकै अग्लो शिखर माउन्ट म्याकिन्लेको नाम औपचारिक रूपमा सो स्थानका आदिवासीले प्रयोग गर्ने नाम 'देनाली'मा बदले ।

सन् २०१६ : ब्राजिलको सिनेटले राष्ट्रपति डिल्मा रुसेफमाथि लागेको महाभियोग बहुमतले पारित गऱ्यो । महाभियोग मत पारित भएसँगै रुसेफ पदबाट बर्खास्त भइन् ।

विश्व संक्षेप

चीनको नयाँ नक्सामा भारतको विरोध

बेइजिङ / चीनले जारी गरेको नयाँ नक्सामा आफ्नो उत्तरपूर्वी राज्य अरुणाञ्चलका अधिकांश भाग समेटिएपछि भारतले विरोध जनाएको छ । अगस्ट २१ को मितिमा प्राकृतिक स्रोत मन्त्रालयले प्रकाशित गरेको 'चीनको आधिकारिक नक्साको २०२३ संस्करण' हाल भारतमा विरोध सुरु भएको छ । नयाँ नक्सामा यसअघिझैं भारत विभाजनअघिको कस्मिरको उत्तरी भाग अक्साई चीनको भूमिलाई चीनको भूगोलभित्र समेटिएको छ । त्यसैगरी, यसअघिझैं दक्षिण चीन सागरको पूरा क्षेत्र पनि चीनको भूमिको रूपमा देखाइएको छ । 'नाइन ड्यास लाइन'भित्र समेटेर ती समुद्री क्षेत्रलाई चीनको नक्सामा देखाइएको छ । ताइवानमाथि पनि आफ्नो दाबी प्रस्तुत गर्ने चीनले नक्सामा सो भूमिलाई पनि समेटेको छ । अरुणाचल र अक्साई चीन क्षेत्रमा बेइजिङको भारतसँग विवाद छ भने दक्षिण चीन सागरको विवादित क्षेत्रमा चीनका अतिरिक्त फिलिपिन्स, भियतनाम, मलेसिया, ब्रुनाईलगायत दक्षिणपूर्वी मुलुकको पनि दाबी छ । केही समयअघि चीनले अरुणाचल राज्यका केही स्थानको नामसमेत चिनियाँ भाषामा राखिएको थियो । हाल जारी नक्सामा सोही परिवर्तित नाम प्रयोग गरिएको छ ।

अफ्रिकामा अर्को सैन्य 'कू'

लिब्रीभिल / मध्यअफ्रिकी मुलुक ग्याबोनमा सैन्य विद्रोह भएको छ । १२ जना सैन्य अधिकारीको नेतृत्वमा भएको कुमा सबै संस्था भंग भएको घोषणा गरिएको छ । सेनाका अधिकारीले सरकारी टेलिभिजनमा सत्ता हातमा लिएको घोषणा गर्दै गत शनिबार भएको निर्वाचनको नतिजा रद्द गरिएको बताएका छन् । निर्वाचनमा वर्तमान राष्ट्रपति अली बोंगो विजयी घोषित भएका छन् । विपक्षीहरूले धाँधली भएको आरोप लगाएको निर्वाचनमा राष्ट्रपति बोंगोले दुईतिहाइ मत हासिल गरेको देशको निर्वाचन आयोगले बताएको छ । बोंगो अपदस्थ भएसँगै ग्याबोनमा उनको परिवारको ५३ वर्षको सत्ताको अन्त्य भएको छ । शनिबारको निर्वाचनमा तेस्रो कार्यकालका लागि उम्मेदवार बनेका ६४ वर्षीय बोंगोका पिताले झन्डै ४२ वर्ष सत्ता सम्हालेका थिए । सन् २००९ मा आफ्ना बुबा ओमरको निधन भएपछि बोंगोले कार्यभार सम्हालेका थिए । पछिल्लो समय अफ्रिकामा सैन्य विप्लव बढेको छ । हालैका वर्षमा बुर्किना फासोमा दुईपटक र गिनी बिसाउ, गाम्बिया र साओ टोम र प्रिन्सिपेमा एकपटक असफल विद्रोहका प्रयास भएका छन् ।

रामास्वामीलाई आफ्नो गीत प्रयोग नगर्न एमिनेमको माग

वासिंटन डिसी / अमेरिकी ऱ्यापर एमिनेमले विवेक रामास्वामीलाई उनको चुनावी सभामा आफ्ना गीत प्रयोग नगर्न माग गरेका छन् । पूर्वजैविक प्रविधि उद्यमी रामास्वामी अमेरिकामा आगामी वर्ष हुने राष्ट्रपति चुनावमा रिपब्लिकन पार्टीभित्रका राष्ट्रपति आकांक्षी हुन् । गतसाता रिपब्लिकन आकांक्षीबीच भएको बहसपछि विवेकको चर्चा चुलिएको छ । गत महिना आयोवा राज्यमा भएको एक चुनावी सभामा करोडपति रामास्वामी एमिनेमको 'लुज योरसेल्फ'मा झुमिरहेको भिडियो भाइरल भएको छ । गीत-संगीत प्रयोगको अधिकार प्रदायक संस्था बिएमआईले अगस्ट २३ को दिन रामास्वामीको चुनावी टिमलाई एक पत्र लेख्दै तिनको चुनावी अभियानमा एमिनेमको गीत नबजाउन भनिएको छ । रामास्वामीको समूहले सिएनएनलाई आफूहरूले सो आग्रह कार्यान्वयन गर्ने बताएको छ । अघिल्ला दुई अमेरिकी चुनावमा फरेल विलियम्स, रिहाना, एरोस्मिथ, द रोलिङ स्टोन र एडेलेले तिनका गीत डोनाल्ड ट्रम्पको ऱ्यालीमा बजाएकोप्रति विरोध जनाएका थिए ।

पशुपन्छी क्षेत्रको सरकारी पुनर्संरचना

समयानुसार नयाँ कानुन नबन्नु र ०५५ मा बनेका कानुन संशोधन नहुनु पशुपन्छी क्षेत्रको मुख्य समस्या हो



अर्थ संवाद
• डा. मनोजकुमार शाही

अन्य क्षेत्रभन्दा पशुपन्छी क्षेत्रको उत्पादन छोटो समयमा उल्लेख्य रूपमा बढेको छ। पशुपन्छी क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा करिब ११.५ प्रतिशतको हिस्सा ओगट्दै रोजगारी, खाद्य सुरक्षा र जनस्वास्थ्यमा योगदान दिएको छ। सन् २००१ मा करिब १३.७८ लाख मेट्रिक टन वार्षिक उत्पादन रहेको दूध र मासु सन् २०२२ मा करिब १३३.३५ प्रतिशतले बढेर ३१.८८ लाख मेट्रिक टन पुगेको छ। त्यस्तै, सन् २००१ मा ५३.८४ करोड कुखुराको अन्डा उत्पादन भएकोमा हाल १३३ करोड गोटा प्रतिवर्ष पुगेको देखिन्छ। ५८ खर्बको कुल गार्हस्थ्य उत्पादनमा पशुपन्छी क्षेत्रको मात्र ५.८२ खर्ब योगदान छ। यसबाट के प्रस्ट देखिन्छ भने नेपाल पशुजन्य पदार्थमा निर्यातको चरणमा प्रवेश गरेको छ। त्यसका लागि राज्यले विश्व पशुस्वास्थ्य संगठन र विश्व व्यापार संगठनले तय गरेका मापदण्डअनुसारका संरचना र नीतिगत व्यवस्था गर्दै अगाडि बढ्न जरुरी देखिन्छ।

बढ्दै गइरहेको पोषणको जनचेतनाका कारण दूध र मासुको उपभोग पनि दिनप्रतिदिन बढ्दै गएको देखिन्छ। बढ्दो मागसँगै गुणस्तरीय पशुजन्य पदार्थको उत्पादनमा पनि राज्यको निगरानी र नियमनमा ध्यान जान जरुरी छ।

संरचनागत सुधार र विकासक्रम : नेपालको पशुपन्छी क्षेत्रको संरचनागत स्थापना र सुधार अत्यन्तै निराशाजनक देखिन्छ। यो क्षेत्रलाई व्यवस्थित गर्न सरकारले संरचनागत व्यवस्था गर्न वि.सं. १९९६ मा त्रिपुरेश्वर काठमाडौंमा भेटेरिनरी डिस्पेन्सरी खोलेर सुरु भयो। तर, यसको कानुन बनाउने स्वर्णिम समय भने २०५५ साल नै रह्यो। पशुस्वास्थ्य तथा पशुसेवा ऐन २०५५ लगायतका पशु वधशाला तथा मासु जाँच ऐन र नेपाल पशु चिकित्सा परिषद् ऐनजस्ता महत्वपूर्ण ऐन जारी भए। यस क्षेत्रका सरकारी संरचनाको जग बसाल्ने कार्य २०१४ देखि २०४२ सालमा भएको देखिन्छ। यो अवधिमा सबै जिल्लामा भेटेरिनरी अस्पताल/डिस्पेन्सरी, खोप उत्पादन प्रयोगशाला, जुम्ला, डोल्पा, सोलुखुम्बु, दोलखाजस्ता दुर्गम स्थानमा पनि सयौँ बिघा जग्गा सरकारीकरण गरी पशुपन्छी फार्म खोल्ने कार्य भएको देखिन्छ। जुन पशुपन्छी क्षेत्रका लागि दीर्घकालीन सोचका साथ सरकारी संरचनाहरूको जग बस्यो। वि.सं. २०४२ यता करिब ४० वर्षको अवधिमा भने गाउँसम्म प्राथमिक पशु उपचार पुऱ्याउने उद्देश्यले केही पशुसेवा केन्द्र थप गरी हजारवटा पुऱ्याउने महत्वपूर्ण कार्य भएको देखिन्छ। भेटेरिनरी सेवामा बढ्दो व्यावसायिकीकरण र पशुजन्य पदार्थको गुणस्तरीय उत्पादनका लागि संरचना र कानुनको आवश्यकता बढे पनि ०५५ मा बनेका कुनै पनि ऐनको संशोधन गर्न नसक्नु, नयाँ ऐनका मस्यौदाहरू सयौँपटक बन्दा पनि जारी हुन नसक्नु र करिब ४० वर्षयता पशुपन्छी क्षेत्रका संरचनामा बृहत् पुनर्संरचना हुन नसक्नु दुःखद कुरा हो।

पञ्चायत र राजतन्त्रात्मक व्यवस्थामा किसानको सेवाका लागि खडा गरेका संरचनामा थप हुनुको साटो बहुदलीय व्यवस्थाका साथै संघीय व्यवस्थामा समेत किसानले पाउने सेवा प्रशासनिक सुधारका नाममा घटाइए। कृषि विश्वविद्यालयको जग्गामा खेलमैदान बनाउनु, पशुपन्छी फार्मका जग्गामा सेना तथा प्रहरीका ब्यारेक बनाउनु, प्रांगारिक मललाई निरुत्साहित गरी रासायनिक मलको प्रवर्द्धनमा लाग्नु, नेपालका रैथाने पशुहरूको संरक्षणका लागि सरकारी पशुपन्छी फार्म स्थापना गर्न नसक्नु र कृषि क्षेत्रको कुल बजेटमा पशुपन्छी क्षेत्रलाई औसतमा १० प्रतिशतभन्दा कम बजेट विनियोजन गर्नुजस्ता कार्यले राजनीतिक र प्रशासनिक दुवै नेतृत्वले यस क्षेत्रमा दिएको प्राथमिकतालाई प्रस्ट्याउँछ।

नेपालमा जतिसुकै राजनीतिक व्यवस्था परिवर्तन गरिब किसानको आडमा भए पनि तिनले पाउने सरकारी सेवा र टेवामा सोही हिसाबले गरिब किसानका मुद्दा कम प्राथमिकतामा परेको देखिन्छ। संघीयतापछि सिंहदरबार स्थानीय तहमा पुग्यो, तर किसानले पाउने पशुसेवामा भने व्यापक कटौती भयो। तर, गणतन्त्रको प्रारम्भसँगै ०७५ सालमा भएको प्रशासनिक पुनर्संरचनाले ७५ वटा जिल्लामा भएका जिल्ला पशुसेवा कार्यालयलाई ४७ र हजारवटा पशुसेवा केन्द्रलाई ७५३ वटामा संकुचित गऱ्यो। द्वन्द्वकालमा सरकारले पशुपन्छी आनुवंशिक संरक्षण तथा प्रवर्द्धनका लागि स्थापना गरेका पशुपन्छी फार्म सुरक्षा निकायका क्याम्पबाट अतिक्रमित भए। अहिले फेरि पुनर्संरचनाको नाममा पशुपन्छी क्षेत्रका क्वारेन्टाइन मर्ज गर्ने, पशुपन्छी रोग अन्वेषण प्रयोगशाला प्रदेशमा समायोजन गर्ने, दुग्ध विकास बोर्डजस्ता संरचना खारेज गर्नेजस्ता निर्णय सम्बन्धित क्षेत्रका कुनै पनि विज्ञसँगको छलफलविना नै निर्णय भयो।

पुनर्संरचना गर्दा लिइनुपर्ने आधार : करिब ४० वर्षको अवधिमा पनि यस क्षेत्रको पुनर्संरचना हुन नसक्दा बीचमा केही घटनाक्रम विकास भए। सरकारले भेटेरिनरी सेवालाई आवश्यक सेवामा सूचीकृत गरेको छ भने सम्मानित सर्वोच्च अदालतले विभिन्न समयमा पशु कल्याणको सुनिश्चितता, पशु क्वारेन्टाइन सेवाको सुदृढीकरण र जनतालाई गुणस्तरीय मासु उपभोग गर्न आवश्यक संरचना निर्माण गर्न परमादेश दिएको छ। त्यस्तै, राष्ट्रिय पशुस्वास्थ्य नीति २०७८, पशुपन्छी प्रजनन नीति २०७८, राष्ट्रिय मत्स्य विकास नीति २०७९ लगायतका नीतिले जनताको सुनिश्चित खाद्य स्वच्छताको हक, मौजुदा ऐनले सिर्जना गरेको दायित्व, निर्यात प्रवर्द्धनका लागि गुणस्तरीय पशुजन्य पदार्थको उत्पादनमा नियमनलगायतलाई आधार मानी पशुपन्छी क्षेत्रको समग्र पुनर्संरचना गर्न जरुरी देखिन्छ।

संरचनाको आवश्यकता : विश्वभरि नै हेर्ने हो भने पशुसेवा क्षेत्रको सरकारी संरचनाको आवश्यकता र महत्व भनेको व्यावसायिक पशुपन्छीपालन, पशुजन्य पदार्थ उपभोगको अवस्था, निजी क्षेत्रको सेवामा सहभागिता र पशुबाट मानिसमा सर्ने रोगहरूको प्रकोपमा आएको बढोत्तरीसँग प्रत्यक्ष जोडिन्छ। पशुसेवा क्षेत्रका किसानलाई दिइने विभिन्न सेवामा निजी क्षेत्रको सहभागिता वृद्धि भएको देखिन्छ। साथै, पशुचिकित्सा सेवा, उन्नत नश्ल, पशु आहाराको विकास र बजारीकरणजस्ता कार्यमा सरकारले गर्नुपर्ने कार्यमा उल्लेख्य वृद्धिसमेत भएको छ। पशुसेवा क्षेत्रका अधिकांश कार्य संवैधानिक हिसाबले स्थानीय र प्रदेशमा गएका छन्। संघले गर्नुपर्ने कार्यमा आयात-निर्यात व्यवस्थापनमा पशु क्वारेन्टाइन सेवा, राष्ट्रिय महामारी रोग नियन्त्रणार्थ पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, निर्यातयोग्य पशुजन्य पदार्थ निर्यात प्रवर्द्धनको गुणस्तर नियन्त्रण तथा नियमन, जनस्वास्थ्य संरक्षण, नश्ल सुधार तथा रैथाने पशुको आनुवंशिक संरक्षण र प्रवर्द्धन आदि छन्।

संघका पशुपन्छी क्षेत्रमा आवश्यक संरचना : संविधानको अनुसूची ५ ले संघको एकल सूचीमा पशु क्वारेन्टाइन, अन्तर्राष्ट्रिय व्यापार र महामारी रोग नियन्त्रण राखेको छ। संविधानको अधिकार सूची र नेपाल पक्ष राष्ट्र भई गरेका विभिन्न अन्तर्राष्ट्रिय सम्झौता, पञ्चवर्षीय योजना, एसडिजीका लक्ष्यलगायत माथि पेस भएका आधारलाई मनन गर्दै नेपालको



> जनताको सुनिश्चित खाद्य स्वच्छताको हक, मौजुदा ऐनले सिर्जना गरेको दायित्व, निर्यात प्रवर्द्धनका लागि गुणस्तरीय पशुजन्य पदार्थको उत्पादनमा नियमनलगायतलाई आधार मानी सरकारले पशुपन्छी क्षेत्रको समग्र पुनर्संरचना गर्नुपर्छ

संघीय संरचनाको व्यापक पुनर्संरचना जरुरी देखिन्छ। नेपालको पशु क्वारेन्टाइन सेवा भनेको सबैभन्दा पुरानो क्वारेन्टाइन सेवा हो। यसले रोग देशभित्र छिर्न नदिन सीमा क्वारेन्टाइन र देशको एक ठाउँबाट अर्को ठाउँमा जान नदिन आन्तरिक क्वारेन्टाइनको व्यवस्था छ। नेपालको करिब ९० प्रतिशतभन्दा धेरै व्यापार भारतसँगै छ र हाम्रा क्वारेन्टाइनका संरचना पनि सोहीअनुसार बनाइएका छन्। कार्यान्वयनमा जाँदा चोरी निकासी नियन्त्रण, अवैध व्यापार, गुणस्तर नियमन, रोग नियन्त्रण प्रभावकारी रूपमा सञ्चालन भइरहेको छ।

यसको सुधार गर्न पशु क्वारेन्टाइनको दीर्घकालीन गुरुयोजनाले औंल्याएका केही काम जस्तै- चेकपोस्ट हटाउने, गण्डकी र कर्णाली प्रदेशमा आन्तरिक र सीमा क्वारेन्टाइन चेकपोस्ट खडा गर्ने तथा पशु ओसारपसारबाट संक्रमण देखिने राजमार्गमा आन्तरिक चेकपोस्ट थप गर्न जरुरी देखिन्छ। साथै, निर्यात प्रवर्द्धन, मासु जाँच ऐनको कार्यान्वयन र माहामारी रोग नियन्त्रणमा तीनै तहसँग समन्वय गर्न पशुपन्छी गुण नियन्त्रण कार्यालय पनि स्थापना गर्नुपर्छ। पशु कल्याण तथा पशुपन्छीको ट्रेस्याबिलिटीका लागि हालसम्म कुनै पनि संरचना नभएकाले नयाँ संरचना बनाउनुका साथै राष्ट्रिय पशुपन्छी बजार तथा पूर्वाधार कार्यालयको स्थापना गर्नुपर्ने देखिन्छ।

प्रदेशमा आवश्यक संरचना : प्रदेशअन्तर्गत रहेका जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशुसेवाविज्ञ केन्द्रहरूलाई नेपाल पशुचिकित्सा परिषद्ले तोकेको मापदण्डअनुसार विशेषज्ञ सेवासहितको भेटेरिनरी अस्पतालका रूपमा विस्तार गर्न जरुरी देखिन्छ। स्थानीय तहमा कार्यरत पशुसेवाकर्मीहरूको कार्यसम्पादन र प्राविधिक सहयोगीका रूपमा भेटेरिनरी अस्पतालले विकास गर्न जरुरी देखिन्छ भने प्रदेशअन्तर्गतका किसानलाई उन्नत जातका पशु नश्ल विकास गर्न आवश्यकताअनुसार पशु विकास फार्महरूको स्थापना गर्न आवश्यक देखिन्छ। यसका साथै किसानले उत्पादन गरेको दूध वा मासु तथा पशुको बजारीकरणका लागि आवश्यकताअनुसार बजार स्थापना तथा सञ्चालन गर्नुपर्छ।

स्थानीय तहमा आवश्यक संरचना : हाल सबै स्थानीय तहमा कम्तीमा एकजना अधिकृतसहित तीनदेखि पाँचजना पशुस्वास्थ्य प्राविधिकको दरबन्दी स्वीकृत छ। संघीय तथा प्रदेश निजामती सेवा ऐन वेलैमा नआउँदा प्रदेश लोकसेवा आयोगले स्थानीय तहमा सबै दरबन्दीको पदपूर्ति गर्न सकेका छैनन्। तसर्थ, हाल करिब ५१६ वटा स्थानीय तह पशुचिकित्सकविहीन छन्। त्यसैले हरेक वडामा प्राविधिक सेवा र प्रत्येक पालिकामा पशुचिकित्सा सेवा दिने गरी एक आधारभूत प्रयोगशालासहितको भेटेरिनरी अस्पताल स्थापना गर्नु अपरिहार्य भएको छ। पशुस्वास्थ्यका साथै पशुबाट मानिसमा सर्ने रोगबाट जनस्वास्थ्य संरक्षणका लागि समेत स्थानीय तहमा बलियो भेटेरिनरी सेवा विस्तारको जरुरी छ। लम्पी स्किन रोगले देखाएको समस्यापछि केही स्थानीय तहले पशुस्वास्थ्य प्राविधिकसमेत नियुक्त गर्न सुरु गरिसकेका छन्। अतः किसानलाई दिने प्राविधिक परामर्श, पशु आहारा बजारीकरण तथा प्रजननका सेवा वेलैमा दिन सके मात्र पशुको उत्पादन र उत्पादकत्व बढाउन सकिन्छ।

(शाही पशु चिकित्सा परिषद्का प्रवक्ता हुन्)

अर्थ ज्ञान

कुन-कुन स्रोतको आयमा कर लाग्छ ?

नेपालमा रोजगारी, व्यवसाय, लगानी र आकस्मिक लाभको स्रोतबाट प्राप्त आयमा कर लाग्छ। श्रमको लगानीबाट प्राप्त हुने पारिश्रमिक, ज्याला, भत्ता सुविधा, बोनस, निवृत्तिभरण, उपदान वा रोजगारीका सम्बन्धमा प्राप्त हुने कुनै पनि भुक्तानी रोजगारीबाट भएको आयअन्तर्गत पर्दछ।

सक्रिय श्रम, पुँजीको निष्क्रिय लगानी र उद्यमशीलताको मिश्रणबाट गरिने उद्योग, व्यापार, पेसा, व्यवसायको स्रोतबाट प्राप्त हुने मुनाफा, लाभ, सेवा शुल्क, मालसामान वा सेवाको बिक्रीबाट प्राप्त रकम, व्यवसायसँग सम्बद्ध पुँजीगत लाभ तथा व्यवसायसँग सम्बद्ध भुक्तानीहरू व्यवसायको स्रोतबाट प्राप्त आय मानिन्छ।

कुनै पनि प्रकारले पुँजी वा पुँजीगत सम्पत्तिको लगानीबाट प्राप्त हुने लाभांश, ब्याज, रोयल्टी, भाडा, प्राकृतिक स्रोतबापतको भुक्तानी, लगानी बिमा वा



अवकाश कोषबाट प्राप्त लाभ, पुँजीगत लाभ वा लगानीसँग सम्बन्धित अन्य भुक्तानीहरू लगानीबाट भएको आयअन्तर्गत पर्दछ। चिट्ठा, उपहार, पुरस्कार, बक्सिस, जितौरी तथा अन्य कुनै पनि आकस्मिक रूपमा प्राप्त हुने लाभ आकस्मिक लाभको आयअन्तर्गत पर्दछ।

- आन्तरिक राजस्व विभाग

बिजनेस @ 5



गोपीनाथ मैनाल, पूर्वसचिव

लामो पर्खाइमा रहेको निजामती सेवा ऐन छिटो ल्याइनुपर्दछ। त्यस्तै, विद्यालय शिक्षा ऐन, एकीकृत उच्च शिक्षा ऐन पनि छिटो आउनुपर्छ। एकात्मक केन्द्रीकृत शासकीय प्रणालीका समयका कानुनहरू संविधानको भावना र समाजको गतिशीलतालाई सम्बोधन गर्ने गरी छिटो ल्याउन राजनीतिक सहमति होस्।

चन्द्रमणि अधिकारी, अर्थविद्



खाना पाक्ने, उद्योग चल्ने र काम गर्न मुड आएका वेलामा फ्याट्टफ्याट्ट बत्ती जान्छ। नेतृत्वलाई गुनासो गर्दा १८ घन्टाको लोडसेडिङ हटाएको कुरा सम्झाउँछन्। कसो दियालो बाल्नेहरूलाई बत्ती देखाएका छौं भन्न भ्याएनन्। ढुंगेयुगसँग कसो तुलना गरेनन्। धन्य! यसरी लोडसेडिङ सम्झाउने कि प्रणालीमा सुधार गर्ने ?

गोकर्णराज अवस्थी, महानिर्देशक, एफएनसिसिआई




सिक्टा सिँचाइ र मेलम्ची २० वर्षदेखि, महाकाली करिडोर र महाकाली सिँचाइ ३० वर्ष देखि बन्दै छन्। अरू पनि यस्ता परियोजना धेरै छन्। ठूलाबडाको आवास भने ट्यामभै बनेछ। प्रगति हुँदै छ।

सेयर बजार

१३ भदौ ०८०

नेप्से १,९९०.५९ ▼ -२.८२ -०.१४%

कारोबार रकम	जम्मा सेयर
१,१३,००,०८,०४१.१५	३८,०३,२४४



[अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं। email: arthapatrika@gmail.com]

चिनियाँ अर्थतन्त्रको भविष्य कस्तो ?

आइएमएफका अनुसार आगामी वर्ष चीनको जिडिपी वृद्धिदर चार प्रतिशतभन्दा कम हुन सक्छ, यो विकास दर पछिल्लो चार दशकको तुलनामा आधाभन्दा बढी हो

चिनियाँ अर्थतन्त्रबारे विभिन्न अड्कलबाजी भइरहेका छन्। तर, पछिल्लो एक रिपोर्टले देशकै ठूलो रियल इस्टेट कम्पनी कन्ट्री गार्डनले तीन लाखजनालाई रोजगारी दिँदै आइरहेको थियो। कम्पनीका अनुसार पहिलो ६ महिनामा ७.६ अर्ब डलर नोक्सान हुन सक्छ। कम्पनीले हङकङ स्टक एक्स्चेन्ज फाइलिङमा लगानीकर्तालाई चेतावनी दिँदै ६ महिनामा ६.२ अर्ब अमेरिकी डलर नोक्सानी हुने आकलन गरेको छ।

गत वर्ष यही अवधिमा कम्पनीले करिब २६ करोड ५० लाख डलर कमाएको थियो। यो खुलासाले कन्ट्री गार्डनको आर्थिक संकटलाई उजागर गरेको छ। र, यसको तुलना विश्वकै ठूलो ऋणी रियल इस्टेट कम्पनी एभरग्रान्डेसँग गरिएको छ। यो कम्पनी लगभग हरिकंगाल भइसकेको छ।


वाल स्ट्रिट जर्नलमा प्रकाशित समाचारअनुसार चीन आर्थिक गतिविधि निकै सुस्त हुने समयमा प्रवेश गरेको छ। अर्थशास्त्रीहरूका अनुसार चीनले वैदेशिक लगानी र व्यापारलाई खतराको खाडलमा धकेल्दै छ। र, यो संकटको प्रभाव दीर्घकालसम्म रहन सक्छ। कारण, चीनको विकास मोडेल अहिले भताभुंग अवस्थामा छ।

बैंक फर इन्टरनेसनल सेटलमेन्ट्सको तथ्यांकअनुसार सरकार र सरकारी स्वामित्वका कम्पनीका विभिन्न स्तरसहित कुल कर्जा सन् २०२२ सम्म चीनको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को करिब तीन सय प्रतिशत पुगेको छ। यो कर्जाले अमेरिकालाई पनि उछिनेको छ। अमेरिकाको कुल कर्जा सन् २०१२ मा जिडिपीको दुई सय प्रतिशतभन्दा तल थियो।

देशको राष्ट्रिय तथ्यांक ब्युरो (एनबिएस)का अनुसार २०२३ को दोस्रो त्रैमाससम्म चीनको जिडिपी ५.५ प्रतिशत वृद्धि भएको छ। दोस्रो त्रैमासमा त्यहाँको जिडिपी ८.३ ट्रिलियन डलरम्म पुग्यो, तर त्यहाँको सरकारी मिडियाले भने दोस्रो त्रैमाससम्म कुल जिडिपी ६.३ प्रतिशत बढेको बताएको छ। यसैबीच, चीनले पनि यो वर्ष दोस्रोपटक एलपिआर कर्जा प्रदान दर १० आधार अंकले घटाएर ३.५५ प्रतिशतबाट ३.४५ प्रतिशत पुऱ्याएको छ। साथसाथै, अर्थतन्त्रमा आर्थिक वृद्धिलाई पुनर्जीवित गर्न पाँचवर्षे दरमा कुनै परिवर्तन गरेको छैन। यस्तो दर अहिले ४.२० प्रतिशत छ।

दशकौंसम्म चीनले कलकारखाना, गगनचुम्बी भवन र सडकमा लगानी गरी आफ्नो अर्थतन्त्र सञ्चालन गऱ्यो। यो मोडेलले विकासको असाधारण यात्रा तय गर्दै चीनलाई गरिबीबाट बाहिर निकालेर वैश्विक अग्रणी कम्पनीमा परिवर्तन गरिदियो। निर्यात विश्वभर फैलियो। तर, दुर्भाग्य नै भन्नुपर्छ, चीनको यो मोडेल अहिले छरपस्ट भएको छ।

निजी क्षेत्रमा पनि गिरावट : हङकङको हाङ सेङ (एचएसआई) मन्दीको चपेटामा छ। गत शुक्रबार जनवरीको उच्चतम स्तरबाट २० प्रतिशतभन्दा बढीले गिरावट आयो। यस्तै, चिनियाँ मुद्रा युआन पनि पछिल्लो १६ वर्षयताकै तल्लो स्तरमा पुग्यो। यो वर्षको सुरुवातमा चीनले कोभिड लकडाउन पूर्ण रूपमा हटाएपछि आर्थिक गतिविधि हुन थाले पनि विकास भने रोकिएको छ। उपभोक्ता मूल्यमा गिरावट आएको छ, रियल इस्टेट संकट गहिरिँदो छ। यस्तै,



> चीन आर्थिक गतिविधि निकै सुस्त हुने समयमा प्रवेश गरेको छ। अर्थशास्त्रीहरूका अनुसार चीनले वैदेशिक लगानी र व्यापारलाई खतराको खाडलमा धकेल्दै छ। र, यो संकटको प्रभाव दीर्घकालसम्म रहन सक्छ। कारण, चीनको विकास मोडेल अहिले भताभुंग अवस्थामा छ।

निर्यातमा पनि गिरावट आएको छ भने बेरोजगारी दर पनि भयावह छ। यही भयले सरकारले तथ्यांक प्रकाशित गर्न बन्द गरेको छ।

नोमुरा मोर्गन स्टेनली र बार्कलेजका शोधकर्ताले पहिले गरेको अनुमानमा कटौती गरेका थिए। यसको अर्थ हो, चीन ५.५ प्रतिशतको आफ्नो विकास लक्ष्यबाट चुक्न सक्छ।

रियल इस्टेट क्षेत्रमा बढ्दो घाटा : चीनको अर्थतन्त्र अप्रिलयता मन्दीमा छ। तर, यो महिना देशकै ठूलो रियल इस्टेट (घरजग्गा) कम्पनी कन्ट्री गार्डन र शीर्ष ट्रस्ट कम्पनी झोङरोङ डिफल्ट भएपछि चिन्ता बढ्न थालेको छ। कन्ट्री गार्डनले दुई अमेरिकी डलर अनुदानको ब्याज भुक्तानी गर्न सकेको छैन। यसले लगानीकर्तालाई थप तनाव दिएको छ। चीनले रियल इस्टेट बजारलाई पुनर्जीवित गर्न कैयौं उपाय सुरु गरेको त छ, तर यही क्षेत्रका ठूला कम्पनी पनि अब डिफल्टको स्थितिमा पुगेका छन्।

स्थानीय सरकारको कर्जा : चीनलाई अर्को ठूलो चिन्ता भनेको स्थानीय सरकारको कर्जा हो। घरजग्गा कारोबारमा गिरावट आउँदा भूमि बिक्रीबाट आउने राजस्व कम भएको छ। लामो समयसम्म जारी लकडाउनको नकारात्मक प्रभाव पनि चीनमाथि परेको छ। यी र यस्तै कारणले स्थानीय सरकारको कर्जा संकटलाई थप बढाएको छ। यो संकटले चिनियाँ बैंकलाई मात्रै जोखिम पैदा गर्दैन, विकासलाई गति दिने र सार्वजनिक सेवा विस्तार गर्ने सरकारको क्षमतालाई पनि प्रभावित पार्छ। सरकारले यो क्षेत्रलाई राहत मिल्ने कुनै कदम उठाउन सकेको छैन।

अर्थशास्त्री एवं विश्लेषकका अनुसार वैश्विक वित्तीय संकटका वेला चीन आफ्नो अर्थतन्त्रलाई चलायमान बनाउन खोज्दा कर्जाको बोझले थङथिलो भएको छ।

जनसंख्या गिरावट पनि चिन्ता : चीनले केही दीर्घकालीन चुनौतीको सामना गरिरहेको छ। यसमा जनसंख्या संकट, अमेरिका र युरोपजस्ता प्रमुख व्यापारिक साझेदारको तनावपूर्ण सम्बन्धलगायत पर्छन्। त्यहाँको राष्ट्रिय स्वास्थ्य आयोगले गरेको एक अध्ययनमा कुल प्रजनन दर गत वर्ष घटेर ऐतिहासिक तल्लो स्तरमा आएको छ। गत वर्ष १.० ९ रहेको प्रजनन दर दुई वर्षअघि १.३० थियो। यसरी हेर्दा चीनको प्रजनन दर जापानको भन्दा पनि कम छ। यस्तै, वृद्धहरूको संख्या पनि उच्च छ।

मुडिज इन्भेस्टर्स सर्भिसले गरेको एक शोधअनुसार चीनको पुरानो जनसांख्यिकी आर्थिक विकासका लागि चुनौती बनेको छ। श्रम आपूर्तिमा गिरावट तथा सामाजिक खर्च बढ्दा राज्यकोष घाटा हुनेछ र यसले देशको कर्जाबोझ थप बढाउनेछ।

त्यसो भए चिनियाँ अर्थतन्त्रको भविष्य के त ? : अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपणअनुसार आगामी वर्ष चीनको जिडिपी वृद्धिदर चार प्रतिशतभन्दा कम हुन सक्नेछ। यो विकास दर पछिल्लो चार दशकको अधिकांश समयको तुलनामा आधाभन्दा बढी हो। बेलायतस्थित शोध कम्पनी क्यापिटल इकोनोमिक्सका अनुसार चीनको 'ट्रेन्ड ग्रोथ' सन् २०१९ मा पाँच प्रतिशतले घटेर तीन प्रतिशत पुग्यो र यो सन् २०३० सम्म घटेर दुई प्रतिशत पुग्नेछ।

माथि उल्लिखित दरमा चीन २०३५ सम्म अर्थतन्त्रको आकारलाई दोब्बर गर्ने उद्देश्यमा चुक्नेछ। यसको अर्थ, विश्वकै ठूलो अर्थतन्त्र अमेरिकालाई चीनले आफ्नो दीर्घकालीन महात्वाकांक्षाअनुरूप उछिन्न सक्दैन।

- एजेन्सीको सहयोगमा

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १४ भदौ ०८०

सुरु भयो एमसिसी परियोजना
२९ अगस्ट ०२८ भित्र निर्माण सक्नुपर्ने

अर्थमन्त्री डा. प्रकाशशरण महत र एमसिसीका कम्प्याक्ट सञ्चालनसम्बन्धी उपाध्यक्ष क्यामरोन अल्फोर्डबीच 'एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश'सम्बन्धी पत्र आदान-प्रदान, झन्डै ७० करोड डलरको परियोजनाको 'काउन्टडाउन' सुरु

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अमेरिकी संस्था मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) कम्प्याक्ट कोषको ५० करोड डलर अनुदान र नेपाल सरकारको १९.७ करोड डलर लगानीका तीन परियोजना कार्यान्वयन अर्थात् इन्टी इन्टु फोर्स (इआइएफ) मा प्रवेश गरेका छन् । पूर्वनिर्धारित समयअनुसार मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसिए) नेपाललेे बुधबारदेखि एमसिसी परियोजनालाई कार्यान्वयनमा प्रवेश गराएको हो ।

एमसिसीसँगको पूर्वसम्झौताअनुसार कार्यान्वयन सुरु भएको पाँच वर्ष अर्थात् २९ अगस्ट ०२८ भित्र परियोजना सम्पन्न गर्नुपर्छ । बुधबार अर्थ मन्त्रालयमा एक विशेष कार्यक्रम गरेर एमसिसी परियोजनाको कार्यान्वयन सुभारम्भ गरिएको हो । नेपाल सरकार र एमसिसीबीच पूर्वतयारी चरणमा यथेष्ठ प्रगति भएको सहमतिपछि यसको शुभारम्भ गरिएको एमसिए नेपाललेे जानकारी दिएको छ ।

सो सन्दर्भमा बुधबार अर्थमन्त्री डा. प्रकाशशरण महत र एमसिसीका कम्प्याक्ट सञ्चालनसम्बन्धी उपाध्यक्ष क्यामरोन अल्फोर्डबीच 'एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश'सम्बन्धी पत्र आदानप्रदान गरिएको छ । यसका लागि एमसिसी उपाध्यक्ष अल्फोर्ड मंगलबार नेपाल आएका थिए ।

'कार्यान्वयनमा प्रवेश'ले पाँच वर्षको समयसीमाभित्र कम्प्याक्ट कार्यक्रम सफलतापूर्वक सम्पन्न हुने सुनिश्चितताका लागि पूर्वसर्त तथा तयारी कार्य पूरा भएको जनाउने बताइएको छ । त्यसैले यसलाई एमसिसी कम्प्याक्टका सन्दर्भमा महत्त्वपूर्ण कोसेढुंगाका रूपमा लिइएको एमसिए नेपाललेे जानकारी दिएको छ ।

२९ अगस्ट ०२८ भित्र यसअन्तर्गतका परियोजनाको निर्माण नसकिए बाँकी काम नेपाल सरकारले आफ्नै लगानी गर्नुपर्छ । खर्च हुन नसकेको पैसा एमसिसीले पठाउनेछैन । चार प्रसारण लाइन, तीन सबस्टेसन र पूर्व-पश्चिम राजमार्गको ७७ किमि सडकखण्ड मर्मत गर्ने गरी सेप्टेम्बर २०१७ मा अमेरिकासँग सम्झौता भएको छ । जुन सम्झौता १५ फागुन ०७८ (२७ फेब्रुअरी २०२२)मा संसद्बाट अनुमोदन भएसँगै कार्यान्वयनको ढोका खुलेको थियो । यस आयोजनामा अहिले आएर नेपाल विद्युत् प्राधिकरणको ६.७ करोड डलर पैसा थप गर्दै छ । यसरी झन्डै ७० करोड डलरमा यो परियोजना बन्दै छ ।

छैन पूर्वतयारी

एमसिसी परियोजना बुधबारदेखि कार्यान्वयनमा आए पनि यसको निर्माणको पूर्वतयारी भने सकिएको छैन । यसअन्तर्गतका परियोजनालाई चाहिने जग्गा प्राप्ति भएको छैन भने ठेक्का सम्झौता पनि बाँकी नै छ ।



■ यी हुन् एमसिसीअन्तर्गत बन्ने आयोजना

यसअन्तर्गत लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा (११७ किमि), रातमाटे-न्यु दमौली (९० किमी), न्यु दमौली-न्यु बुटवल (९० किमि) र न्यु बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारणलाइनको नेपाल खण्ड (१८ किमि) गरेर ४०० केभी डबल सर्किट क्षमताको ३१५ किमि लामो चार प्रसारणलाइन बनाइँदै छ, जहाँ ८५६ वटा टावर बन्नेछन् । यसैगरी रातमाटे, तनहुँ जिल्लाको दमौली र पश्चिम नवलपरासी पश्चिम भूमहीमा ४००-४०० केभी क्षमताका सबस्टेसन निर्माण गरिँदै छ । साथै, महेन्द्र राजमार्गमा भालुवाडबाट पश्चिमतर्फको ७७ किमि खण्ड विशेष रूपमा मर्मत गरिँदै छ ।

एमसिसीअन्तर्गत बन्ने सबस्टेसन र सडकका लागि चाहिने जग्गा यसअघि नै नेपाल सरकारले प्राप्ति गरिसकेको छ । तर, यसअन्तर्गतको सबैभन्दा ठूलो परियोजना प्रसारणलाइनलाई चाहिने जग्गा भने प्राप्ति भएको छैन । त्यसमा प्रसारणलाइनको टावरका लागि १०४ हेक्टर जग्गा प्राप्ति गर्नुपर्नेछ । साथै, ३१५ किमि लामो प्रसारणलाइनमुनि पर्ने १३ सय ४७ हेक्टर जग्गाका लागि क्षतिपूर्ति दिएर भोगाधिकारसम्बन्धी सम्झौता गर्नुपर्नेछ । त्यसका लागि काठमाडौं, मकवानपुर, धादिङ, चितवन, नुवाकोट, पाल्पा, तनहुँ, सिन्धुपाल्चोक, नवलपरासी र नवलपुरमा गरेर १० जिल्लामा जग्गा प्राप्ति गर्नुपर्नेछ । तर, काठमाडौंमा अझै जग्गा प्राप्तिको प्रक्रिया सुरु गरिएको छैन । बाँकी नौ जिल्लामा जग्गा भने रोक्का गरिएको छ ।

कार्यान्वयनमा प्रवेश गर्दै गर्दा यसअन्तर्गत बन्ने कुनै पनि परियोजना निर्माणका लागि ठेक्का सम्झौता पनि भएको छैन । सडक मर्मतसम्बन्धी परियोजनाका लागि त ठेक्का आह्वान हुनै बाँकी छ ।

प्रसारणलाइन निर्माणका लागि १२ मंसिर देखि ८ जेठसम्म आह्वान गरिएको ग्लोबल टेन्डरमा ६ भारतीय कम्पनीले प्रस्ताव पेस गरेका छन् । हाल उनीहरूको प्राविधिक तथा वित्तिय मूल्यांकन गर्ने काम भइरहेको छ । त्यसमा अब दुई महिनाभित्र निर्माण कम्पनी छनोट हुने एमसिए नेपाललेे जनाएको छ ।

यता तीन सबस्टेसन निर्माणका लागि गत १० चैतमा ग्लोबल टेन्डर आह्वान गरिएको थियो । त्यसको म्याद पटक-पटक थपेर आगामी १८ असोजसम्म पुऱ्याइएको छ । त्यसपछि प्रस्तावित कमपनीको आर्थिक तथा वित्तीय मूल्यांकन गर्दा थप चार-पाँच महिना लाग्ने देखिन्छ । सडक निर्माणका लागि भने टेन्डर नै आह्वान भएको छैन । यसको टेन्डर भने आगामी पुससम्ममा हुने एमसिए नेपाललेे नयाँ पत्रिकालाई उपलब्ध गराएको लिखित जवाफमा उल्लेख छ ।

पूर्वतयारीको मुख्य काम नै नसकी परियोजनालाई कार्यान्वयनमा लैजाँदा समयमै काम सम्पन्न हुने विषयमा जोखिम पनि देखिएको छ । नेपालमा प्रसारणलाइनका लागि जग्गा प्राप्तिको प्रकृति यसै पनि निकै जटिल नै मानिन्छ । स्थानीयबाट आउने अवरोधले थुप्रै प्रसारणलाइन निर्माणमा ढिलाइ भएको छ । यो परियोजनामा पनि आगामी दिनमा स्थानीयको अवरोध नआउला भन्न सकिँदैन । त्यो अवस्थामा यसरी समयमै जग्गा प्राप्ति र ठेक्का सम्झौतासमेत नगर्दा तोकिएको अवधिमै आयोजना बन्ने विषयमा चुनौती देखिएको सरोकारवालाहरू बताउँछन् । ठेक्का सम्झौता गर्ने, तर जग्गा प्राप्ति नभएमा समस्या आउन सक्ने सरोकारवालाहरू बताउँछन् ।

■ कार्यक्रममा कसले के भने ?

कार्यान्वयनमा प्रवेशसम्बन्धी पत्र हस्तान्तरण समारोहमा अर्थमन्त्री डा. प्रकाशशरण महतले नेपालको आर्थिक विकासलाई सघाउने एमसिसी परियोजनाले सडक स्तरोन्नति तथा भरपर्दो विद्युत् आपूर्तिमार्फत नेपाली जनतालाई सुविधा दिने बताए । 'राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषित विद्युत् प्रसारण आयोजना र नेपालको रणनीतिक सडक सञ्जालमा लगानी गर्ने सडक मर्मत आयोजनाको औपचारिक कार्यान्वयन शुभारम्भ भएको घोषणा भएको छ, यो आफैंमा ऐतिहासिक तथा खुसीको क्षण हो,' उनले भने, 'यसको सफल कार्यान्वयन गर्न सरकार अग्रसर पनि हुनेछ ।'

उक्त कार्यक्रममा सहभागी अमेरिकी राजदूत डिन थम्पसनले यस परियोजनाका कारण नेपाली जनताले पाउने विद्युत् र यातायातसम्बन्धी सुविधामा पहुँच विस्तार हुने बताए । 'अमेरिका र नेपालबीच ७५ वर्षभन्दा बढी समयदेखि बलियो मैत्रीपूर्ण सम्बन्ध छ । हाम्रो मित्रताको एउटा उत्साहवर्द्धक कोसेढुंगा एमसिसी नेपाल कम्प्याक्ट हो,' उनले भने, 'यसले दीर्घकालका लागि नेपालको समृद्धिलाई उकास्नेछ र विद्युत् तथा यातायातमा नेपाली जनताको पहुँचमा सुधार गर्नेछ । आज यस महत्त्वपूर्ण कोसेढुंगा घोषणा कार्यक्रममा सहभागी हुन पाउँदा निकै हर्षित छु र नेपालको आर्थिक विकासमा कम्प्याक्टले उल्लेख्य प्रभाव पार्ने अपेक्षा गर्दछु ।'

यस्तै, एमसिसी उपाध्यक्ष अल्फोर्डले विद्युत् आपूर्तिको विश्वसनीयतामा सुधार गर्ने नवीन उपाय पहिल्याएर नेपालको आर्थिक वृद्धिलाई अगाडि बढाउन सहकार्य गर्ने बताए । 'एमसिसी र नेपालबीचको साझेदारीका सन्दर्भमा यो अत्यन्त उत्साहजनक क्षण हो,' उनले भने, 'नेपाली जनताका लागि व्यावसायिक अवसर सिर्जना गरेर, रणनीतिक सडक सञ्जालको मर्मत-सम्भारमा सुधार गरेर तथा वातावरण संरक्षण गर्ने क्रममा विद्युत् आपूर्तिको विश्वसनीयतामा सुधार गर्ने नवीन उपाय पहिल्याएर नेपालको आर्थिक वृद्धिलाई अगाडि बढाउन हामी सहकार्य गर्नेछौं ।'

यस्तै, एमसिए नेपालका कार्यकारी निर्देशक खड्ग विष्टले परियोजना समयमै सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरे । 'नेपाल सरकारको निर्देशन एवं एमसिसीको सहयोगबाट हामी निश्चित बजेट र समयावधिमा आयोजना सफलतापूर्वक सम्पन्न गर्नेछौं,' उनले बताए ।

प्रिमियममा आइपिओ जारी गर्ने कम्पनीको मूल्यांकन गर्न समिति

भोजराज भण्डारी/नयाँ पत्रिका

प्रिमियम मूल्यमा प्राथमिक सेयर (आइपिओ) जारी गर्ने कम्पनीको मूल्यांकन गर्न नेपाल धितोपत्र बोर्डले प्रिमियम मूल्यांकन समिति गठन गरेको छ । पछिल्लो समय प्रिमियम मूल्यमा जारी गरिएको घोराही सिमेन्ट प्रकरणमा बोर्डमाथि नै प्रश्न उठेपछि मूल्यांकन समिति गठन गरिएको हो ।

धितोपत्र ऐनअनुसार सञ्चालक समितिबाट निर्णय गरेर समिति गठन गरिएको बोर्डले जनाएको छ । प्रिमियममा आइपिओ जारी गर्ने कम्पनी अध्ययन गरी सोहीअनुसार मूल्य छनोट गर्ने काम समितिले गर्ने बोर्डका अध्यक्ष रमेशकुमार हमालले जानकारी दिए । उनले भने, 'घोराही सिमेन्टबाट हामीले ठूलो पाठ सिक्न पार्यौं र अहिले तत्काल समिति गठन गरेर लगानीकर्तालाई भोलिका दिनमा जोखिम नहोस् लाइफ इन्स्योरेन्स, आइएमई लाइफ इन्स्योरेन्सको प्रस्ताविक मूल्यबाट घटाइएको हो । त्यस्तै, हालै मात्र बोर्डबाट स्वीकृत प्राप्त भएको सोनापुर मिनरल आयल (तेल)ले प्रस्ताव गरेको मूल्यभन्दा १२ रुपैयाँ मूल्यांकन समितिले घटाएको छ ।

कम्पनीले प्रिमियम मूल्यसहित दुई सय ४९ रुपैयाँ ८४ पैसा प्रस्ताव गरेकोमा बोर्डले प्रिमियम मूल्यसहित दुई सय ३७ रुपैयाँ दिएको छ । मूल्यांकन समितिले कम्पनी र लगानीकर्ता दुवैको हितमा हुने गरी मूल्य घटाएको श्रेष्ठले बताए । उनले भने, 'लगानीकर्तालेे कम्पनीप्रति गर्ने विश्वास बढेर जान्छ र लगानी थप बढ्छ ।'

बोर्डले पछिल्लो समय पब्लिक कम्पनीमा जानेबित्तिकै आइपिओ जारी गर्न पाउने व्यवस्था ल्याउने भएको छ । लगातार दुई वर्ष

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

भनेर हामी सचेत भयौं ।'

घोराही सिमेन्टको सेयर मूल्यांकनमा अन्डरराइटिङ र प्रबन्धक कम्पनीबीच नै मिलेमतो रहेको विषयमा बोर्डले अध्ययन नै नगरीकन निष्कासन स्वीकृति दिएको भन्दै आलोचना भएको थियो ।

यस मूल्यांकन समिति नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) को सहयोगमा गठन गरेको हो । विज्ञ व्यक्तिहरूले कम्पनीको अन्डरराइटिङ प्रक्रिया पूरा गरेर गएका कम्पनीलाई बोर्डले स्वीकृति दिनुअघि सही रेटिङ भएको छ-छैन, जोखिमको सम्भावना, नाफाको क्षमतालगायतको अध्ययन गरेर प्रस्ताव गरेको मूल्य समायोजना गर्ने काम यस समितिले गर्नेछ । बोर्डका प्रवक्ता मुक्ति श्रेष्ठले घोराही सिमेन्टपछि प्रिमियममा आइपिओ जारी गरिएका कम्पनीहरूको प्रस्ताविक मूल्यभन्दा १० देखि ५० रुपैयाँसम्म मूल्यांकन समितिबाट घटाइएको बताए । बोर्डका अनुसार घोराही सिमेन्टपछि रिलायबल नाफामा गएका र चुक्ता पुँजी एक अर्ब नाघेका कम्पनीले प्रिमियम मूल्यमै आइपिओ जारी गर्न पाउने व्यवस्था मन्त्रिपरिषद्बाट धितोपत्र विनियमावली २०८० संशोधन गरेको छ ।

यो विनियमावली कार्यान्वयनमा आएसँगै धितोपत्र बोर्डमा प्रिमियम मूल्यमा सेयर जारी गर्नेहरूको संख्या बढ्ने देखिन्छ । यस्तोमा रेटिङ प्रणालीमा कमजोरी भएका कम्पनीका कारण लगानीकर्ता फस्न सक्ने जोखिमलाई ध्यानमा राख्दै मूल्यांकन समिति गठन गरिएको बोर्डको भनाइ छ । श्रेष्ठले भने, 'विनियमावली कार्यान्वयनमा आएपछि जस्तासुकै कम्पनी पनि आउन सक्छन्, तत्काल नाफा देखिएका र भोलिका दिनमा जोखिम भएका कम्पनीले मिलेमतोमा मूल्य बढाएर प्रस्ताव गरे भने लगानीकर्ता फस्न सक्छन्, त्यसका लागि पनि यो समिति एउटा 'गेट किपर' हो ।'

बैंकमा राखिएको निक्षेपको ब्याजदरले बिमा कम्पनीको नाफा बढायो

१४ जीवन र १४ निर्जीवन बिमा कम्पनीको खुद नाफा औसतमा ४९ प्रतिशतले वृद्धि

नयाँ पत्रिका

गत आर्थिक वर्ष ०७९/८० जीवन तथा निर्जीवन बिमा कम्पनीहरूको नाफामा उल्लेख्य वृद्धि देखिएको छ । गत आवमा १४ जीवन र १४ निर्जीवन बिमा कम्पनीको खुद नाफा औसतमा ४९ प्रतिशतले बढेको छ । समीक्षा वर्षमा बिमा कम्पनीहरूले नौ अर्ब ८२ करोड ९४ हजार नाफा कमाएका छन् । अघिल्लो आवमा उनीहरूले ६ अर्ब ५९ करोड नौ लाख ५६ हजार नाफा कमाएका थिए ।

समीक्षा अवधिमा निर्जीवन बिमा कम्पनीहरूको नाफा मात्रै ४४.६९ प्रतिशतले बढेको छ । अघिल्लो आवमा तीन अर्ब ५७ करोड ९२ लाख रहेको निर्जीवन बिमा नाफा गत वर्ष पाँच अर्ब १७ करोड ९१ लाख पुगेको छ ।

यसैगरी, जीवन बिमा कम्पनीहरूको नाफा ५४ प्रतिशतले बढेको छ । समीक्षा वर्षमा उनीहरूले चार अर्ब ६४ करोड १० लाख नाफा कमाएका छन् । अघिल्लो आवमा उनीहरूको नाफा तीन अर्ब एक करोड १७ लाख थियो ।

कम्पनीहरूको यो नाफा एक्चुरियल भ्यालुएसन (बिमांकीय मूल्यांकन)भन्दा अधिको हो । बिमांकीय मूल्यांकन भएपछि कम्पनीको नाफा थप बढ्न सक्नेछ, जुन मूल्यांकनले बिमा कोषको १० प्रतिशतसम्म रकम नाफा-नोक्सान खातामा सार्न सकिन्छ, फलस्वरूप बिमा कम्पनीहरूको नाफा थप बढ्नेछ ।

समीक्षा अवधिमा बिमा कम्पनीहरूको व्यवसाय उत्साहजनक नभए पनि नाफामा भने उच्च वृद्धि देखिएको हो । नेपाल बिमा प्राधिकरणका अनुसार गत आवमा कुल बिमा व्यवसाय २.८५ प्रतिशतले मात्रै बढेको छ । त्यसमा जीवन बिमा व्यवसाय २.६४ प्रतिशत र निर्जीवन बिमा व्यवसाय ३.५८ प्रतिशतले बढेको थियो ।

गत आवमा एक खर्ब ८२ अर्ब ८७ करोडबराबरको बिमाशुल्क संकलन भएको थियो । त्यसमा जीवन बिमातर्फ एक खर्ब ४२ अर्ब ३० करोड बिमा शुल्क संकलन भएको छ भने निर्जीवनतर्फ ४० अर्ब ५७ करोड संकलन भएको छ । अघिल्लो आव ०७८/७९ भने कुल एक खर्ब ७७ अर्ब ८० करोड रुपैयाँ बिमाशुल्क संकलन भएको थियो । त्यसमा जीवन बिमातर्फ एक खर्ब ३८ अर्ब ६४ करोड र निर्जीवन बिमातर्फ ३९ अर्ब १६ करोड रुपैयाँ बिमाशुल्क संकलन भएको थियो ।

विशेषगरी, बैंकको मुद्दती निक्षेपको ब्याजदर बढ्दा बिमा कम्पनीहरूको नाफा बढेको हो । बिमा कम्पनीले आफूसँग भएको लगानीयोग्य पुँजीमध्ये अधिकांश वाणिज्य बैंकको मुद्दती निक्षेपमा राख्छन् । त्योअनुसार बैंकको मुद्दती निक्षेपबाट हुने ब्याज आम्दानी नै बिमा कम्पनीहरूको आम्दानीको मुख्य हुने गरेको छ ।

पछिल्लो समय देखिएको तरलता अभावलाई दृष्टिगत गर्दै बैंकहरूले गत आवमा निक्षेपको ब्याजदर बढाएका थिए । फलस्वरूप बिमा कम्पनीको आम्दानी बढेर नाफा बढ्न गएको बताइएको छ । यसैगरी, पछिल्लो समय बिमा कम्पनीमा दाबी पनि कम परेको छ । साथै, मर्जरमा जान थालेपछि कम्पनीको खर्च पनि घटेको छ । यस्ता कारणले बिमा कम्पनीको नाफा बढेको बताइन्छ ।

प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल पनि व्यवसायमा संकुचन आउँदा कम्पनीको लगानीबाट भएको प्रतिफलका कारण नाफा बढेको बताउँछन् । 'बिमा कम्पनीको आम्दानीको मुख्य स्रोत बैंकबाट प्राप्त हुने ब्याज हो । पछिल्लो समय देखिएको तरतला अभावका कारण बैंकहरूले ब्याजदर बढाउँदा कम्पनीको आम्दानी बढ्न गयो,' उनले भने, 'त्यसको असरले बिमा कम्पनीको आम्दानी बढ्यो र नाफा पनि बढ्न गयो ।'

कुन कम्पनीको कति नाफा ?

समीक्षा अवधिमा जीवन बिमातर्फ नेपाल लाइफले सबैभन्दा बढी नाफा कमाएको छ । उक्त कम्पनीले ६७ करोड ४४ लाख ३५ हजार नाफा कमाएको छ । जब कि अघिल्लो आवमा यो कम्पनी ३५ करोड २७ लाख रुपैयाँले घाटामा थियो । दोस्रोमा हिमालयन लाइफ इन्स्योरेन्स कम्पनीले ५८ करोड १३ लाख नाफा कमाएको छ । तेस्रो स्थानमा रहेको सन् नेपाल लाइफले ५६ करोड ६५ लाख नाफा कमाएको छ ।

यस्तै, निर्जीवनतर्फ राष्ट्रिय बिमा कम्पनीले सबैभन्दा धेरै नाफा कमाएको छ, उक्त कम्पनीले ७७ करोड २५ लाख ४६ हजार नाफा कमाएको छ । दोस्रो स्थानमा भने नेको इन्स्योरेन्सको नाफा ५५ करोड ३१ लाख रहेको छ । यसैगरी, तेस्रो स्थानमा रहेको सगरमाथा लुम्बिनीले ४५ करोड ८२ लाख ६३ हजार नाफा कमाएको छ ।

गत आवमा कुन कम्पनीको कति नाफा

■ निर्जीवन बिमातर्फ

कम्पनी	नाफा रकम (रु हजार)मा
राष्ट्रिय बिमा कम्पनी	७७२,५४६
नेको इन्स्योरेन्स	५५३,१४२
सगरमाथा लुम्बिनी	४५८,२६३
शिखर इन्स्योरेन्स	४०३,१७४
हिमालयन एभरेष्ट	४००,६१३
ओरिएन्टल इन्स्योरेन्स	४००,११९
नेपाल इन्स्योरेन्स	४००,०५७
सिद्धार्थ	३६३,५१७
सानिमा जिआइसी	२८०,१८२
आइजिआई प्रुडेन्सियल	२६१,०५१
प्रभु इन्स्योरेन्स	२४१,५३६
एनएलजी इन्स्योरेन्स	२४१,०७६
युनाइटेड अजोड	२०२,००२
नेसनल इन्स्योरेन्स	२०१,८१९
जम्मा	५,१७९,०९७

■ जीवन बिमातर्फ

कम्पनी	नाफा रकम (रु हजार)मा
नेपाल लाइफ	६७४,४३५
हिमालयन लाइफ	५८१,३२४
सन् नेपाल लाइफ	५६६,५३०
सूर्यज्योति लाइफ	४६०,३८७
रिलायबल नेपाल	४३२,२९९
नेसनल लाइफ	३६४,५७४
मेट लाइफ	३५९,९९३
आइएमई लाइफ	२४०,८१३
एसियन लाइफ	२४०,००६
सानिमा रिलायन्स	२१९,३८७
सिटिजन लाइफ	२०१,१२८
एलआइसी नेपाल	१२४,६७०
प्रभु महालक्ष्मी लाइफ	१०५,०८४
राष्ट्रिय बिमा संस्थान	७०,३६७

निगम पोखरा डिपोको भ्रष्टाचार छानबिन गर्दै अख्तियार

अजित अधिकारी/नयाँ पत्रिका

नेपाल आयल निगमको कास्की गगनगौंडास्थित गण्डकी प्रादेशिक कार्यालयमा भएको भ्रष्टाचारको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पोखरा कार्यालयले छानबिन अघि बढाएको छ । निगमको कार्यालयका निलम्बित डिपो प्रमुख चित्तरञ्जन दासले २५ साउनमा तीन हजार लिटरभन्दा बढी डिजेल अपचलन गरेको घटना सार्वजनिक भएपछि अख्तियारले ३२ साउनमा छानबिन समिति बनाई अनुसन्धान अघि बढाएको छ । त्यसक्रममा निगमको पोखरा डिपोभित्र थप अनियमितता भएको उजुरी परेपछि अख्तियारले सबै प्रकारका भ्रष्टाचारको अनुसन्धान अघि बढाएको हो ।

अख्तियारको पोखरा कार्यालयले ३ भदौमा निगमको पोखरास्थित कार्यालयलाई दुई पेजको पत्र पठाउँदै तेल अपचलनसँगै अन्य उजुरी परेका भ्रष्टाचारजन्य गतिविधिको कागजात माग गरेको छ । अख्तियारले १५ दिनभित्र माग गरिएका कागजात उपलब्ध गराउन निर्देशन पनि दिएको छ ।

२५ साउनमा तोकिएभन्दा बढी डिजेल लैजाँदै गरेको अवस्थामा ट्यांकर समातिएको विषयमा निगमको पोखरा डिपोको प्रतिक्रियासहित सबै कागजात माग गरेको छ । उक्त दिन १२ हजार लिटर डिजेलको बिल बनाई पैसा भुक्तानी भएको ट्यांकरमा निगमको तत्कालीन डिपो प्रमुख दासको अग्रसरतामा १५ हजार दुई सय लिटर डिजेल हालेर पठाएको अवस्थामा जिल्ला प्रशासन कार्यालय, कास्कीको टोलीले समातेको थियो । सो घटनमा प्रहरीले समेत अनुसन्धान अघि बढाई तत्कालीन डिपो प्रमुख दास र ट्यांकरधनी बाबुराम जमरकट्टेलविरुद्ध पत्राउ पुर्जी जारी गरिसकेको छ ।

त्यस्तै, निगमको पोखरा डिपोभित्रको प्रशासनिक खर्चमा हुने भ्रष्टाचारबारे पनि अख्तियारले छानबिन अघि बढाएको छ । कार्यालयले कुन शीर्षकमा कति बजेट राखेको, कति खर्च गरेको र के-कसरी खर्च गरेको भन्ने विषयमा विस्तृत खुल्ने गरी निगमसँग कागजात मागेको छ । निगमको सबै डिपोमा करोडौंका मर्मत तथा सेवासम्बन्धी काम पाँच-पाँच लाख रुपैयाँ कोटेसनबाट गर्ने गरिएको उजुरी पनि अख्तियारमा परेको छ । सो उजुरीपछि पाँच-पाँच लाखमा काम गरेका सबै फर्म र कार्यको विवरण मागेर अनुसन्धान अघि बढाइएको छ ।

सार्वजनिक खरिद ऐन, ०६३ र सोको विनियमावलीले पाँच लाखसम्मको कार्य गर्दा सार्वजनिक सूचनाविनै तीनवटा कम्पनीसँग लागत अनुमान माग गर्न सक्ने व्यवस्था गरेको छ । निगमको पोखरा डिपो प्रमुख रहँदा दासले यस्तो व्यवस्थाको दुरुपयोग गरी आफूनजिकका व्यक्तिसँग तीनवटा कम्पनीबाट लागत अनुमान माग गर्ने र सोही व्यक्तिलाई पाँच लाखसम्मको कोटेसनको काम गर्न दिई भ्रष्टाचार गरेको अख्तियारको आशंका छ । यसरी पाँच लाखसम्मको भुक्तानी गरे पनि यथार्थमा दुई-तीन लाखभन्दा बढीको काम नहुने गरेको अख्तियारमा उजुरी छ ।

निलम्बन प्रमुख दासले मर्मत, रंगरोगनलगायतका काम गर्दा आफ्नो गृहजिल्ला सिराहाका ठेकेदारहरूसँग मिलेमतो गरेको उजुरीमा पनि अख्तियारले छानबिन थालेको छ ।

■ अख्तियारले छानबिन थालेको मुख्य ९ विषय

- तोकिएभन्दा ३२ सय लिटर तेल अपचलन गरेको
- प्रशासनिक खर्चमा भ्रष्टाचार गरेको
- पाँच लाखको कोटेसनमा काम गर्दा नक्कली कम्पनी खडा गरी भ्रष्टाचार गरेको
- आफ्नै गृहजिल्ला सिराहाका ठेकेदारमार्फत मर्मतको काम गरेको
- काम सम्पन्न नभई पाँच लाख रुपैयाँसम्मको कोटेसनमा अग्रिम भुक्तानी दिएको
- जिल्ला दररेटभन्दा बढी दरको लागत अनुमान गरी गेट निर्माण गरेको
- एक वर्षअघि रंगरोगन गरिएको कार्यालयको सामग्री पुनः रंगरोगन गराई भ्रष्टाचार गरेको
- सवारीसाधनमा प्रयोग गर्ने इन्धन सुविधासमेत दुरुपयोग गरेको
- निगमको निर्देशक र ट्रेड युनियनका पदाधिकारीलाई पोखराको माछा भन्दै पाँच सय किलो माछा केन्द्रीय कार्यालय हातामै वितरण गरेको

■ केन्द्रीय कार्यालयका हाकिमलाई खुसी बनाउन पाँच सय किलो माछा

आयल निगमको पोखरा डिपोका निलम्बित प्रमुख चित्तरञ्जन दासले हाकिम खुसी बनाउन पोखराको विभिन्न तालको माछा खुवाउने गरेका थिए । उनले पोखराको बेगनास ताल तथा स्थानीय नदीको स्वादिलो माछा भन्दै केन्द्रीय कार्यालयका निर्देशक र ट्रेड युनियनका पदाधिकारीलाई पाँच सय किलो माछा खुवाएको अख्तियारमा उजुरी परेपछि छानबिन अघि बढाइएको छ ।

'निगमको केन्द्रीय कार्यालयमा रहेका निर्देशक, ट्रेड युनियनका पदाधिकारीलाई पोखराको भन्दै गाडी रिजर्भ गरी करिब पाँच सय किलो माछा केन्द्रीय कार्यालयको हातामा वितरण गरेको भन्ने सम्बन्धमा स्पष्ट प्रतिक्रिया तथा व्यहोरा खुलाई पठाइदिनु' अख्तियारले लेखेको पत्रमा भनिएको छ ।

साथै, दासले बढी तेल बिक्री गर्दा प्राप्त हुने रकम केन्द्रीय कार्यालयका हाकिमहरूलाई समेत दिने हुँदा उनीहरू खुसी रहेको भन्दै नियमित रूपमा तेल अपचलन गरेको विषयमा पनि अख्तियारले छानबिन अघि बढाएको छ ।

सरकारले पहिले थुन्ने र पछि सुन्ने मात्रै गऱ्यो : निजी क्षेत्र

काठमाडौं/ निजी क्षेत्रका अगुवाहरूले सरकारले पछिल्ला दिनमा व्यवसायीप्रति देखाएको व्यवहारको खुलेर विरोध गरेका छन् । उनीहरूले व्यवसायीका समस्या समाधान नगरी निचोर्ने काम मात्रै गरेको भन्दै सरकारको चर्को आलोचना गरेका हुन् ।

बाह्रखरी मिडियाले बुधबार काठमाडौंमा आयोजना गरेको 'निजी क्षेत्रको आवाज' विषयक अन्तर्क्रिया कार्यक्रममा सहभागी निजी क्षेत्रका प्रतिनिधिहरूले अब सडकमा आउनुको विकल्प नभएको भन्दै नेतृत्व गर्न उद्योग वाणिज्य महासंघसहित सबै निकायको ध्यानाकर्षणसमेत गरे । व्यवसायीले आफ्ना कुरा पनि नसुनी सरकारले समातेर थुन्ने काम गरेको भन्दै यस्तो व्यवहारले मुलुकमा आर्थिक समृद्धि कसरी हासिल हुन्छ ? भन्दै प्रश्न गरेका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको पछिल्लो आर्थिक अवस्था चिन्ताजनक रहेको टिप्पणी गरेका छन् । उनले अहिलेको स्थिति प्रतिकूल भए पनि निजी क्षेत्र सम्हालिएर अघि बढ्नुको विकल्प नभएको बताए । 'मुलुकको अर्थतन्त्र निकै जटिल अवस्थामा छ,' ढकालले भने, 'चाहे हामी हाम्रा नीतिगत कारण भनौं वा कोभिडको कारण या विश्वव्यापी रूपमा देखिएको संकट या श्रीलंकाको डर देखाएर नीतिगत रूपमा अप्ठ्यारो पारिएको छ ।'

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले योजनाअनुसारको आर्थिक नीति नभएकाले समस्या भोग्नुपरेको बताए । उनले भने, 'कोभिड- १९ को महामारीले त्यो वेला लिएको सस्तो ब्याज, लगानीले अहिले ब्याजदर वृद्धि हुँदा समस्यामा परेका हौं ।' समग्र रूपमा राजनीतिक एजेन्डा र विभिन्न दलको धारणा फरक-फरक भए पनि आर्थिक एजेन्डा सबैको एउटै हुनुपर्नेमा उनले जोड दिए । उनले भने, 'जुनसुकै एउटा एजेन्डा आउँदा जुन कालोबजारी ऐन छ, यो धेरै पुरानो भयो संशोधन गर्नुपर्छ । नेपालमा पहिले थुन्ने र पछि सुन्ने अवस्था छ त्यसको अन्त्य गर्नुपर्छ ।'

नबिल बैंकका डेपुटी सिइओ मनोज ज्ञवालीले नेपाली अर्थतन्त्रका सूचकांक राम्रो नदेखिएको बताए । उनले भने, 'मुद्रास्फीतिको रेट हेर्नुपर्दा अमेरिकामा समेत उच्च रह्यो भारतमा पनि त्यस्तै रह्यो । त्यो हिसाबले हाम्रो ३.६ बाट लगभग डबलभन्दा बढी भयो, तर वार्षिक रूपमा हामीले नियन्त्रणमा नै राखेको देखिन्छ ।'

नकर्मी बने हिमालयन लघुवित्तको अध्यक्ष

काठमाडौं/ हिमालयन बैंक लिमिटेडको सहायक कम्पनी हिमालयन लघुवित्त वित्तीय संस्थाको अध्यक्षमा विजयमान नकर्मी नियुक्त भएका छन् ।

संस्थाको सञ्चालक समितिले संस्थापक सेयरधनी समूह हिमालयन बैंकको तर्फबाट प्रतिनिधित्व गरेका नकर्मीलाई सञ्चालक समितिको अध्यक्ष पदमा सर्वसम्मत रूपमा चयन गरेको हो ।



हिमालयन बैंकबाट बैंकिङ सेवा सुरु गरी करिब ३० वर्षदेखि यसै क्षेत्रमा कार्यानुभव भएका नकर्मी हाल बैंकको सहायक प्रमुख कार्यकारी अधिकृतको भूमिकामा रहेको जनाइएको छ ।

राष्ट्रियस्तरको कार्यक्षेत्र भएको यस संस्थाले हालसम्म ७५ शाखामार्फत ७५ हजारभन्दा बढी सदस्यलाई लघु वित्तीय सेवा प्रदान गर्दै करिब एक अर्ब रुपैयाँ बचत संकलन गरी चार अर्ब ४३ करोड रुपैयाँ लगानी गरेको कम्पनीले जनाएको छ ।

कर्मचारीबारे छानबिन गर्दै एसबिआई बैंक

काठमाडौं/ नेपाल एसबिआई बैंकले आफ्नो कर्मचारीलाई आरोप लगाउँदै विभिन्न सञ्चारमाध्यममा आएको समाचारबारे ध्यानाकर्षण भएको जनाएको छ ।

कर्मचारीप्रति लागेको आरोपको बारेमा अनुसन्धान सुरु गरिसकेको बैंकको भनाइ छ । अनुसन्धानपश्चात् कर्मचारीको सम्बन्धमा उचित कदम चालिने बैंकले जनाएको छ ।

नेपाल एसबिआई बैंक सधैं निष्पक्ष, पारदर्शी र बैंकिङ अनुपालनमा विश्वास गर्ने विज्ञप्तिमा उल्लेख छ ।

चालू पुँजी कर्जा मार्गदर्शनलाई थप लचिलो बनाउन निजी क्षेत्रको माग

मार्गदर्शन संशोधनलाई सकारात्मक भन्दै कतिपय व्यवस्थाले भने प्रतिकूल असर गर्ने परिसंघ र चेम्बरको दाबी

नयाँ पत्रिका

निजी क्षेत्रका छाता संगठनहरू नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले चालू पुँजी कर्जा मार्गदर्शनलाई थप लचिलो बनाउन माग गरेका छन् । नेपाल राष्ट्र बैंकले चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शनमा गरेको संशोधनलाई सकारात्मक भन्दै उनीहरूले थप लचिलो हुन आवश्यक रहेको औंल्याएका हुन् ।

परिसंघले चालू पुँजी कर्जाका सन्दर्भमा दिएका आफ्ना सुझाव साना तथा मझौला उद्योगका हकमा सम्बोधन भए पनि ठूला उत्पादनमूलक उद्योगहरूलाई भने यस संशोधनले नसमेटेको बताएको छ । उत्पादनमूलक उद्योगलाई चालू पुँजी कर्जासम्बन्धी हालको परिमार्जनले धेरै कुरा दिएको भाष्य प्रवाह भए पनि अर्थतन्त्रलाई चलायमान बनाउन पर्याप्त नरहेको परिसंघको ठहर छ ।

विश्लेषणका आधारमा परिवर्तनीय चालू पुँजी कर्जाको सीमा वार्षिक कारोबारको २५ बाट ४० प्रतिशतसम्म दिने गरी गरिएको व्यवस्थाले ठूला उद्योग व्यवसायलाई केही राहत दिने परिसंघले जनाएको छ । भेरिएन्स विश्लेषणलाई आधार बनाएर सीमा निर्धारण गरी लिइएको कर्जाको नवीकरण तथा पुनरावलोकन गर्न सकिने गरी गरिएको संशोधन पनि सकारात्मक रहेको परिसंघले उल्लेख गरेको छ ।

आर्थिक वर्षको कुनै एक समय कम्तीमा लगातार सात दिन सम्पूर्ण चालू पुँजी कर्जा खाता शून्य बक्यौता गर्नुपर्ने प्रावधान व्यावहारिक नभएकाले पूर्ण रूपमा खारेज गरिनुपर्ने परिसंघको माग आंशिक रूपमा मात्र सम्बोधन भएको छ । क्रेडिट कर्जा खातामा मात्र लगातार सात दिन १० प्रतिशतभन्दा कम बक्यौता कायम भएको हुनुपर्ने गरी भएको संशोधनले पूर्ण रूपमा समस्या समाधान नगर्ने परिसंघको ठहर छ ।

मार्गदर्शन लागू हुनुअघि नै लिइएको निर्धारित सीमाभन्दा बढीको चालू पुँजी कर्जाको हकमा दिइएको बक्यौता कायमको समयावधि ०८२ असार मसान्तसम्म दिइएकोमा हाल बजार मागमा आएको संकुचन तथा अर्थतन्त्रका अन्य प्रतिकूलतालाई दृष्टिगत गर्दै थप एक वर्षको सहुलियत दिइनुपर्ने परिसंघको आग्रह छ ।

परिसंघले भनेको छ, 'चुनौतीपूर्ण अवस्थामा रहेको वर्तमान अर्थतन्त्रमा सुधार ल्याउन तुलनात्मक रूपमा खुकुलो र अनुकूल नीति लिनुपर्नेमा एकीकृत निर्देशनमार्फत निष्क्रिय कर्जा र सामूहिक कर्जा सूक्ष्म निगरानीका सम्बन्धमा लगाएको अंकुश असान्दर्भिक छ ।'

संस्थाले एकभन्दा बढी शीर्षकमा लिएको कर्जामा कुनै एक शीर्षकको कर्जा मात्र पनि निष्क्रिय वर्गमा वर्गीकरण भएमा उक्त ऋणीले लिएका अन्य सम्पूर्ण असल कर्जासमेतलाई सूक्ष्म निगरानीमा वर्गीकरण गर्नुपर्ने प्रावधानले निजी क्षेत्रलाई निरुत्साहित बनाउने परिसंघले उल्लेख गरेको छ । ठूला उद्योग व्यवसाय-समूहलाई लक्षित गरी ल्याइएका यी नयाँ व्यवस्थाले बजारको मनोबल थप कमजोर हुने र समग्र अर्थतन्त्र विस्तारमा प्रतिकूल असर पार्ने परिसंघको ठहर छ ।

चालू पुँजी कर्जा सम्बन्धमा राष्ट्र बैंकको पछिल्लो व्यवस्था व्यवसाय क्षेत्रमैत्री हुनुपर्ने नेपाल चेम्बर अफ कमर्सले जनाएको छ । उद्योगको हकमा केही सकारात्मक देखिएको चालू पुँजी कर्जासम्बन्धी नयाँ व्यवस्था जिडिपीमा महत्त्वपूर्ण हिस्सा ओगट्ने व्यवसाय क्षेत्रमैत्री हुनुपर्ने चेम्बरले जनाएको हो ।

चेम्बरद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'राष्ट्र बैंकले चालू पुँजी कर्जा मार्गदर्शन संशोधन गरेर केही राहत दिन खोजेको छ । जिडिपीमा महत्त्वपूर्ण योगदान गर्ने व्यावसायिक क्षेत्रमा पनि चालू पुँजी कर्जा मार्गदर्शन लचिलो हुन आवश्यक छ ।'

चालू पुँजी कर्जाको सीमालाई राष्ट्र बैंकले एकै बास्केटमा नराखी व्यवसायको प्रकृतिका आधारमा निर्धारण गर्नसमेत चेम्बर अफ कमर्सले आग्रह गरेको छ । कर्जाको सीमा बैंक र ऋणीबीच आवश्यक्ताका आधारमा निर्धारण भए व्यावसायिक वातावरण सहज हुने चेम्बरले उल्लेख गरेको छ । पछिल्लो समय उच्च ब्याजदरका कारण लगानी निरुत्साहित भइरहेका वेला लचिलो चालू पुँजी कर्जाको नयाँ व्यवस्थाबाट थप सहजीकरण गर्नसमेत चेम्बरले आग्रह गरेको छ ।

कर्जा वर्गीकरण सम्बन्धमा भएको संशोधनप्रति पनि ध्यानाकर्षण भएको चेम्बरले जनाएको छ । विज्ञप्तिमा भनिएको छ, 'एकै संस्थाबाट एकभन्दा बढी ऋण लिएको व्यक्ति वा संस्थाको कुनै एउटा ऋण निष्क्रिय वर्गमा वर्गीकरण भएमा अरू ऋणीलाई पनि सूक्ष्म निगरानीमा राख्ने प्रावधान खारेज हुनुपर्दछ ।' चालू पुँजी कर्जाको क्यास क्रेडिट खातामा आर्थिक वर्षको कुनै एक समयमा कम्तीमा लगातार सात दिन न्यूनतम सीमाको बक्यौता कायम गर्ने व्यवस्था अव्यावहारिक भएकाले खारेज हुनुपर्ने चेम्बरको ठहर छ । यस्तै निष्क्रिय कर्जामा वर्गीकरण गरिएको कर्जाको भाका नाघेको बक्यौता रकम भुक्तानी हुनेबित्तिकै असल वर्गमा स्तरोन्नति गरी कर्जा नोक्सानी व्यवस्थालाई तत्कालै खारेज गरिनुपर्नेमा चेम्बरले जोड दिएको छ ।

बिगमार्टमा स्मार्ट क्युआरमार्फत भुक्तानी गर्दा छुट

काठमाडौं/ स्मार्ट क्युआरले बिगमार्टमा तरकारी तथा फलफूल खरिदमा छुट पाउने व्यवस्था पुनः सुरु गरेको छ । बिगमार्टसँग सहकार्य गर्दै फलफूल तथा तरकारी खरिद गर्दा स्मार्ट क्युआरमार्फत भुक्तानीमा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्ने योजना पुनः सुरु गरेको हो ।

योजनाअन्तर्गत ग्राहकले तरकारी तथा फलफूल खरिदमा स्मार्ट क्युआरमार्फत भुक्तानी गर्दा हरेक बुधबार र शनिबार छुट प्राप्त गर्न सक्ने जनाइएको छ ।

स्मार्ट क्युआरमा आबद्ध विभिन्न बैंक तथा वित्तीय संस्था, वालेट तथा विभिन्न सहकारीका एपमार्फत ग्राहकले बिगमार्टको सम्पूर्ण शाखामा क्युआर स्क्यान गरी भुक्तानी छुट प्राप्त गर्न सक्ने उल्लेख छ ।

साथै, स्मार्ट क्युआर र नेपाल पे क्युआरको अन्तरआबद्धता सुचारु भएसँगै नेपाल पेमा आबद्ध भई स्मार्ट क्युआरमा भुक्तानी गर्न सुचारु गरेका विभिन्न बैंक तथा वालेटले पनि छुट प्राप्त गर्न सक्ने स्मार्ट च्वाइस टेक्नोलोजी (एसिसिटी)ले जनाएको छ ।

सिटिजन्स बैंक र हिमाल डेन्टलबीच समझदारी



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र काठमाडौंको धुम्बाराहीमा रहेको हिमाल डेन्टल हस्पिटलबीच बैंकका ग्राहकलाई विशेष छुट दिने समझदारी भएको छ । बैंकका कार्डवाहक ग्राहकले हिमाल डेन्टल हस्पिटलमा २० प्रतिशतसम्मको छुट पाउने समझदारी भएको हो ।

यो समझदारीले बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने बैंकले विश्वास व्यक्त गरेको छ । बैंकले डिजिटल बैंकिङ माध्यमको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्ने उद्देश्यले समय-समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको जनाएको छ ।

हाल बैंकले देशभरमा एक सय ८८ शाखा, एक सय ४८ एटिएम तीन विस्तार काउन्टर तथा ९७ वटा शाखारहित बैंकिङ एकाइमार्फत सेवा दिँदै आएको जनाएको छ ।

आइसिएफसी फाइनान्सका ग्राहकलाई आगन्तुक रिसोर्टमा छुट



काठमाडौं/ आइसिएफसी फाइनान्स लिमिटेडका ग्राहकले धुलिखेलमा रहेको आगन्तुक रिसोर्टमा विशेष छुट पाउने भएका छन् । फाइनान्सका ग्राहकलाई छुट दिने सम्बन्धमा रेसोर्ट र फाइनान्सबीच व्यावसायिक सम्झौता भएको हो ।

सम्झौताअनुसार फाइनान्सको डेबिट कार्ड, मोबाइल बैंकिङ तथा अन्य बैंकिङ सेवावाहक ग्राहकले रिसोर्टमा सेवा लिएबापत तिर्नुपर्ने रकममा छुट प्रदान गरिने जनाइएको छ । जसअनुसार फाइनान्सका डेबिट कार्ड, मोबाइल बैंकिङ तथा अन्य बैंकिङ सेवावाहक ग्राहकले अधिकतम १५ प्रतिशतसम्म छुट पाउने फाइनान्सले जनाएको छ ।

मनाङमा फस्टाउँदै फापरखेती

लमजुङमा **शान्ता कमली**



समुद्री सतहदेखि करिब तीन हजार सात सय मिटर उचाइमा रहेको मनाङमा यतिवेला फापरले सबैको मन तानेको छ । तल्लो क्षेत्रको नासों १ तालक्षेत्रदेखि माथिल्लो मनाङ डिस्याङ ९ खाङसारसम्म फापरखेती फैलिएको देख्न सकिन्छ ।

यतिवेला माथिल्लो मनाङमा फापर फुलिसकेको छ । पर्यटकले फापरको परिकार मात्रै नभएर फापरखेतीलाई पनि मन पराउने गरेका छन् । यहाँको फापर पुरानो रैथाने जातको हो । तराईमा तितेफापर र हिमालमा मिठेफापरको खेती हुने गर्छ । मनाङको लोभलाग्दो फापरखेती हेर्न आन्तरिक र बाह्य पर्यटक आउने गर्छन् । धान, मकै र कोदो नफल्ने हिमाली जिल्ला मनाङमा फापरखेती फस्टाउँदै गएको छ । फापरखेती राम्रो हुन थालेपछि किसान यो खेतीतर्फ हौसिएका हुन् । फापरले उनीहरूलाई आत्मनिर्भर पनि बनाएको छ ।

यहाँका सबै गाउँपालिकाका किसानले फापरखेती गरेका छन् । मनाङको मनाङ डिस्याङ, चामे, नासों गाउँपालिका साथै नार्पाभूमि गाउँपालिकाको माथिल्लो क्षेत्र नार र फु बस्तीबाहेक तल्लो क्षेत्रमा फापरखेती राम्रो हुने स्थानीय सोनाम लामाले बताए । मनाङमा तीन सय ५० हेक्टर क्षेत्रफलमा फापरखेती लगाइएको कृषि ज्ञान केन्द्र मनाङका प्रमुख राजेश्वर सिलवालले बताए । उनका अनुसार तल्लो मनाङभन्दा निस्याङ भ्यालीले चिनिएको माथिल्लो मनाङमा यसको खेती बढी हुने गरेको छ ।

स्थानीयले यसलाई पर्यटनसँग जोड्दै खेती गरिरहेको पिसाङका याङ्डुङ गुरुङले बताए । 'हामीले खेती गर्दै आएको फापर यहाँको रैथाने हो, अर्गानिक हो,' उनले भने, 'यहाँ आउने पर्यटकलाई खुवाउँछौं । उनीहरू विशेष रूपले मन पराउँछन् ।' फापरको पीठोबाट तयार पारिएको ढिंडो र रोटी पोषिलो हुने स्थानीय बताउँछन् । गुरुङका अनुसार होटेल व्यवसायमा आबद्ध स्थानीयले प्रायः फापरखेती गर्ने गरेका छन् । मनाङका किसानले प्राय जेठ अन्तिम साता र असारमा बिउ छर्ने गर्छन् भने भदौ महिनाभर फूल रहन्छ ।

नबिल बैंक लिमिटेड, जनकपुर भानुचोक शाखा, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/०५/१४)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृती पत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मितिः २०८०/०२/१५ को नयाँ पत्रिकामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण कर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुलउपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **जनकपुर भानुचोक शाखा कार्यालय धनुषामा** आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

विलट सिंह दनुवारको नाति, मोहन सिंहको छोरा, सिरहा जिल्ला, चन्द्रअयौध्यापुर गा.वि.स. वडा नं. ७ बस्ने, ना.प्र.नं. १८६२०५७६/३१२५ (जारी मितिः २०४५/१/१३, स्थान सिरहा) भएको **श्री ज्ञानदेव सिंह दनुवार ।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण :

मनवीर तामाङकी छोरी, मोहन सिंहकी बुहारी, ज्ञानदेव सिंह दनुवारकी श्रीमती, सिरहा जिल्ला, चन्द्र अयौध्यापुर गा.वि.स. वडा नं. ७ बस्ने, ना.प्र.नं. १८६२३३४५ (जारी मितिः २०५८/११/२०, स्थान सिराहा) भएकी **श्रीमती ज्ञानु देवी दनुवार ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः

सिरहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स. वडा नं. ७ बस्ने, **श्री ज्ञानदेव सिंह दनुवार**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, चन्द्र अयौध्यापुर गा.वि.स. वडा नं. ७क मा अवस्थित कि.नं. ३०५६ क्षेत्रफल ०-१-१४-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

धितोमा रहेको सवारी साधनको विवरणः

१. ऋणी **श्री ज्ञानदेव सिंह दनुवार** र धनी यस बैंक समेत भएको भाडाको सवारी साधन दर्ता नं. ज. १ ज. ४०१ भएको Mahindra Maximo Van.
२. ऋणी **श्री ज्ञानदेव सिंह दनुवार** र धनी यस बैंक समेत भएको भाडाको सवारी साधन दर्ता नं. ज. १ ज. ३४६ भएको Mahindra Maximo Van.

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** वा **जनकपुर भानुचोक शाखा कार्यालय धनुषा**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिने छ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मितिः २०८०/०५/२८ गते ५:०० बजे भित्र यस बैंकको **जनकपुर भानुचोक शाखा कार्यालय धनुषा**मा बुझाई सक्नु पर्ने छ ।
३. प्राप्त बोलपत्रहरु मितिः २०८०/०५/२९ गते ३:०० बजे बैंकको **जनकपुर भानुचोक शाखा कार्यालय धनुषा**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिने छ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिने छ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्ने छ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो, स्पष्ट खुलाई पेश गर्नु पर्ने छ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्ने छ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहने छ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो, सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्ने छ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईने छ । स्वीकृत बोलपत्रदातालै बैंकले तोकेको अवधी भित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नु पर्ने छ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्ने छ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्ने छ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुने छ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईने छ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **जनकपुर भानुचोक शाखा कार्यालय धनुषा**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुने छ ।

NABIL BANK®

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको

धितोमा रहेको घर/जग्गा लिलाम बिक्री तथा

गोप्य सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

(प्रकाशित मिति २०८०/०५/१४, नयाँ पत्रिका)

तपसिलमा उल्लिखित ऋणीहरूले यस बैंकबाट प्राप्त गर्नुभएको व्यावसायिक कर्जा सम्बन्धी शर्तबन्देजहरू अनुसार यस बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याज आदि रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्नुका साथै मिति २०७९/०९/२७ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणीहरू, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरूलाई समेत कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आवश्यक रकम नतिरी नबुझाई बैंकसँग मञ्जुर गर्नु भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको हुँदा उक्त ऋणकर्जाको सुरक्षण वापत बैंकको नाउँमा घरजग्गा धनीले धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित घर/जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा, बैंक तथा वित्तीय सम्बन्धी ऐन, २०७३, प्रचलित कानून तथा बैंकको नियमानुसार लिलाम बिक्री गरिने भएको हुँदा सबैको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य सिलबन्दी बोलपत्रको आह्वान गरिएको छ ।

अतः धितोमा रहेको उक्त सम्पत्ति सकार गरी लिन ईच्छुक व्यक्ति /फर्म /कम्पनी वा अन्य संगठित सघं सस्थाले यस बैंकको नयाँ बानेश्वर, काठमाडौं स्थित केन्द्रिय कार्यालय ऋण असूली विभागबाट प्राप्त हुने गोप्य सिलबन्दी बोलपत्र फारम रीतपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सोही विभागमा बुझाउन सक्नु हुनेछ । गोप्य सिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिएको छ । उक्त बोलपत्र यो सूचना प्रकाशित भएको १६ औं दिनमा बैंकको केन्द्रिय कार्यालय स्थित, नयाँ बानेश्वरमा खोलिने छ । (बोलपत्र बुझाउने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ ।) बोलपत्र पेश गर्नुहुने ईच्छुक व्यक्ति /फर्म /कम्पनी तथा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानीकर्ताहरूलाई समेत उक्त दिन बैंकमा उपस्थित हुन समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिलमा उल्लिखित घर/जग्गा लिलाम बिक्री हुन नसकेमा अन्य प्रक्रियाबाट बिक्री गर्न सक्ने वा सो धितो बैंक आफैले प्रचलित कानून बमोजिम सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । साथै लिलाम बिक्रीबाट बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा बित्तिय सस्थां ऐन, २०७३, बैंक तथा वित्तीय सस्थांको ऋण असुली सम्बन्धी ऐन, २०५८, तथा सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरू तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ । ऋणी तथा सम्बद्ध व्यक्ति समेतले यो सूचनाको अवधि भित्रमा नै सम्पूर्ण ऋण कर्जा, व्याज, जरिवाना तथा हर्जाना रकम समेत चुक्ता गरेमा लिलाम बिक्री सम्बन्धी प्रकिया तत्कालै रद्द गर्न सकिने जानकारी गराईन्छ ।

तपसिल

ऋणी/ प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र वतन	धितोको विवरण
ऋणीः नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, वाणिज्य विभाग, प्रा.फ.र.नं. ६९२२०/०६१/०६२ मिति २०६१/१२/०२ मा दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.२४ प्युखा, स्थित **शुभम् ट्रेड हाउस–१**	**सम्पत्ति - १** **नानीराज घिमिरे**को नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवनापुर जिल्ला हेटौडा न.पा वडा न.११ स्थित कि.न ६५४४ को क्षेत्रफल (बि-क-धु) ०-१२-१३.२५ (४२८७.८८ बर्ग.मि) घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ताः यादव नाथ सुवेदीकी छोरी, नानीराज घिमिरेकी पत्नी मकवानपुर जिल्ला, हेटौडा न.पा, वडा नं ११, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. वडा नं. ०४, बस्ने वर्ष ५१ की **श्रीमति मिनाक्षी घिमिरे** (ना.प्र.नं.२६/११४ जारी मितिः २०५३।०९।०३, जि.प्र.का काठमाण्डौ)	**सम्पत्ति - २** **नानीराज घिमिरे**को नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवनापुर जिल्ला हेटौडा न.पा वडा न.११ स्थित कि.न ६८११ को क्षेत्रफल (बि-क-धु) ०-३-० (१०१५.८९ बर्ग.मि) घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
व्यक्तिगत तथा धितो जमानतकर्ताः हेमलाल घिमिरेको नाति, प्रिथुनाथ घिमिरको छोरा, मकवानपुर जिल्ला, हेटौडा न.पा, वडा नं ११, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. वडा नं. ०४, बस्ने वर्ष ५३ का **श्री नानीराज घिमिरे** (ना.प्र.नं. ३३०३ जारी मितिः २०४२।११।१९, जि.प्र.का मकवानपुर)	**सम्पत्ति - ३** **नानीराज घिमिरे**को नाममा मालपोत कार्यालय कलंकीको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला सावित सितापाईला गा.वि.स. वडा न.०१ हाल नार्गाजुन न.पा वडा न. ०४ स्थित कि.न २३५ को क्षेत्रफल ३१४.०० बर्

बोक्सीको नाममा श्रीमतीलाई यातना दिने श्रीमान् पुर्पक्षका लागि थुनामा

जेठी श्रीमती शिलासँग तीन लाख धरौटी माग

महोत्तरीमा **रञ्जन भण्डारी**



जिल्ला अदालत महोत्तरीले आफूनै श्रीमतीलाई बोक्सी आरोपमा बर्बर यातना दिने विनोद दासलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको छ।

जिल्ला अदालत महोत्तरीका न्यायाधीश कमला पौडेलको एकल इजलासले थुनछेक बहसपछि विनोदलाई पुर्पक्षका लागि थुनामा र उनकी जेठी श्रीमती शिलादेवी दाससँग तीन लाख धरौटी माग गरेको हो। अदालतको आदेशसँगै दास जलेश्वर कारागार चलान भएका छन्।

पीडितको तर्फबाट अधिवक्ताद्वय रक्षा राय र रिंकुकुमारी यादवसँगै जिल्ला सरकारी वकिल कार्यालयका सहायक सरकारी वकिल सुदीप रायले बहस गरेका थिए।

श्रीमान् र उनकी जेठी श्रीमतीले बोक्सी आरोपमा पटक-पटक निर्मम यातना दिएको भन्दै पिपरा गाउँपालिका- ३ की काजलकुमारी दास प्रहरी हुँदै अदालत पुगेकी थिइन्।

३२ असारको राति तथा १ साउन बिहान श्रीमान्बाट चरम यातना दिइएको भन्दै काजल प्रहरीमा पुगेकी थिइन्। तर, जिल्ला प्रहरी कार्यालयबाहिर ४ साउनमा अंश नलाग्ने, नाता सम्बन्ध नलाग्ने र गाउँसमेत निकाला हुने गरी तमसुक लेखाइएको थियो।

यो घटनाको चर्को आलोचना भएपछि प्रहरीले पीडितको जाहेरी लिएको थियो। पीडितको तर्फबाट परेको जाहेरीका आधारमा प्रहरीले अनुसन्धान गरी १२ भदौमा सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा 'मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ३२ अन्तर्गत बोक्सी आरोपमा मुद्दा दायर गरेको थियो।

काजलका श्रीमान् विनोद, शिलासँगै सासू सुमित्रादेवीलाई बोक्सी आरोपमा यातना दिएको आरोपमा प्रतिवादी बनाइएको छ भने वडासदस्य किसुनी दास, सोही ठाउँका श्यामसुन्दर दास, वडासदस्य रितादेवी महरा, स्थानीय चन्द्रादेवी महरालाई कानुनविपरीतको तमसुकमा सहीछाप गरेको भनी आरोपी बनाइएको छ। झारफुक र तन्त्रमन्त्र गरी काजललाई बोक्सी घोषित गरेका धामी दिनेश यादवलाई समेत आरोपी बनाइएको छ। यादव फरार छन्।

श्रमदानबाट जैविक तटबन्ध बनाएपछि नदी कटान नियन्त्रणमा

धनगढीमा **तेजराज भट्ट**

स्थानीयले श्रमदान गरेर निर्माण गरिएको जैविक तटबन्धले नदी कटान नियन्त्रण भएको छ। कान्द्रा नदीको कटानले भजनी नगरपालिका- ४ र ९ जोड्ने झोलुङे पुल जोखिममा परेपछि यी दुवै वडाका स्थानीयको श्रमदानबाट जैविक तटबन्ध निर्माण गरिएको थियो।

करिब चार सय मिटर लामो जैविक तटबन्ध निर्माणले झोलुङे पुल कटान हुनबाट जोगिएको स्थानीयले बताएका छन्। नदी कटान नियन्त्रणमा जैविक तटबन्ध निकै प्रभावकारी देखिएको वडा नम्बर ९ का अध्यक्ष सञ्जीवकुमार चौधरीले बताए। जैविक तटबन्ध बनाएपछि थप कटान हुन नपाएको र यसले झोलुङे पुल जोगिएको उनले बताए। 'नदी कटानले पुल यसै वर्ष बग्ने जोखिममा थियो। जैविक तटबन्ध बनाएपछि थप कटान हुन पाएन,' वडाध्यक्ष चौधरीले भने, 'यस वर्ष पुल जोखिएको छ।'

दुई वडाका सय-डेढ सय स्थानीयले गत साउन पहिलो साता १२ दिनसम्म दैनिक श्रमदान गरेर जैविक तटबन्ध निर्माण गरेका थिए। स्थानीयले काठ, बाँस, झारपात र बोरामा बालुवा भरेर जैविक तटबन्ध निर्माण गरी कटान नियन्त्रणको प्रयास गरेका हुन्। स्थानीय सामुदायिक वनहरूबाट कुकाठ, स्याउला र झारपात प्रयोग गरेर जैविक तटबन्ध बनाएका हुन्।

जैविक तटबन्ध निर्माण गरिएपछि अहिले कटान केही रोकिएको भजनी- ९ का स्थानीय होमबहादुर बोहराले बताए। उनले श्रमदान गरेर करिब चार सय मिटर जैविक तटबन्ध निर्माण गरिएको जानकारी दिए। साउन अन्तिम साता कान्द्रा नदीमा आएको ठूलो बाढीले पनि कटान नगरेको उनले बताए।

'कटानले पुल बगाउने अवस्था आएपछि पुल जोगाउन तटबन्ध निर्माणमा जुटेका थियौं। जैविक तटबन्ध बनाएपछि अहिले नदीको कटान रोकिएको छ,' बोहराले भने, 'तत्कालका लागि पुलको जोखिम हटे पनि पुल संरक्षणका लागि पक्की तटबन्ध नै आवश्यक छ।' नदी कटान तीव्र भएर झोलुङे पुलको पिलरको केही मिटर दूरीनजिक पुगेको थियो।

पुल जोगाउन दीर्घकालीन रूपमा पक्की तटबन्ध आवश्यक रहेको स्थानीय भीम कुडमालले बताए। पक्की तटबन्ध निर्माणका लागि नगरपालिका तथा त्यहाँबाट निर्वाचित प्रदेश र संघीय सांसदलाई आग्रह गरिएको उनले बताए। नदी कटानले पुल बग्ने जोखिम भएपछि जैविक तटबन्ध बनाएर जोगाउने प्रयास गरिए पनि त्यो दीर्घकालीन नहुने उनले बताए।

वडाध्यक्ष चौधरीले नदी कटानले झोलुङे पुल जोखिममा परेकाले पक्की तटबन्ध निर्माणका लागि नगरपालिकामार्फत संघ र प्रदेश सरकारसँग पहल भइरहेको बताए। उनले एक करोड लागत स्टिमेटसहित पक्की तटबन्धको योजना माग गरिएको बताए। गत वर्ष सम्पन्न पुलको दुवैतर्फ पक्की तटबन्ध नबनाइएकाले कटानबाट पुल बग्ने जोखिम रहेको रहेको उनले बताए। कान्द्रा नदी तर्न सास्ती खेप्दै आएका स्थानीयलाई झोलुङे पुल निर्माण भएपछि निकै सहज भएको छ। तर, नदी कटानले पुल बगाउने जोखिम भएपछि स्थानीय जैविक तटबन्ध बनाउन आफैं अग्रसर भएका थिए।

बर्खायाममा नदी उर्लने भएकाले डुंगाबाट जोखिम मोलेर नदी तर्नुपर्ने बाध्यता थियो। हिउँदमा भने नगरपालिकाले ठेक्कामा राख्ने काठको पुलबाट पैसा तिरेर नदी तर्नुपर्थ्यो। करिब आठ महिनाअघि झोलुङे पुल निर्माण भएपछि स्थानीयले नदी तर्दाको भोग्दै आएको सास्ती र जोखिम हटेको हो। पुल बगेर विगतको जस्तै नदी तर्दाको सास्ती दोहोरिन नदिन स्थानीयले श्रमदानबाट जैविक तटबन्ध बनाएका हुन्।

बडिमालिका दर्शन गर्न गएका दुई तीर्थयात्रीको लेक लागेर मृत्यु



बाजुरा/ सुदूरपश्चिमको धार्मिक तथा पर्यटकीय बडिमालिका मन्दिरको दर्शनका लागि गएका दुई तीर्थयात्रीको लेक लागेर मृत्यु भएको छ। कालीकोट जिल्ला पलाता गाउँपालिका- १ का धनप्रसाद न्यौपानेको ११ भदौमा सुर्खेतमा उपचारका क्रममा मृत्यु भएको थियो भने मंगलबार राति ८ बजे त्रिवेणी नगरपालिका- १ का २३ वर्षीय भरत बुढाको लेक लागेर मृत्यु भएको हो।

बडिमालिकाको दर्शनका लागि गएका न्यौपाने अक्सिजन अभावका कारण बेहोस अवस्थामा फेला परेका थिए। दुर्गाभञ्जन गुल्म बाजुराले तीर्थयात्रीका लागि सञ्चालन गरेको मेडिकल क्याम्पमा उपचारका गर्दा यहाँ उपचार सम्भव नभएपछि उनलाई सेनाको हेलिकोप्टरमार्फत सुर्खेत लगिएको थियो। उनको सुर्खेतमा उपचारका क्रममा मृत्यु भएको हो।

त्रिवेणी नगरपालिका- १ का २३ वर्षीय बुढालाई अक्सिजन अभावका कारण ढलेर अचेत अवस्थामा भेटिएपछि दुर्गाभञ्जन गुल्म बाजुराले तीर्थयात्रीका लागि सञ्चालन गरेको मेडिकल क्याम्पमा उपचारका क्रममा मंगलबार राति मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ। अक्सिजन अभावमा बिरामी परेकी कैलाली जिल्ला अत्तरिया घर भएकी ६३ वर्षीया ईश्वरी बोहरोको सेनाको मेडिकलमा उपचार भइरहेको छ।

६० र...

पृष्ठ १ बाट क्रमशः

घटनामा संलग्न रहेको अभियोगमा तिब्बती मूलका भारतीय नागरिक थाप्तेन छिरिङ र तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङलाई पनि सोही घटनामा संलग्न भएको भन्दै पक्राउ गरेको थियो।

यता, विद्युतीय चुरोटमा लुकाएर ल्याइएको सुन तस्करीमा कनेक्सन रहेको आरोपमा सिआइबीले बुधबार माओवादी उपाध्यक्ष तथा पूर्वसभामुख कृष्णबहादुर महाराका छोरा राहुल महरालाई पक्राउ गरेको छ। उनीविरुद्ध काठमाडौं जिल्ला अदालतले पाँच दिनको म्याद थप गरिसकेको छ। यही प्रकरणमा यसअघि चिनियाँ नागरिक ली हानसोङलाई पक्राउ गरेको थियो।

६० किलो सुन तस्करीमा संलग्नमध्येका मुख्य अभियुक्त दिल्लीमा पक्राउ

६० किलो सुन तस्करीमा संलग्नमध्येका मुख्य अभियुक्त सिन्धुपाल्चोकका ३६ वर्षीय किशोर बस्नेत भारतको राजधानी दिल्लीमा पक्राउ परेका छन्। उनलाई पक्राउ गर्न सिआइबीको विशेष टोली दिल्ली पुगेको थियो। उनीहरूको समन्वयमा भारतीय प्रहरीले बस्नेतलाई पक्राउ गरेको हो। मंगलबार पक्राउ परेका उनलाई सिआइबीको टोलीले भारतस्थित नेपाली दूतावासमा राखेको थियो। बुधबार बिहान विमानमार्फत काठमाडौं ल्याइएको छ।

पक्राउ हुँदा उनले आफ्नो ठेगाना दोलखाको भीमेश्वर नगरपालिका बताएका थिए। अनुसन्धानपछि उनको घर सिन्धुपाल्चोक रहेको खुलेको थियो। सिआइबी टोलीको हात लागेपछि प्रलोभनमा पार्न उनले अनेक हर्कत गरेका थिए। दिल्लीस्थित नेपाली दूतावासमा रहँदा मात्रै उनले तीनपटक पोसाक बदलेका थिए। आफू ठूलो चिनियाँ व्यापारी रहेको र मुलुकका प्रभावशाली व्यक्तिसँग नजिकको सम्बन्ध रहेको भन्दै पक्राउ गर्न आएको सिआइबी टोलीलाई प्रभावित पार्न खोजेका थिए। उनले दूतावासमा पनि सोही किसिमका गफ दिएका थिए।

सिआइबी स्रोतले भन्यो, 'पक्राउ परेपछि यसले अनेक गफ लगायो। आफूलाई ठूलो व्यापारी भन्थ्यो। प्रभावशाली व्यक्तिसँग उठबस रहेको बताउँथ्यो। सुरुमा यसले आफ्नो घर दोलखा भन्यो। यहाँ ल्याएपछि यसको घर सिन्धुपाल्चोक रहेको खुलेको छ। दूतावासमा पनि यसले अनेक हर्कत देखायो। कपडा मात्रै यसले तीनपटक बदल्यो।'

सिआइबीका अनुसार पक्राउ परेका बस्नेत तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङका खास सहयोगी हुन्। दावाकै निर्देशनअनुसार उनले हङकङबाट विभिन्न सामग्री ल्याउने गरेको खुलेको छ। सोही सामग्रीमा सुन लुकाएर तस्कर गर्ने गरेको प्रहरीको भनाइ छ। बस्नेतको सम्बन्ध याओ पुचेङसँग पनि रहेको पाइएको छ।

काठमाडौंमा तस्करबाट आएको सुन याओ र दावाको निर्देशनमा बस्नेतले नै भारतीय बजारमा लाने गरेको अनुसन्धानबाट खुलेको छ। सिआइबीको टोलीबाट पक्राउ परेका याओ त्यही व्यक्ति हुन् जोसँग भारतीय आधार कार्डसमेत फेला परेको थियो। उनी त्यसअघि पनि सुन तस्करीकै अभियोगमा भारतमा पक्राउ परेका थिए। कैद सजाय भुक्तानपछि उनी नेपाल आएर पुनः सोही धन्दामा लागेका थिए।

सिआइबीले घटनामा संलग्न रहेको अभियोगमा बुधबार नै गणेश पौडेललाई पनि पक्राउ गरेको छ। पौडेल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयको अधिकृत रहेको खुलेको छ। हालसम्म प्रहरीले घटनामा संलग्न २५ अभियुक्त पक्राउ गरिसकेको छ। यसक्रममा पाँचवटा सुन गाल्ने मेसिन र पाँचवटाभन्दा धेरै गोदाममा छापा मारिसकेको छ।

सिआइबीको टोली भारत पनि जाने

तस्करी भएर आएको सुनको डेस्टिनेसन (गन्तव्यस्थान) भारतीय बजार भएको र पक्राउ अभियुक्तको सम्बन्ध पनि भारतीय व्यापारीसँग रहेको भेटिएपछि अनुसन्धान गर्न सिआइबीले भारतमा विशेष टोली खटाउने तयारी गरेको छ। घटना अनुसन्धान गर्न सिआइबीको टोली बिहीबार नै भारत जानेछ। प्राप्त सूचना भारतीय प्रहरीलाई उपलब्ध गराउनेछ। र, भारतीय प्रहरीको सहयोगमा घटनामा संलग्न थप अभियुक्त पक्राउ गर्नेछ।

सिआइबी प्रमुख एआइजी किरण बज्राचार्यले सुन तस्करी घटनामा अनुसन्धान गर्न सिआइबीको टोली भारत जाने तयारीमा रहेको बताइन्। उनले भनिन्, 'तस्करी भएर आएको सुन भारतीय बजार जाने गरेको देखिन्छ। त्यसो हुँदा अनुसन्धान त्यताको पनि गर्नुपर्ने देखियो। अनुसन्धानका लागि टोली पठाउने तयारी भइरहेको छ।'

सिआइबीले सोही घटना अनुसन्धानमा सूचना संकलन गर्न एसएसपी दिनेश आचार्यलाई मंगलबार नै हङकङ पठाएको छ। एसएसपी आचार्य मंगलबार राति नै हङकङ उडेका छन्। ६० केजी सुन तस्करीको बिगिनिङ प्वाइन्ट (सुरुवाती बिन्दु) हङकङ हो।

डेढ वर्ष...

पृष्ठ १ बाट क्रमशः

उनीहरूविरुद्ध पनि भुक्तानी भएकै रकमबराबर बिगो माग दाबी अख्तियारले गरेको छ।

व्यापारीको ३४ तोला सुन जफत गरेर १८ लाख घुस पनि खाने तत्कालीन डिएसपी ठगबहादुर केसीविरुद्ध मुद्दा दायर

व्यापारीको ३४ तोला सुन जफत गरेर रकमका लागि बार्गेनिङ गरी १८ लाख रुपैयाँ घुस पाएपछि फिर्ता गर्ने नेपाल प्रहरीका तत्कालीन डिएसपी ठगबहादुर केसीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ। इलाका प्रहरी कार्यालय, बुटवलका तत्कालीन कार्यालय प्रमुख उनलाई यसअघि नै गृह मन्त्रालयले बर्खास्त गरिसकेको छ।

२५ मंसिर ०७९ मा बुटवल उपमहानगरपालिका- ५ को हाटबजारनजिकबाट एक व्यापारीले ल्याएको ३४ तोला २१ लाल ७ प्वाइन्ट सुन नियन्त्रणमा लिएर उनले आफ्नै घर लगेका थिए। सुन जफत गरेर घर लगेका उनले त्यसैका आधारमा व्यापारीबाट घुसको बार्गेनिङ गरेका थिए। सुन नियन्त्रणमा लिएको जानकारी तथा विवरण कार्यालयमा नराखी घुसको मोलमोलाइ गरेका थिए। मागेअनुसार घुस बुझाउँदा पनि सुन फिर्ता नपाएपछि ती व्यापारीले प्रहरीलाई सूचना दिएका थिए।

सूचनाका आधारमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनको घरमा छापा हानेको थियो। खानतलासी गर्दा उनको घरबाट सिआइबीले सुनसहित १८ लाख रुपैयाँ नगद र चेक पनि बरामद गरेको थियो। कास्कीमा सरुवा भएपछि रमाना लिने दिन सिआइबीले उनलाई १० पुसमा रंगेहात पक्राउ गरेको थियो।

घटनापछि छानबिन टोली नै बनाएर सिआइबीले उनीमाथि छानबिन गरेको थियो। प्रहरी प्रधान कार्यालयको सिफारिसमा गृह मन्त्रालयले उनलाई गत १४ पुसमा नै बर्खास्त गरेको थियो। प्रहरीको छानबिनले केसीले गम्भीर किसिमको अनुचित कार्य गरेको निष्कर्ष निकालेको थियो। यसैका आधारमा प्रहरीले कानुनी कारबाहीका लागि गृह मन्त्रालयमा सिफारिस गरेको थियो। गृहले गत ९ साउनमा केसीलाई बर्खास्त गरिसकेको छ।

उनीमाथि थप छानबिन गर्न प्रहरी प्रधान कार्यालयले आफ्नो छानबिन प्रतिवेदनसहितको उजुरी गरेपछि अख्तियारले पनि अनुसन्धान अघि बढाएको थियो। 'केसीले सुन नियन्त्रणमा लिएर १५ दिनसम्म आफू कार्यरत कार्यालयका अन्य जिम्मेवार कर्मचारीलाई कुनै जानकारी नगराई आफैंले सुन जिम्मा लगाएको कागज गर्न लगाई सुन फिर्ता नदिई घुस रिसवत लिने/खाने नियतले १५ दिनसम्म आफैंसँग गोप्य राखी सेवाग्राहीसँग अन्य व्यक्तिमार्फत घुस/रिसवतको मोलमोलाइ गरी आठ लाख ५० हजार नगद र नौ लाख ५० हजार रुपैयाँको चेकसमेत गरी १८ लाख रुपैयाँ घुस/रिसवत लिई/लिन लगाई उक्त सुन अन्य व्यक्तिमार्फत फिर्ता दिन जिम्मा लगाएको पुष्टि भयो,' अख्तियारको आरोपपत्रमा छ। उनीविरुद्ध १८ लाख रुपैयाँ नै बिगो कायम गरी अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको छ।

मोटरसाइकल हरायो

मिति २०८०/५/३ गते १५:०० बजेको समयमा का.जि. चन्द्रागिरी न.पा.-१३ पुरानो नैकाप स्थित पार्किङबाट मेरो निम्न व्यहोरा भएको **Gloss Pewter Gray** रंगको **200CC NS FI ABS BS6** मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : **हरिशरण तिमिल्सीना**
मो.सा.न. : बा. प्र. ०२-०४३ प ३०३०
चेसिस न. : **MD2A36FX7NCE81113**
इन्जिन न. : **JLXCNE04155**
सम्पर्क न. : **9851345624**

तीन वर्षमा...

पृष्ठ १ बाट क्रमशः

इन्जिनियरिङ कन्स्ट्रक्सन जेभीलाई १७ कात्तिक ०७७ मा ठेक्का दिएको थियो। तर, पहिलोपटकको ठेक्का अवधि सकिएको झन्डै डेढ वर्ष पुग्दा पनि सभाहलको जग खनेर फलामका पिल्लर मात्र ठड्याइएको छ। फलामका पिलरमा भवन निर्माणको योजना हो।

हेटौंडा उपमहानगरको ११ कट्ठा जग्गामा चार सय मानिस अट्ने सभाहल निर्माणको शिलान्यास गरिएको थियो। जग र फलामका पिल्लरसमेत झाडीले ढाकेे थालेको छ।

साढे ४७ लाख 'बालुवामा पानी'

मुख्यमन्त्री सभाहल योजनामा बागमती प्रदेशको ४७ लाख डुबेको छ। लागत पाँच करोड २६ लाख ८३ हजार रहेकामा अहिलेसम्म निर्माणमा ४७ लाख ५४ हजार खर्च भइसकेको छ। सहरी विकास तथा भवन कार्यालयका सूचना अधिकारी टेकनाथ काफ्लेले तीन वर्षमा ४७ लाख ५४ हजार आठ सय ४१ रुपैयाँको भौतिक निर्माण गरेको बताए। उनका अनुसार निर्माण कम्पनीले सम्झौतापछि पटक-पटक गरेर एक करोडभन्दा बढी पेस्की रकम लिएको थियो। तर, त्यसमध्ये ७५ लाख तीन वर्षसम्म चलाएर फिर्ता गरेको छ। 'पेस्की रकमलाई खर्च भएको रकमबाट घटाएपछि ठेकेदारले पेस्कीबापतको ७५ लाख फिर्ता गरेको हो,' उनले भने।

उनले निर्माण कम्पनीको लापरबाही र उपमहानगरपालिकाले जग्गा नदिने भनेपछि सभाहल निर्माणमा अन्योल भएको बताए। 'सभाहल निर्माणका लागि उपमहानगरपालिकाले जग्गा उपलब्ध नगराउने भनेको छ। अब ठेक्का रद्द गर्ने कि के गर्ने भनेर छलफल भइरहेको छ,' उनले भने।

सहरी विकास तथा भवन कार्यालयले निर्माणको सम्झौता सर्किँदासमेत काम नगर्ने निर्माण कम्पनीलाई कुनै कारबाही गरेको छैन। काफ्लेले सम्झौता रद्द गरेर निर्माण कम्पनीलाई कालोसूचीमा राख्नेभन्दा अरू कुनै कारबाही गर्न नसकिने बताए। निर्माण कम्पनीका प्रतिनिधि भीष्म अधिकारीले सुरुवाती चरणमा कोरोनाका कारण काम गर्न समस्या भएको र पछि उपमहानगरले जग्गा नदिने भनेपछि काम हुन नसकेको बताए।

आगामी १२...

पृष्ठ १ बाट क्रमशः

मन्त्रालयका सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा एक कार्यदल बनाएर उर्जा विकास मार्गचित्र बनाउने काम भइरहेको छ। ऊर्जासचिव दिनेश घिमिरेले २५ हजार मेगावाटभन्दा माथिको बिन्दुमा विद्युत् उत्पादनको लक्ष्य निर्धारण गर्न लागेको जानकारी दिए। '२०३५ सम्म विद्युत्को आन्तरिक माग १३ हजार मेगावाट हाराहारी पुग्ने अनुमान गरिएको छ। भारतले पनि १० वर्षमा १० हजार मेगावाट विद्युत् किन्ने भनेको छ। साथै, बंगालदेशमा पनि विद्युत् निर्यात गर्ने तयारी छ,' उनले भने, 'त्यसलाई पुग्ने गरी विद्युत् उत्पादनको लक्ष्य राख्छौं। यो भनेको २५ हजार मेगावाटभन्दा माथिको बिन्दुमा पुग्छ।'

मन्त्रालयका एक अधिकारीका अनुसार कार्यदलले भने साढे २६ हजार मेगावाट आसपासमा रहेर विद्युत् उत्पादनको लक्ष्य निर्धारण गर्न प्रस्ताव गरेको छ। विद्युतको आन्तरिक मागको अनुमान, निर्यातको सम्भाव्यता र स्रोतको सुनिश्चितताका आधारमा हाल त्यसमा समीक्षा भइरहेको ती अधिकारीले बताए।

देशमा हाल २८ सय ६४ मेगावाट हाराहारी विद्युत् जडित क्षमता रहेकोमा २१ सय मेगावाट माग छ। देशको वार्षिक आर्थिक वृद्धिदर औसत ७.१ प्रतिशत पुगे २०३५ सम्म विद्युत्को आन्तरिक माग १३ हजार चार सय ६८ मेगावाट पुग्ने अनुमान गरिएको छ। पछिल्लो समय बढ्दो विद्युतीय सवारीसाधनको प्रयोग, विद्युतीय चुलोको प्रयोग, औद्योगिकरणलगायत कारण नेपालमा विद्युत्को माग बढ्दै गएको छ। साथै, भारतले १० वर्षमा १० हजार मेगावाट विद्युत् नेपालबाट खरिद गर्ने घोषणा गरेको छ। त्यस्तै, बंगलादेशले पनि नेपालबाट विद्युत् किन्ने तयारी गरेको छ। यो समग्र अवस्था मूल्यांकन गर्दा २०३५ सम्म २६ हजार चार सय ६८ मेगावाट हाराहारी विद्युत् चाहिने सरकारी अनुमान छ। त्यसैले सोही हाराहारीमा विद्युत् उत्पादनको लक्ष्य राख्ने तयारी गरिएको मन्त्रालयका एक उच्च अधिकारीले बताए।

त्यसो त सरकारले यसअघि ०४९ र ०५८ मा पनि ऊर्जा विकास नीति ल्याएको थियो। पछिल्लोपटक ०७५ मा ऊर्जा श्वेतपत्र नै जारी गर्दै ०८५ सम्म अर्थात् १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको थियो। तर, त्यसको कार्यान्वयन नहुँदै सरकाले पुनः ऊर्जा विकाससम्बन्धी नयाँ मार्गचित्र ल्याउन लागेको छ। यसपालिको मार्गचित्रको भने सफल कार्यान्वयन नै गर्ने गरी जारी गरिने सचिव घिमिरेको दाबी छ।

कति चाहिन्छ पूर्वाधार ?

केही वर्षअघिसम्म चरम लोडसेडिङ सामना गर्न परेपछि सरकारले विद्युत् उत्पादनमा जोड दियो। आन्तरिक खपत व्यवस्थापन गर्दै लोडसेडिङ अन्त्य गरेको सरकारले उत्पादन बढेसँगै भारतमा समेत निर्यात गर्न थालेको छ। तर, प्रसारण लाइन तथा सबस्टेसनको स्तरोन्नति र निर्माणमा ध्यान नदिँदा अहिले विद्युत् ट्रिपिङको समस्या आएको छ। सोही अवस्थालाई लक्षित गर्दै मन्त्रालयले पूर्वाधार निर्माणका लागि पनि कार्ययोजना बनाउने तयारी गरेको छ।

अहिले नेपालमा भएका सबस्टेसनको कुल क्षमता आठ हजार आठ सय ६७ एमभिए छ। साढे २६ हजार मेगावाट विद्युत् सप्लाई गर्न २०३५ सम्म ४० हजार एमभिए क्षमताको सबस्टेसन आवश्यक पर्ने आकलन छ। त्यस्तै, हाल नेपालमा पाँच हजार सात सय ४२ किमि सर्किटको प्रसारण लाइन रहेकोमा अब थप १७ हजार चार सय किमि सर्किट प्रसारण लाइन बनाउनुपर्नेछ। अब यस्ता आवश्यकतालाई दृष्टिगत गर्दै पूर्वाधार निर्माणमा पनि उत्तिकै प्राथमिकता दिइने ऊर्जासचिव घिमिरेले बताए।

वन, वातावरणको समस्या समाधान गर्न छाता ऐन

वन, वातावरण, रूख कटानीसम्बन्धी समस्या समाधान गर्ने एउटै छाता ऐन ल्याउने परिकल्पना पनि मार्गचित्रमा गरिएको छ। एउटै छाता ऐन ल्याएर त्यस्ता समस्यालाई समाधान गर्ने मन्त्रालयको योजना छ। अहिले एउटा जलविद्युत् बनाउँदा सरकारी प्रक्रिया पूरा गर्न सात मन्त्रालय, २३ विभाग र सयौं टेबल धाउनुपर्ने बाध्यता छ। त्यसमा फरक-फरक ऐन लागू हुन्छ। त्यसले गर्दा विशेष गरी वन, वातावरण, रूख कटानीलगायत विषयले आयोजना बनाउन निकै बाधा पुगेको छ। जग्गा प्राप्तिले पनि आयोजना निर्माणमा ढिलाइ भइरहेको छ। अब त्यस्ता समस्या समाधान गर्न छाता ऐन ल्याउने तयारी गरेको मन्त्रालयले जनाएको छ।

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनिले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालबस्तुको बिवरण	आकार प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	FORTUNER A/T	SUV	TOYOTA	GUN156R-SXTHXX	2755	INDIA	1	24,400,000.00	24,400,000.00

युनाईटेड ट्रेडर्स सिण्डिकेट प्रा. लि.
आनन्दनगर, धुम्वाराही, काठमाडौं
एक्जीम कोड नं. : ३०००४७३७२०१००NP, फोन नं. : ४००८८०१-५

सज्जन महिला बचत तथा ऋण सहकारी संस्था लि.
१४औं बार्षिक साधारणसभा सम्बन्धी सूचना

मिति २०८० भदौ ९ गते शनिबारका दिन बसेको संचालक समितिको २३४औं बैठकको निर्णय अनुसार संस्थाको गरिमामय १४औं वार्षिक साधारणसभा देहायको मिति, स्थान तथा समयमा सम्पन्न हुने व्यहोरा सम्पूर्ण सदस्यहरुमा जानकारी गराउदछौं। यथा समयमै उपस्थित भै दिनुहुन अनुरोध छ।

साधारण सभाका प्रस्तावहरू :

१) संचालक समितिको तर्फबाट अध्यक्षद्वारा सुभकामना सन्देश सम्बन्धमा।
२) आ.व. २०७९/०८० को आर्थिक प्रतिवेदन तथा आ.ब. २०८०/०८१ को निति, कार्यविधि तथा कार्यक्रम सम्बन्धमा।
३) आ.व. २०७९/०८० को आर्थिक प्रतिवेदन तथा आ.ब. २०८०/०८१ को बार्षिक अनुमानित बजेट सम्बन्धमा।
४) लेखासुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
५) आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा।
६) आ.व. २०८०/०८१ को लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक सम्बन्धमा।
७) संरक्षण पुजी फिर्ता कोष सम्बन्धमा।
८) शेयर लाभांश सम्बन्धमा।
९) विनियम संसोधन सम्बन्धमा।
१०) संस्था एकिकरण सम्बन्धमा।
११) संचालक समिति, लेखा समिति, अन्य समिति-उपसमिति तथा व्यवस्थापकको सेवा सुविधा सम्बन्धमा।
१२) निर्णय पुस्तिका प्रमाणित गर्ने सम्बन्धमा ।
१३) विविध।

कार्यक्रम
मिति : २०८० असोज १३ गते शनिवार
स्थान : मिलनचोक पार्टी भेन्यु
समय : १२:३० बजे

सज्जन महिला बचत तथा ऋण सहकारी संस्था लि.
Sajjanmahila Saving and Credit Cooperative Ltd.
का.म.पा.६, महाङकाल, सम्पर्क नं ०१-४८२२७७०, ९८५१२२७६१५

बिहीबार १४ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

नेपाल फराकिलो अन्तरले पराजित

एसिया कप : पाकिस्तान ३४२/६ | नेपाल १०४/१०, २३.४ ओभर



१६औँ एसिया कप क्रिकेट प्रतियोगिताको उद्घाटन खेलमा पाकिस्तानविरुद्ध विकेट लिएपछि नेपाली खेलाडी

नयाँ पत्रिका

१६औँ एसिया कप क्रिकेट प्रतियोगिताको बुधबार उद्घाटन खेलमा नेपाल दुई सय ३८ रनको विशाल अन्तरले पराजित भएको छ। एकदिवसीय क्रिकेट इतिहासमै नेपालको हार १६औँ ठूलो जितअन्तर हो। यो नेपालको एकदिवसीय खेलको इतिहासकै सबैभन्दा खराब हारसमेत हो। यसअघि नेपाल वेस्ट इन्डिजसँग एक सय एक रनले पराजित भएको थियो। पञ्जाबको मुल्तान रंगशालामा आयोजक र विश्वकै एक नम्बर एकदिवसीय टोली पाकिस्तानले ५० ओभरमा ६ विकेट गुमाएर तीन सय ४३ रन बनाएको थियो।

नेपालविरुद्ध कुनै पनि टोलीले एकदिवसीय खेलमा बनाएको यो उच्च योगफल हो। एकदिवसीय विश्वकप ग्लोबल छनोटमा वेस्ट इन्डिजले नेपालविरुद्ध ३ सय ३९ रन जोडेको थियो। नेपालले आफ्नो ५० ओभरको फर्म्याटमा कीर्तिमानी लक्ष्य पछ्याउँदा २३.४ ओभरमा १ सय ४ रनमा अलआउट भयो। नेपालका लागि सोमपाल कामीले सर्वाधिक २८ रन बनाए। उनले ४६ बलमा चार चौका प्रहार गरेका थिए। वर्तमान समयकै विश्वका तीव्र गतिका बलर साहिन साह अफ्रिदीको घातक बलिङ सामना गर्न नसक्दा नेपाल इनिङ्सको १.४ ओभरमा १४-३ को दयनीय अवस्थामा थियो। त्यसपछि आरिफ शेख र सोमपालले चौथो विकेटका लागि ५९ रनको साझेदारी गरे। दुवैले ७८ बलको सामना गरेका थिए।

१४.४ ओभरमा हरिस रौफले आरिफलाई क्लिन बोल्ड गरे। उनले ३८ बलमा पाँच चौका प्रहार गरी २६ रन बनाए। सोमपाल र आरिफबाहेक अन्य कुनै पनि नेपाली ब्याट्सम्यानले गतिलो योगदान दिन सकेनन्। यसअघि अफ्रिदीले आफ्नो पहिलो ओभरमै दुई विकेट लिएका थिए। ओपनर कुशलले अफ्रिदीको पहिलो ओभरमा दुई चौका प्रहार गरेका थिए। तर, कुशलले अनावश्यक सट खेल्दा आफ्नो विकेट गुमाए। कप्तान रोहितकुमार पौडेलले सामना गरेको पहिलो बलमै गोल्डेन डट आउट भए। नेपालका गुलसन झा १३ रन, दीपेन्द्रसिंह ऐरी तीन रन, कुशल मल्लले ६ रन बनाए। पूर्वकप्तान सन्दीप लामिछाने र ललित राजवंशी डक आउट भए। अन्तिममा करण केसी सात रनमा नट आउट रहे। पाकिस्तानका लागि सादब खानले ६.४ ओभरमा २७ रन खर्चेर चार विकेट लिए। अफ्रिदीले पाँच ओभरमा २७ रन खर्चेर २ विकेट लिए।

२ सय १४ रनको साझेदारी

पहिलोपटक एकदिवसीय खेलमा नेपालको सामना गरेको पाकिस्तानका अनुभवी चार ब्याट्सम्यान १२४ रनको अवस्थामा पेभेलियन फर्कंदा संकटमा थियो। कप्तान बाबर र इफ्तिखारले पाँचौं विकेटका लागि अविस्मरणीय साझेदारी गरे। दुवैले पाकिस्तानलाई १२४-४ बाट ३३८/५ को बलियो स्थितिमा पुऱ्याए। उनीहरूका कारण नेपालले आफ्नो हातबाट खेल गुमाउन बाध्य भयो।

यसअघि नेपालले पाकिस्तानमाथि पूर्ण रूपले नियन्त्रण राखेको थियो। दुवै ब्याट्सम्यानले २७.५ देखि ४९.४ ओभरसम्म साझेदारीका क्रममा दुवैले एक सय ३१ बलमा प्रतिओभर ९.७७ रन बटुलेका थिए। सोमपालले पाँचौं विकेटका लागि भएको २१४ रनको साझेदारी तोड्न सफल भए। तर, नेपालका लागि निकै ढिलो भइसकेको थियो। सोमपालले सन्दीप जोराबाट बाबरलाई क्याचआउट गराएका हुन्।

बाबरले एक सय ५१ रन बनाउन एक सय ३१ बलमा १४ चौका र ४ छक्का प्रहार गरेका थिए। यो उनको दोस्रो सर्वाधिक एकदिवसीय व्यक्तिगत रन हो। इफ्तिखार ११ चौका र चार छक्काको सहयोगमा एक सय ९ रनमा अविजित रहे। बाबर र मोहमद रिजवानबीच तेस्रो विकेटका लागि ८६ रनको साझेदारी भयो। पहिलोपटक एसिया कपमा सहभागी नेपालले एकदिवसीय क्रिकेटकै नम्बर एक राष्ट्र पाकिस्तानलाई पहिलो पावर प्लेमा रोकेको थियो।

२४० रनमा रोक्ने लक्ष्य थियो

रोहितकुमार पौडेल, कप्तान, नेपाल

विश्वकै नम्बर एक राष्ट्र पाकिस्तानलाई दुई सय ४० रनमा रोक्ने योजना थियो। हामीले सुरुवात निकै राम्रो गर्‍यौं। त्यसलाई निरन्तरता दिन सकेनौं। खेलको मध्यक्रममा बलरले विकेट लिने बल नै फ्याँक्न सकेनन्। यसको श्रेय बाबर र उनको टोलीलाई जान्छ। बाबरले नै पाकिस्तानको इनिङ्स अगाडि बढाए। यस खेलबाट हामीले धेरै पक्ष सिक्ने अवसर पायौं। प्रत्येक खेलमा हामीले केही न केही सिकिरहेका छौं। हामीले अझै डेथ ओभरमा राम्रो गर्नुपर्छ। ब्याटिङमा हामीले राम्रो गर्न सकेनौं। हामीले हरेक बलमा राम्रो गर्न प्रयास गर्नुपर्छ।

साझेदारी नै जितको आधार बन्यो

बाबर अजाम, कप्तान, पाकिस्तान

नेपाली बलरले सुरुवातमा हामीमाथि दबाब राखे। व्यक्तिगत रूपमै केही बलमा मसमेत समस्यामा परेको थिएँ। बिस्तारै रिजवान र इफ्तिखारबीच साझेदारी भयो। साझेदारीका क्रममा विपक्षीको कमजोरीअनुसार योजना बनायौं। रिजवानले मलाई आत्मविश्वास दिलाए। आज हामीले फरक क्रिकेट खेल्यौं। इफ्तिखारले मलाई राम्रो साथ दिए। दुवैले सामान्य खेल खेल्ने योजना बनायौं। जसका कारण हामीले पूरै समय खेल्यौं। यो खेल हामीलाई विश्वकपअघि राम्रो तयारी भएको छ। भारतसँग खेल्न आत्मविश्वास दिएको छ। हामी हरेक खेलमा शतप्रतिशत दिन्छौं। हरेक खेल राम्रो गर्छौं।

ब्याटिङक्रम स्तब्ध भयो

पवन अग्रवाल, पूर्वकप्तान, नेपाल

हामीले पहिलो इनिङ्समा आशा गरेजस्तै पाकिस्तानलाई दबाबमा राख्यौं। सुरुमै विकेट आयो। दुई विकेट लिएका पनि हौं। बाबर आजमजस्तो विश्व नम्बर एकलाई दबाबमा राखेका थियौं। एकदमै राम्रो थियो। उनीहरूले नै राम्रो गरे। बाबरले आफू एकदिवसीय खेलमा नम्बर एक हो भनेर प्रमाणित गरे। उसले अन्तिमसम्म टोलीलाई अगाडि बढाए। दोस्रो इनिङ्स स्तब्धपूर्ण रह्यो। उनीहरूको बलिङ राम्रो छ भन्ने थियो। आसिफ र कप्तान रोहित राम्रो बलमा आउट भए। सोमपाल र आरिफमा अनुभवी देखिएन।

बाबरको कीर्तिमानी शतक



पाकिस्तानका कप्तान बाबर आजमले एकदिवसीय क्रिकेटमा कीर्तिमान राखेका छन्। उनले नेपालविरुद्धको खेलमा शतकीय इनिङ्स खेलेका हुन्। उनले आफ्नो एकदिवसीय करिअरकै १९औँ शतक पूरा गरेका हुन्। एक सय दुई इनिङ्समा १९ शतक प्रहार गर्ने उनी विश्वकै पहिलो ब्याट्सम्यान बनेका छन्। यसअघि दक्षिण अफ्रिकाका हसिम अमलाले एक सय चार इनिङ्समा १९ शतक बनाएका थिए। भारतका पूर्वकप्तान विराट कोहलीले एक सय २४ इनिङ्स एकदिवसीय खेलमा १९ शतक लगाएका थिए।

५० ओभरको फर्म्याटमा कीर्तिमानी शतक पार गर्न बाबरले केवल एक सय नौ बल खेले। यसक्रममा उनले १० चौका प्रहार गरेका थिए। डेथ ओभरमा नेपाली बलरमाथि पूरै हावी भएका बाबरले व्यक्तिगत ५५ रनमा जीवनदान पाएका थिए। करण केसीले आफूले नै गरेको ओभरमा बाबरलाई कट एन्ड बोल्ड गर्न मिस गरे। एक जीवनदान प्राप्त गरेका बाबरले त्यसपछि आक्रामक रूपमा ब्याटिङ गरेका थिए।

रिभ्यु लिने पहिलो नेपाली खेलाडी रोहित



एकदिवसीय क्रिकेटमा नेपालका लागि रिभ्यु लिने कप्तान रोहित पहिलो खेलाडी बनेका छन्। उनले पाकिस्तानमा बुधबारदेखि सुरु भएको १६औँ संस्करणको एसिया कपमा घरेलु टोलीविरुद्ध रिभ्यु लिएका हुन्। ओपनर कुशल आउट भएपछि क्रिजमा आएका उनले पहिलो ओभरमै रिभ्यु मागेका थिए। वर्तमान समयकै तीव्र गतिका बलर साहिनले ०.६ ओभरमा रोहितलाई एलबिडब्लू आउट गरेका थिए। एलबिडब्लू हुनुअघि रोहितले थर्ड अम्पायरसँग रिभ्यु मागेका थिए। तर, उनी सफल भएनन्। नेपालले पाकिस्तानविरुद्ध बलिङ गर्दा कुनै रिभ्यु लिएको थिएन। यसअघि नेपालले खेलेका ५२ एकदिवसीय खेलमा रिभ्यु उपलब्ध थिएन।

गुल्सन सबैभन्दा खर्चिलो बलर



अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले एसिया कपमा प्रभाव पार्न सक्ने खेलाडीको सूचीमा राखेका गुल्सन झा पाकिस्तानविरुद्ध सर्वाधिक खर्चिलो भए। उनले केवल चार ओभरमा ३५ रन खर्चे। उनी विकेटविहीन भए। उनले प्रतिओभर ८.७५ रनमा बलिङ गरे। पाकिस्तानी ब्याट्सम्यानले गुल्सनविरुद्ध समान एक चौका र छक्का प्रहार गरे। नेपालका लागि फास्ट बलर सोमपाल कामीले दुई विकेट लिए। उनले १० ओभरमा दुई विकेट हात पार्न ८५ रन खर्चिए। सोमपालले सदाव खान र कप्तान बाबरको विकेट लिए। सोमपालको बलिङमा पाकिस्तानी खेलाडीले १० चौका र तीन छक्का प्रहार गरे।

नेपालका लागि सन्दीप लामिछाने तेस्रो महँगा बलर भए। उनले १० ओभरमा ६९ रन खर्चेर एक विकेट हात पारे। उनले अघ सलमानको विकेट लिए। सन्दीपविरुद्ध पाकिस्तानी ब्याट्सम्यानले ६ चौका र दुई छक्का प्रहार गरे। ललित राजवंशीले पाकिस्तानी ब्याट्सम्यानविरुद्ध कसिलो बलिङ गरे। उनले १० ओभरमा ४८ रन मात्र दिए। उनले प्रतिओभर ४.१० ओभरमा बलिङ गरेका थिए। पाकिस्तानका ब्याट्सम्यानले ललित र कुशल भुर्तेलविरुद्ध मात्र छक्का प्रहार गर्न सकेनन्।

महिला क्रिकेटरले पुरुषबराबरी म्याच फी पाउने



लन्डन / इंग्ल्यान्ड र वेल्स क्रिकेट बोर्ड (इसिबी)ले पुरुष र महिलालाई अन्तर्राष्ट्रिय खेलमा समान म्याच फी दिने घोषणा गरेका छन्। दुवै क्रिकेट बोर्डले एकदिवसीयमा २५ प्रतिशत र टेस्टमा १५ प्रतिशत म्याच फी बढाएको जनाएका हुन्। इंग्ल्यान्डको क्रिकेट बोर्डअन्तर्गत रहेको आइसिइसीले क्रिकेटमा समानता प्रदान गर्न महिला र पुरुषलाई प्रत्येक अन्तर्राष्ट्रिय खेलमा म्याच फी एउटै हुनुपर्ने प्रस्ताव राखेको थियो। आइसिइसीको प्रस्ताव इसिबीले स्वीकार गर्दै आगामी अन्तर्राष्ट्रिय खेलमा पुरुष र महिला खेलाडीले बराबर म्याच फी पाउने जनाएको छ।

इंग्ल्यान्डको महिला क्रिकेट टोलीकी कप्तान हथेर नाइटले परिवर्तन आवश्यक भएको र बोर्डको पछिल्लो निर्णय स्वागतयोग्य भएको बताएकी छिन्। इसिबीले आफ्ना खेलाडी अन्तर्राष्ट्रिय ड्युटीमा रहँदा प्रतिमहिनाको पारिश्रमिकमा म्याच फी प्रदान गरेको छ। अहिलेको निर्णयबाट खेलाडी सबै बराबर भएको सन्देश दिएको इसिबीले जनाएको छ। 'जातीय विभेदको अन्त्य हामीले गरेका छौं,' आइसिइसीले जनाएको छ। इसिबीले पुरुष क्रिकेट टोलीका सदस्यलाई प्रतिमहिना २०.३ प्रतिशत पारिश्रमिकसमेत थप गरेको छ।

यसविपरीत महिला टोलीका खेलाडीको प्रतिमहिना पारिश्रमिक ३१ प्रतिशतले बढेको छ। 'यसपटक हामीले पुरुष र महिला खेलाडीको प्रतिमहिना पारिश्रमिक पनि बढाएका छौं, महिला क्रिकेटरलाई थप उत्साहित बनाउने क्रममा पुरुषको तुलनामा परिमार्जित गरेका छौं,' इसिबीका प्रमुख कार्यकारी रिचार्ड ग्वाउडले भनेका छन्, 'विश्व क्रिकेटमा यो नौलो प्रयास हुनेछ, इंग्ल्यान्डको क्रिकेट एक कदम अगाडि छ।'

पुरुष र महिला खेलाडीलाई सम्मान गर्ने उद्देश्यले समानता प्रदान गरेको उनले बताए। 'हामीले जे सोचेका थियौं, त्यही लागू गरेका छौं,' उनले भने। परिवर्तित समाजमा पुरुष र महिलालाई एकै नजरले हेर्नुपर्ने उनको भनाइ छ। 'अहिलेको समाजमा कोही तलमाथि छैन, सबै एकै हुन् भन्ने भावनाका साथ अगाडि बढेको छ, इंग्ल्यान्डको क्रिकेटले विश्वमा यही सन्देश दिन खोजेको हो,' उनले भने, 'विश्व क्रिकेटमा पुरुषकै स्तरमा महिलाले पनि प्रतिस्पर्धा गर्न सक्छन्।'

पारिश्रमिक नबढाउँदा चेतावनी

इसिबीको पछिल्लो निर्णयपछि ग्लोबल फ्रेन्चाइज लिगमा समेत प्रभाव पर्न सक्छ। इंग्ल्यान्डका पुरुष खेलाडीले बारम्बार पारिश्रमिकमा पुनर्विचार गर्नुपर्ने दबाब दिँदै आइरहेका छन्। बोर्डले पारिश्रमिक र म्याच फीको बारेमा सम्बोधन नगर्दा केन्द्रीय सम्झौता नवीकरण नगर्ने खेलाडीले चेतावनी दिएका छन्। इसिबीका कार्यकारी प्रमुख ग्वाउडले खेलाडीबीच समस्या नभएको जनाएका छन्। 'खेलाडीसँग केही सम्झौता भएको छैन,' उनले भने, 'बाहिर देखिएको जस्तो हामीबीच खासै विवाद छैन।' यद्यपि, यसअघिका निर्णयमा पुरुष खेलाडीको पारिश्रमिक बढाउने प्रस्ताव थिएन।

> इंग्ल्यान्ड र वेल्स क्रिकेट बोर्डले नयाँ अन्तर्राष्ट्रिय खेलदेखि नै पुरुष र महिला खेलाडीले बराबर पारिश्रमिक र म्याच फी पाउने घोषणा गरेका छन्

तर, महिला खेलाडीको हकमा पारिश्रमिक र म्याच फी बढाउने अगाडि नै निर्णय भएको उनले बताए। 'विशेष गरी महिला खेलाडीको मात्र रकम बढाउने कुरो थियो, हामीले समानता प्रदान गर्न नै एकैपटक दुईवटा निर्णय गरेका हौं,' उनले भने। निकट भविष्यमै इंग्ल्यान्डको महिला टोली अस्ट्रेलियाविरुद्ध एसेजमा सहभागी हुँदै छ। बोर्डको पछिल्लो निर्णय सोही सिरिजबाटै लागू हुनेछ। सन् २०२२ मा इसिबीले खेलाडीका लागि ३.५ मिलियन पाउन्ड छुट्याएको थियो। इसिबी यो बजेट बढाउने तयारीमा छ।

बौद्ध इन्टरनेसनललाई दुवै उपाधि

नयाँ पत्रिका

बौद्ध इन्टरनेसनल स्कुलले बुधबार उपत्यकाव्यापी बास्केटबल प्रतियोगिताको पुरुष र महिलातर्फका दुवै उपाधि जितेको छ। गोकर्णेश्वरको अत्तरखेलमा भएको पुरुष फाइनलमा बौद्धले टेरेसा एकेडेमीलाई ६३-४२ ले पराजित गऱ्यो। बौद्धका आरोहण श्रेष्ठले सर्वाधिक ३१ स्कोरको योगदान दिए। पुरुषतर्फको रोमाञ्चक फाइनलमा बौद्धले टेरेसामाथि दबाव राखेको थियो। बौद्धले सबै जसो क्वार्टरमा अग्रता लिएको थियो।

महिलातर्फको उपाधि भिडन्तमा बौद्धले एनसिसिएसलाई ३८-३० ले पराजित गऱ्यो। महिला उपाधि भिडन्तमा अन्तिम क्वार्टरसम्मै प्रतिस्पर्धात्मक बनेको थियो।

बौद्धलाई रोमाञ्चक जित दिलाउन सजना खत्रीले सर्वाधिक १३ स्कोर गरिन्। प्रतियोगितामा पुरुषतर्फ फुर्वा छेतेन र महिलामा एनसिसिएसकी दिभा महर्जन सर्वाधिक स्कोर गर्ने खेलाडी बनेका छन्। पुरुषतर्फ आरोहण तथा महिलामा बौद्धकी डिकी चेनजोम 'मोस्ट भ्यालुएबल प्लेयर' चुनिए। मनास्लु वर्ल्ड स्कुल प्रतियोगिताको 'फेयर प्ले टिम' घोषित भयो। प्रतियोगिताको छैटौं संस्करणमा पुरुषतर्फ २४ तथा महिलामा १६ टोलीले भाग लिएका थिए।

साफ यू-१६ च्याम्पियनसिपमा भाग लिँदै नेपाल

नयाँ पत्रिका



साफ यू-१६ च्याम्पियनसिपको उपाधि जित्ने लक्ष्यका साथ नेपालका यू-१६ राष्ट्रिय फुटबल टोली बुधबार भुटानको थिम्पु प्रस्थान गरेको छ। भुटानको थिम्पुमा शुक्रबारदेखि सुरु हुने चौथो साफ यू-१६ च्याम्पियनसिपमा नेपालीले चुनौती दिने प्रशिक्षक रवीन्द्र सिलाकारले बताए। नेपाल पूर्वविजेता भारत र बंगलादेश रहेको समूह 'ए'मा छ। यो उमेरसमूहमा नेपालले अहिलेसम्म उपाधि जित्न सकेको छैन।

सन् २०११ देखि सुरु भएको साफ यू-१६ च्याम्पियनसिपमा तीन संस्करण भएको छ। नेपालले आइतबार बंगलादेशविरुद्ध खेल्नेछ। एन्फा कम्प्लेक्समा १४ दिनको प्रशिक्षण गरी भुटान गएका खेलाडीबाट राम्रो आशा लिएको प्रशिक्षक सिलाकारले बताए। 'अधिकांश एन्फा यू-१६ युथ लिग खेलेका खेलाडी रहेकाले भुटानमा राम्रो प्रदर्शन गर्ने अपेक्षा छ,' उनले भने। नेपाली यू-१६ टोलीमा गोलरक्षक विशेष बानियाँ, पेम्बा भोटे र भक्तबहादुर परियार छन्। डिफेन्डरमा एकराज विश्वकर्मा, किशन थापा, अरविन्दकुमार धामी, भुवन कामी, प्रशान्त मोक्तान, निशान्तराज लावत, किशोरकुमार दनुवार र सरन एसके रहेका छन्।

मिडफिल्डरमा सुजल स्याङ्तान, पेम्बा तामाङ, गणेश पुलामीमगर, विनायक थारू, सुवास बम, लक्ष्मण थामी, राम थामी, दिलन लिम्बू र स्ट्राइकरमा सन्तोष गोङ्बा, रोहित श्रेष्ठ, हिमेश माझी र दर्शन अधिकारी छन्। च्याम्पियनसिपमा १ देखि १० सेप्टेम्बरसम्म भुटानको राजधानी थिम्पुमा हुनेछ।

६ टोलीको सहभागिता रहने प्रतियोगितामा समूह 'बी'मा आयोजक भुटान, माल्दिभ्स र पाकिस्तान छन्। भुटानले पछिल्लो समय युथ फुटबलमा राम्रो गरिरहेको छ। त्यसले यो समूहबाट पूर्वच्याम्पियन भुटान र पाकिस्तानले दाबेदारी दिन सक्छन्।

सिटीले नुनेजमाथि खर्चियो ४७.३ मिलियन पाउन्ड

लन्डन / इंग्लिस प्रिमियर लिगको साबिक विजेता म्यानचेस्टर सिटीले उल्भ्सका मिडफिल्डर म्याथ्युज नुनेज भित्र्याउन ४७.३ मिलियन पाउन्ड खर्चेको छ। उल्भ्सका मिडफिल्डर नुनेजले राम्रो प्रस्ताव आउँदा सिटीमा जाने इच्छा देखाएका हुन्। सिटीले मिडफिल्ड बलियो बनाउन उनीमाथि महँगो रकम खर्चिएको बिबिसीले जनाएको छ।

यसअघि उल्भ्सले आफ्ना खेलाडी बेन्च सिटीसँग ६० मिलियन पाउन्ड माग राखेको थियो। गत साता सिटीले नुनेजलाई भित्र्याउने प्रस्ताव पठाउँदा उल्भ्सको मागमाथि पुनर्विचार हुने जनाएको थियो। यद्यपि, दुई क्लबको वार्ताभन्दा नुनेजको चाहनाले बाजी मारेको हो।

पोर्चुगलका अन्तर्राष्ट्रिय खेलाडी पछिल्लो समय लयमा छन्। साउदी अरेबिया प्रो लिगमा केही मुख्य खेलाडी जाँदा सिटीको मिडफिल्ड र फिनिसिङ कमजोर देखिएको छ। सिटीका प्रशिक्षक पेप ग्वार्डिओलाले मिडफिल्ड बलियो बनाउन नै नुनेजलाई अनुबन्ध गर्नुपर्ने दबाब व्यवस्थापनलाई दिएका थिए। उल्भ्सले आफ्ना राम्रा खेलाडीलाई बेच्दा इंग्ल्यान्डको यू-२१ बाट खेल्ने टोमी ड्योललाई भित्र्याउने प्रयास गरेको छ। उनलाई लोनमार्फत ४.३ मिलियन पाउन्ड खर्चेर अनुबन्धको तयारीमा उल्भ्स रहेको छ।


> मिडफिल्डर केभिन डे ब्रयने चोटका कारण चार महिना बाहिर रहने भएपछि म्यानचेस्टर सिटीले उल्भ्सका म्याथ्युज नुनेजलाई शुक्रबारसम्म अनुबन्ध गर्ने

सिटीका मिडफिल्डर तथा मुख्य खेलाडी केभिन डे ब्रुयनेलाई चोटको समस्या छ। इंग्लिस प्रिमियर लिगका तीन खेल सकिँदा केभिन प्रभावशाली देखिएका छैनन्। चोटकै कारण उनी चार महिना मैदानबाहिर बस्नुपर्ने प्रशिक्षक पेपले जानकारी दिएका छन्। प्रशिक्षक पेपले केभिनको स्थानमा आगामी खेलमै नुनेजलाई समावेश गर्ने तयारी गरेका छन्।

चोटग्रस्त केभिन

'हाम्रा मुख्य मिडफिल्डर खेलाडी केभिन चोटका कारण चार महिना बाहिर रहने पक्का भएको छ, उनको स्थानमा विश्वासिलो खेलाडी आवश्यक परेको छ,' उनले भने, 'यति वेला केभिनको स्थान लिन सक्ने खेलाडीका रूपमा नुनेजलाई लिएका छौं, यसै कारण पनि उनलाई भित्र्याउन सोचेभन्दा बढी खर्च भएको हो।' उल्भ्सका प्रशिक्षक ग्यारी ओ नेलले शुक्रबारसम्म दुई क्लबबीच सम्झौता भइसक्ने जनाए।

नुनेजले मंगलबार कारावाओ कप खेलेका थिए। उल्भ्सले ब्ल्याकपुललाई हराउँदा उनको योगदान रह्यो। 'हामीलाई आशा छ, नुनेजसँगको सम्झौता शुक्रबारसम्म हुनेछ,' प्रशिक्षक ग्यारीले भने, 'उनलाई पठाउँदा क्लबले राम्रो सम्झौता रकम पाएको छ।' पाँच वर्षअघि उल्भ्सले कीर्तिमानी रकममा नुनेजलाई स्पोर्टिङ लिस्बनबाट भित्र्याएको थियो।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com